# गतिशील लोकतान्त्रिक पार्टीको विधान, २०८२

प्रस्तावना:

हामी सार्वभौम राष्ट्र नेपालका सार्वभौम नेपाली नागरिकले वैधानिकरुपमा बनाइएको र संचालन गरिएको संवैधानिक लोकतान्त्रिक व्यवस्थामा विश्वास गर्दै;

विक्रम सम्वत् १९९७ देखि नागरिकलाई अधिकारसम्पन्न, देशलाई सम्वृद्ध र लोकतान्त्रिक बनाउन गरिएका सबै आन्दोलन/विद्रोहका योगदानलाई कदर गर्दै र तिनका सहिदहरूको वलिदान प्रति नतमस्तक हुँदै;

नेपाललाई सम्वृद्ध, समतामूलक र स्वाभिमानी राष्ट्र बनाउने मुख्य उद्देश्य प्राप्तिका लागि सुशासन, उद्यमशीलता र दिगो रोजगारीको अनवरत सिर्जनालाई मुख्य रणनीतिको रूपमा अङ्गीकार गर्दै;

देशले सोचेको प्रगति हासिल गर्न सामाजिक रूपान्तरणबिना सकिदैन र त्यसका लागि प्रतिबद्ध, विवेकशील र चेतनशील नागरिकहरूको आवश्यकता पर्छ भन्ने सोचलाई हृदयङ्गम गर्दै;

आफ्नै देश र विश्वभरिको अनुभव र  हाम्रो आफ्नै आवश्यकताको आधारमा,  नेपाली समाजले उदारवादी र प्रगतिशील आदर्श-प्रेरित विचारको सिर्जनशील र व्यवहारिक उपयोग गर्नुपर्छ भन्ने सोचलाई मान्दै;

प्राज्ञिक भाषामा आफूलाई प्रगतिशील उदारवादी भनिने कुरालाई मनन गर्दै नेपालको सन्दर्भमा त्यसलाई गतिशील मध्यमार्गको रूपमा व्याख्या गर्दै;

आदर्श र व्यावहारिकताबिच सम्वाद र समन्वयलाई हाम्रो राजनीतिक संस्कृति बनाउँदै;

समाज सधैँ परिवर्तनशील हुन्छ र हाम्रा नीति, कानून, संस्था र नेतृत्व पनि ती परिवर्तनलाई बुझ्ने, प्रतिनिधित्व गर्ने र सम्बोधन गर्न सक्ने हुनुपर्छ भन्ने मान्दै;

लोकतन्त्र र लोकतान्त्रिक व्यवस्थाको एउटा महत्वपूर्ण संस्था, राजनीतिक पार्टी, गतिशील हुनुपर्छ भन्ने मान्दै;

गतिशील लोकतान्त्रिक पार्टीको संचालन व्यवस्थापनलाई लोकतान्त्रिक, समावेशी, स्वच्छ, विश्वसनीय, पारदर्शी र व्यवस्थित बनाउन;

गतिशील लोकतान्त्रिक पार्टीको मिति २०८२ असोज २७ गते काठमाडौँमा सम्पन्न भएको भेलाले राजनीतिक पार्टीलाई वैधानिक रूपमा दर्ता गरी अगाडि बढ्ने निर्णय गरे बमोजिम नेपालको संविधानको धारा २६९ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ८ बमोजिम यो विधान स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. <u>विधानको नाम र प्रारम्भ</u>: (१) यस विधानको नाम "गतिशील लोकतान्त्रिक पार्टीको विधान, २०८२" रहनेछ ।

(२) यो विधान आयोगबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा

(क) "अधिवेशन" भन्नाले दफा ५८ (१) को खण्ड (ख), (ग), (घ), (ङ) बमोजिम प्रदेश, जिल्ला, स्थानीय, वडा तह/स्तरमा आयोजना हुने पार्टीको सम्बन्धित तहको निर्वाचन लगायत विधान बमोजिमको अधिकार प्रयोग गर्न सक्षम भेलालाई सम्झनुपर्छ ।

(ख) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिम गठन भएको निर्वाचन आयोगलाई सम्झनुपर्छ ।

(ग) "आयोगको सम्बन्धित कार्यालय" भन्नाले वडा, गाउँ/नगर र जिल्ला समितिको हकमा सम्बन्धित जिल्ला निर्वाचन कार्यालय, प्रदेश समितिको हकमा सम्बन्धित प्रदेश निर्वाचन कार्यालय र संघीय समितिको हकमा निर्वाचन आयोग केन्द्रीय कार्यालयलाई सम्झनुपर्छ ।

(घ) "ऐन" भन्नाले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई सम्झनुपर्छ ।

(ङ) "समिति" भन्नाले पार्टीको संघीय, प्रदेश, जिल्ला, स्थानीय तह, वडा कार्य समिति सम्झनुपर्छ र सो शब्दले पार्टीका विभिन्न समितिहरूलाई समेत जनाउँछ ।

(च) "कार्यकारी अधिकार" भन्नाले पार्टीको तर्फबाट निर्णय गर्न विधान बमोजिम प्राप्त अधिकार सम्झनुपर्छ ।

(छ) "संघीय समिति (केन्द्रीय समिति)" भन्नाले दफा २६ बमोजिम संघीय तहमा गठन र परिचालन हुने पार्टीको कार्यकारी समिति सम्झनुपर्छ ।

(ज) "संघीय निकाय" भन्नाले संघीय तहमा गठन र परिचालन हुने कार्यकारी समिति लगायत अन्य समिति सम्झनुपर्छ ।

(झ) "कोष" भन्नाले दफा १०७ बमोजिमको पार्टीको कोषलाई सम्झनुपर्छ ।

(ञ) "तोकिए बमोजिम" भन्नाले यस विधानको अधीनमा रही पार्टीले बनाएको नियमावलीमा तोकिए बमोजिमको कुरा सम्झनुपर्छ ।

(ट) "दल/पार्टी" भन्नाले "गतिशील लोकतान्त्रिक पार्टी" नामक पार्टीलाई सम्झनुपर्छ ।

(ठ) "नगरपालिका" भन्नाले नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका समेतलाई सम्झनुपर्छ ।

(ड) "पार्टीको निर्वाचन आयोग" भन्नाले दफा ३५ बमोजिम गठन हुने निर्वाचन आयोगलाई सम्झनुपर्छ ।

(ढ) "पदाधिकारी" भन्नाले यस विधान बमोजिम निर्वाचित वा गठन हुने समितिका अध्यक्ष, संयोजक लगायतका समितिका पदाधिकारीलाई सम्झनुपर्छ । सो शब्दले कुनै पनि कार्य समितिमा सदस्य पदमा निर्वाचित वा मनोनित व्यक्तिलाई जनाउँदैन । सो शब्दले कुनै निश्चित कार्यका लागि कुनै निकायमा पार्टीको तर्फबाट प्रतिनिधित्व गर्न तोकिएको प्रतिनिधिलाई समेत जनाउँछ ।

(ण) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिकालाई सम्झनुपर्छ ।

(त) "प्रदेश समिति" भन्नाले दफा २७ बमोजिम प्रदेश तहमा गठन र परिचालन हुने पार्टीको कार्यकारी समिति सम्झनुपर्छ ।

(थ) "प्रमुख पदाधिकारी" भन्नाले अध्यक्षलाई सम्झनुपर्छ र यो शब्दले विभाग वा अन्य समितिका संयोजकलाई समेत जनाउनेछ ।

(द) “प्रदेश निकाय” भन्नाले प्रदेश तहमा गठन र परिचालन हुने कार्यकारी समिति लगायत अन्य समिति सम्झनुपर्छ ।

(ध) “महाधिवेशन” भन्नाले दफा ५८ (१) को खण्ड (क) बमोजिम संघीय तहमा आयोजना हुने संघीय तहको समितिको निर्वाचन, लगायत विधान बमोजिमको अधिकार प्रयोग गर्न सक्षम भेलालाई सम्झनुपर्छ ।

(न) “माथिल्लो समिति” भन्नाले वडा स्तरको समितिको हकमा स्थानीय तह समिति, स्थानीय तह समितिको हकमा जिल्ला समिति, जिल्ला समितिको हकमा प्रदेश समिति, प्रदेश समितिको हकमा संघीय समितिलाई सम्झनुपर्छ ।

(प) “विधान” भन्नाले “गतिशील लोकतान्त्रिक पार्टी” को विधान, २०८२ लाई सम्झनुपर्छ ।

(फ) “सदस्य” भन्नाले दफा १४ बमोजिमको पार्टीको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनुपर्छ ।

(ब) “परिषद्” भन्नाले विधान बमोजिमको अधिकार प्रयोग गर्न सक्षम दफा ५९ (२) बमोजिम गठन भएको परिषद्लाई सम्झनुपर्छ ।

(भ) “समावेशी समूह” भन्नाले महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति, युवा लगायत पार्टीको नियमावलीमा तोकिएका वर्ग, क्षेत्र र समुदायलाई सम्झनुपर्छ ।

(म) “संसदीय दल” भन्नाले संघीय संसद वा प्रदेश सभामा पार्टीको तर्फबाट प्रतिनिधित्व गर्ने सदस्यहरू सम्मिलित भई संघीय वा प्रदेश तहको संसदमा गठन हुने दलको संयन्त्रलाई सम्झनुपर्छ ।

(य) “संयन्त्र” भन्नाले दल सञ्चालनका लागि संघदेखि स्थानीय तहसम्म गठन र परिचालन हुने दलका विभिन्न निकायलाई सम्झनुपर्छ ।

(र) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

(ल) “स्थानीय अधिकारी” भन्नाले प्रमुख जिल्ला अधिकारीलाई सम्झनुपर्छ ।

(व) “क्षेत्र/भूगोल” भन्नाले पार्टीको महाधिवेशन वा अधिवेशनमा प्रतिनिधि निर्वाचन गर्नका लागि तय गरिएको क्षेत्र सम्झनुपर्छ । र यो शब्दले पार्टीको विभिन्न तह/स्तरका कार्यकारी समितिमा निर्वाचन गर्नका लागि तोकिएका क्षेत्रलाई समेत जनाउनेछ ।

(श) “स्तर” भन्नाले पार्टीका संरचनाहरू रहेका तह बाहेकका ठाउँहरू हुन् ।

(स) “तह” भन्नाले संविधानमा उल्लिखित संघीय, प्रदेश तथा स्थानीय तह भन्ने बुझ्नुपर्छ ।

(ष) “महासमिति” भन्नाले विधान बमोजिमको अधिकार प्रयोग गर्न सक्षम दफा ५९ (१) बमोजिम गठन भएको भेलालाई सम्झनुपर्छ ।

## परिच्छेद – २

## पार्टीको नाम र कार्यालय सम्बन्धी व्यवस्था

३. <u>पार्टीको नाम र कार्यालय</u>: (१) गतिशील लोकतान्त्रिक पार्टी नामको दल गठन हुनेछ । पार्टीको संक्षिप्त नाम गतिशील पार्टी हुनेछ । पार्टीको अंग्रेजी नाम Gatisheel Loktantrik Party हुनेछ ।

(२) पार्टीको संघीय कार्यालय काठमाडौँ उपत्यकामा रहनेछ । कार्यालयको ठेगाना तोकिए बमोजिम हुनेछ ।

(३) पार्टीले यस विधान बमोजिमका आफ्ना कार्यक्रम संचालन र व्यवस्थापनका लागि प्रत्येक प्रदेश र स्थानीय तहमा प्रदेश तथा स्थानीय कार्यालय स्थापना र सञ्जालन गर्नेछ ।

(४) पार्टीले प्रदेश तथा स्थानीय तहमा स्थापना गर्ने कार्यालयको ठेगाना र विवरण कार्यालय स्थापना भएको मितिले पन्ध्र दिनभित्र आयोगको सम्बन्धित कार्यालयलाई उपलब्ध गराउनेछ ।

४. पार्टी स्वशासित र संगठित संस्था हुने: (१) यो पार्टी अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्था हुनेछ ।

(२) पार्टीले ऐनको अधीनमा रही व्यक्ति सरह चल वा अचल सम्पत्ति प्राप्त गर्न, भोगचलन गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्थापन गर्न सक्नेछ ।

(३) पार्टीले आफ्नो नामबाट नालिश उजुर गर्न र पार्टी उपर सोही नामबाट नालिश उजुर लाग्न सक्नेछ ।

(४) पार्टीले ऐनको अधीनमा रही व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न वा दायित्व निर्वाह गर्न सक्नेछ ।

(५) ऐन बमोजिम पार्टी खारेज भएमा पार्टीको सम्पत्ति यस विधानमा अन्यथा उल्लेख भएकोमा बाहेक नेपाल सरकारको हुनेछ ।

## परिच्छेद – ३

## पार्टीको छाप, चिह्न र झण्डा

५. पार्टीको छाप: पार्टीको आफ्नो काम कारबाहीको निमित्त एउटा छुट्टै छाप हुनेछ । उक्त छापको व्याख्या देहाय बमोजिम हुनेछ । छापको आकृति तथा पूर्ण व्याख्या अनुसूची – १ मा भए बमोजिम हुनेछ ।

सानो गोलाकारको बाहिर ठूलो गोलाकार रहेको दुई गोलाकारहरूको बिचमा देब्रेबाट दाहिनेतिर जाने व्यासको देब्रे विन्दु र दाहिने विन्दुमा एक एक पाँचकुने तारा रहनेछन् । सानो गोलाकारभित्र दफा ६ बमोजिमको पार्टीको चिह्न रहनेछ । देब्रे ताराबाट दुई गोलाकारबिचको भागको माथितिर हुँदै दाहिने तारातिर जाने दिशामा दुई ताराबिचको भागमा “गतिशील लोकतान्त्रिक पार्टी” लेखिनेछ । देब्रे ताराबाट दुई गोलाकारबिचको भागको तलतिर हुँदै दाहिने तारातिर जाने दिशामा “संघीय कार्यालय काठमाडौँ २०८२” लेखिनेछ ।

६. पार्टीको चिह्न: पार्टीको चिह्न देहाय बमोजिम हुनेछ । चिह्नको आकृति तथा पूर्ण व्याख्या अनुसूची – २ मा व्यवस्था भए बमोजिम हुनेछ ।

पार्टीको चिह्न दीपज्योति रहनेछ । तीनओटा ठाडा र फरक फरक ज्योतिहरू रहेको एक ज्योतिपुञ्ज नै यस पार्टीको निर्वाचन चिह्न दीपज्योति हो । पहिलो ज्योति एक विन्दुबाट माथितिर घुमाउरो गरी लाग्दा उक्त विन्दुको दुवैतिरबाट देब्रे हुँदै फुल्दै जानेछ अधिकतम् मात्रामा फैलिएपछि थोरै दाहिनेतिर घुमाउरो गरी मोडिएर माथि एक विन्दुमा पुगेर टुंगिनेछ ।

तीन ज्योतिमध्ये पहिलो ज्योति नीलो, दोस्रो पहेँलो र तेस्रो हरियो हुनेछ । तीन ज्योतिमध्ये पहिलो ज्योतिको तलको विन्दु अरुको भन्दा माथि हुनेछ र त्यसको माथिल्लो विन्दु तेस्रो ज्योतिको माथिल्लो विन्दु सरहको उचाइमा हुनेछ । दोस्रो ज्योतिको तलको विन्दु पहिलोको भन्दा तल हुनेछ भने तेस्रोको दोस्रोको भन्दा पनि तल हुनेछ । दोस्रो ज्योतिको माथिको विन्दु पहिलो र तेस्रोभन्दा समान उचाइमा केही माथि हुनेछ । तीनै ज्योतिका तलका विन्दुहरू गोलाकार घडीको घण्टा सुईको क्रमशः आठ, सात र छ संकेत गरिने विन्दुहरू भएको स्थानमा हुनेछन् ।

तीनै ज्योतिको चौडाइ समान रहनेछ । कुनै एक ज्योतिको अर्को निकटतम ज्योतिबिचको फरक कुनै एक ज्योतिको अधिकतम् चौडाइको एक चौथाइ रहनेछ ।

७. <u>झण्डा</u>: पार्टीको झण्डा देहाय बमोजिम हुनेछ । झण्डाको आकृति तथा पूर्ण व्याख्या अनुसूची – ३ मा व्यवस्था भए बमोजिम हुनेछ ।

दफा ६ मा उल्लेख गरिएको पार्टीको चिह्न दीपज्योतिलाई सेतो पृष्ठभूमि रहेको वर्गाकार क्यानभासको बिचमा राखिनेछ । पहिलो ज्योतिको सबभन्दा देब्रे विन्दुबाट वर्गाकार पृष्ठभूमिको देब्रे रेखासँग समानान्तर हुने गरी खिचिने रेखा र तेस्रो ज्योतिको सबभन्दा दाहिने विन्दुबाट वर्गाकार पृष्ठभूमिको दाहिने रेखासँग समानान्तर हुने गरी खिचिने रेखासँग पृष्ठभूमिका क्रमशः देब्रे र दाहिने रेखाबिचको दूरी बराबर रहनेछ ।

दोस्रो ज्योतिको सबभन्दा माथिल्लो विन्दुबाट वर्गाकार पृष्ठभूमिको माथिल्लो रेखासँग समानान्तर हुने गरी खिचिने रेखा र तेस्रो ज्योतिको सबभन्दा तल्लो विन्दुबाट वर्गाकार पृष्ठभूमिको तल्लो रेखासँग समानान्तर हुने गरी खिचिने रेखासँग पृष्ठभूमिका क्रमशः माथिल्लो र तल्लो रेखाबिचको दूरी बराबर रहनेछ ।

८. <u>पार्टीको घोषणापत्र</u>: (१) पार्टीको आफ्नो घोषणापत्र हुनेछ। यस्तो घोषणापत्रको एक प्रति पार्टी दर्ताका लागि आयोगमा निवेदन पेश गर्दा संलग्न राखी पेश गरिनेछ ।

(२) पार्टीले आफ्नो घोषणापत्रमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ । पार्टीको घोषणापत्र संशोधन भएमा संशोधन भएको मितिले तीस दिनभित्र आयोगमा संशोधित घोषणापत्रको प्रति पेश गर्नेछ ।

## परिच्छेद – ४

## पार्टीको सिद्धान्त, उद्देश्य र कार्यक्रम

९. <u>पार्टीको आधारभूत सिद्धान्त र प्रतिबद्धता</u>: पार्टीको आधारभूत सिद्धान्त र प्रतिबद्धता देहाय बमोजिम हुनेछ ।

क) यस पार्टीको मार्गदर्शक सिद्धान्त गतिशील मध्यमार्ग रहनेछ ।

ख) यस पार्टीको राजनैतिक संस्कृति आदर्शवाद, व्यावहारिकता र सम्वादमा आधारित हुनेछ ।

ग) यस पार्टीको आर्थिक नीतिलाई मार्गदर्शन गर्ने सिद्धान्तहरू उत्पादन, उद्यमशीलता, प्रगतिशीलता, वातावरणीय सन्तुलन र समावेशिता हुनेछ ।

१०. <u>उद्देश्य</u>: पार्टीको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) संविधान र ऐनको अधीनमा रही समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूलाई संगठित गरी राजनीतिक क्रियाकलापहरू सञ्चालन गर्नु,

(ख) संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीको माध्यमबाट प्रत्येक नागरिकका राजनीतिक, आर्थिक, सामाजिक, भाषिक तथा सांस्कृतिक एवं धार्मिक अधिकार र वैयक्तिक स्वतन्त्रताको प्रत्याभूतिका लागि संघीय, प्रदेश र स्थानीय तहमा शान्तिपूर्ण राजनीतिक गतिविधि सञ्चालन गर्ने,

(ग) समुन्नत राष्ट्र र नागरिक निर्माण, अखण्ड, सम्पन्न र स्वाभिमानी राष्ट्र निर्माणका लागि राजनीतिक, सामाजिक तथा आर्थिक विकासको लक्ष्य पूरा गर्ने राजनीतिक गतिविधि सञ्चालन गर्ने,

(घ) सम्पूर्ण नागरिकहरूलाई सम्वृद्ध, समतामूलक तथा स्वाभिमानी बनाउन आम नागरिकहरूमा आफ्ना विचार प्रवाह गर्ने ।

११. <u>उद्देश्य प्राप्तिका लागि गरिने कार्य</u>: (१) आयोगबाट विधान स्वीकृत भई पार्टी दर्ता भएपछि मात्र पार्टीले दफा १० मा उल्लेख भएका उद्देश्य प्राप्तिका लागि कार्य सञ्चालन गर्नेछ ।

(२) दफा १० बमोजिमका उद्देश्य प्राप्त गर्न पार्टीले देहाय बमोजिमका काम गर्नेछ :

(क) पार्टीलाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने र कम्प्युटर, टेलिफोन जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने,

(ख) पार्टीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरू निर्धारण गर्ने,

(ग) बैंकमा खाता खोली पार्टीलाई प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्ने,

(घ) पार्टीको कार्य सञ्चालनका लागि आवश्यकता अनुसार अचल सम्पत्ति खरिद गर्ने एवम् विधान र पार्टीको नियमावली बमोजिम उक्त सम्पत्ति बेचबिखन गर्ने,

(ङ) आफ्ना नीति, कार्यक्रम, योजना वा रणनीति सार्वजनिक गर्ने वा सो विषयमा प्रचार प्रसार गर्ने,

(च) संविधान र विद्यमान ऐन बमोजिम आफूसँग सम्बद्ध संस्थाको गठन गर्ने वा गराउने,

(छ) आफ्ना नीति, कार्यक्रम वा योजना कार्यान्वयन गर्न वा गराउन आवश्यकता अनुसार शान्तिपूर्ण जुलुस, आमसभा वा र्‍याली आयोजना गर्ने,

(ज) पार्टीको उद्देश्य तथा कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचार प्रसार गर्ने गराउने,

(झ) प्रतिस्पर्धात्मक बहुदलीय, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको सुदृद्धीकरण सम्बन्धी कार्य गर्ने,

(ञ) मुलुकको आर्थिक, सामाजिक वा सांस्कृतिक विकासको नीति, योजना र कार्यक्रम जनसमक्ष ल्याउने,

(ट) राष्ट्रिय अर्थतन्त्रलाई उन्नतिशील बनाउँदै स्वतन्त्र र सम्वृद्ध अर्थतन्त्रको विकास गर्न योगदान पुर्‍याउने,

(ठ) राजनीतिक वा नागरिक विकासको उत्प्रेरक प्रतिनिधिको रुपमा जनताको राजनीतिक सचेतना अभिवृद्धि गर्ने,

(ड) नागरिकका हक, हित र सरोकार पहिचान गर्ने र त्यस्ता हकको प्रचलन, हित तथा सरोकारको सम्बोधन गर्न आवश्यक प्रयास गर्ने,

(ढ) सबै किसिमका सामाजिक भेदभाव, हिंसा, छुवाछुत वा विभेदको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्न योगदान पुर्याउने,

(ण) सुशासन पाउने नागरिकको हकलाई व्यवहारमा कार्यान्वयनमा ल्याउन सरकारी वा गैर सरकारी क्षेत्रमा आवश्यक पहल गर्ने र त्यस प्रयोजनका लागि सरकारी संयन्त्रलाई सहयोग गर्ने,

(त) लोकतन्त्रको प्रवर्द्धन, विकास वा सुदृढीकरणका लागि अन्य आवश्यक काम गर्ने वा गराउने ।

(थ) स्वयंसेवी भावनाको विकास, सार्वभौमिकताको प्रवर्द्धन, मानव अधिकार, सामाजिक न्याय, शान्ति र अहिंसालाई उत्प्रेरित हुने खालका कार्यक्रम सञ्चालन गर्दै सामाजिक सद्भाव र एकता अभिवृद्धि गर्ने,

(द) पार्टीको उद्देश्य पूरा गर्न नीति तथा कार्यक्रमको तर्जुमा गरी त्यसलाई कार्यान्वयन गर्न व्यावहारिक रूपमा गर्नुपर्ने कामका लागि तयारी गर्ने,

(ध) पार्टीको उद्देश्य पूरा गर्न आवश्यक अन्य काम गर्ने

(न) संविधान र कानुन बमोजिम संघीय, प्रदेश तथा स्थानीय तह र जिल्ला स्तरका प्रतिनिधिमूलक संस्थाहरूको निर्वाचनमा आवश्यकता अनुसार सहभागी हुने ।

१२. <u>नीति तथा कार्यक्रम निर्माण</u>: (१) पार्टीको महाधिवेशनबाट चार वर्षका लागि पार्टीको नीति तथा कार्यक्रम र बजेट स्वीकृत गरिनेछ ।

(२) उप दफा (१) बमोजिमको नीति तथा कार्यक्रम र बजेटमा सम्भव भएसम्म संघीय, प्रादेशिक तथा स्थानीय तहका लागि अलग अलग नीति तथा कार्यक्रम तयार गर्न सकिनेछ ।

(३) सम्बन्धित तह/स्तरका कार्य समितिहरूका लागि सम्बन्धित तह/स्तरको अधिवेशनले अर्को अधिवेशन नभएसम्मका लागि नीति तथा कार्यक्रम र बजेट स्वीकृत गर्नेछ ।

(४) सम्बन्धित तहको समितिले उक्त तहको अधिवेशनमा पेश गर्न तयार गर्ने नीति तथा कार्यक्रम र बजेट दफा १३ बमोजिम तयार गरिनेछ ।

१३. <u>नीति तथा कार्यक्रम निर्माणमा सहभागिता</u>: पार्टीको नीति तथा कार्यक्रम तर्जुमा गर्दा तल्ला तह/स्तर तथा आम सदस्यहरूलाई पनि सहभागी गराइनेछ । संघीयभन्दा तल्ला तह तथा आम सदस्यहरूको सहभागिता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ५

## पार्टीको सदस्यता, नवीकरण शुल्क र अभिलेख सम्बन्धी व्यवस्था

१४. <u>सदस्यताको प्रकार</u>: पार्टीमा देहाय बमोजिमका सदस्यहरू रहनेछन् :

(क) साधारण सदस्य :

(ख) सक्रिय सदस्य

१५. <u>सदस्यता प्राप्तिका लागि आवश्यक योग्यता</u>: १) पार्टीको साधारण सदस्यता प्राप्त गर्नका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :

(क) अठार वर्ष उमेर पूरा भएको नेपाली नागरिक,

(ख) अन्य पार्टीको सदस्य नभएको,

(ग) कुनै सार्वजनिक पद धारण गरेको कारणबाट संविधान तथा कानून बमोजिम राजनीतिक पार्टीको सदस्य हुन अयोग्य नरहेको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा कैदको सजाय नपाएको,

(ङ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारीको पदमा बहाल नरहेको,

१६. <u>सदस्य हुन नसक्ने</u>: देहायको अवस्था भएको कुनै पनि व्यक्ति पार्टीको सदस्य हुन योग्य हुने छैन :

(क) गैह्र नेपाली नागरिक,

(ख) अठार वर्ष उमेर पूरा नभएको,

(ग) दामासाहीमा परेको,

(घ) मानसिक सन्तुलन ठिक नभएको वा होस ठेगानमा नरहेको,

(ङ) कुनै प्रकारको चोरी, ठगी किर्ते वा जालसाझी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको एक वर्ष भुक्तान नभएको,

(च) प्रचलित कानुन बमोजिम राजनीतिक पार्टीको सदस्यता प्राप्त गर्न अयोग्य भएको ।

१७. <u>पार्टीको सदस्यता प्रदान गर्ने कार्यविधि</u>: (१) दफा १५ बमोजिमको योग्यता पुगेको नेपाली नागरिकले पार्टीको सदस्यता लिने कार्यविधि देहाय बमोजिम हुनेछ ।

(क) साधारण सदस्य : सदस्यता प्राप्त गर्न योग्य नेपाली नागरिकले पार्टीको सदस्यता प्राप्त गर्न तोकिएको आवेदन फारममा दरखास्त र उल्लिखित शुल्क बुझाएको एक

महिनाभित्र वडा कार्य समितिले छानबिन गरी सदस्यता प्रदान गर्न सक्नेछ । सदस्यता प्राप्त गर्न नसकेको नेपाली नागरिकले तोकिए बमोजिम पुनरावेदन दिन सक्नेछ ।

(ख) सक्रिय सदस्य

साधारण सदस्यता प्राप्त भएको एक वर्षपछि निज सदस्यलाई सक्रिय सदस्य भई पार्टीमा सक्रिय हुने इच्छा भएमा निजले तोकिएको आवेदन फारममा आफ्नो विवरण भरी, सक्रिय सदस्य प्राप्त गर्नको लागि स्थानीय तह कार्यसमितिमा निवेदन बुझाउनु पर्नेछ। प्राप्त आवेदन फारम उपर छलफल गरी स्थानीय तह कार्य समितिले उक्त सदस्य सक्रिय सदस्य योग्य भए दुई महिनाभित्र जिल्ला कार्यसमितिमा सिफारिस गर्नेछ।

स्थानीय तह कार्य समितिबाट प्राप्त भएको सिफारिस उपर छलफल गरी उक्त सदस्य सक्रिय सदस्य हुन योग्य भए जिल्ला कार्यसमितिले सिफारिस पाएको दुई महिनाभित्रमा सक्रिय सदस्यता प्रदान गर्नेछ ।

(२) सदस्यता प्रदान गर्ने सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. <u>सदस्यता शुल्क</u>: पार्टीको सदस्यता शुल्क तोके बमोजिम हुनेछ ।

१९. <u>सदस्यता समाप्ति</u>: (१) देहायको अवस्थामा कुनै व्यक्तिको पार्टीको सदस्यता कायम रहने छैन :

(क) दफा १५ बमोजिम सदस्यता प्राप्त गर्न नसक्ने भएमा,

(ख) यस विधान बमोजिमको प्रक्रिया पूरा गरी पार्टीले सदस्यताबाट हटाएमा,

(ग) आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(घ) मृत्यु भएमा,

(ङ) ऐन बमोजिम पार्टीले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरे गराएको प्रमाणित भएमा,

(च) सम्बन्धित सदस्यले पार्टी त्याग गरेको लिखित सूचना दिएमा,

(छ) ऐन बमोजिम पार्टी त्याग गरेको मानिने कार्य गरे वा गराएमा,

(ज) अर्को पार्टीको सदस्यता प्राप्त गरेमा,

(२) उप दफा (१) को खण्ड (ख), (ङ), छ र (ज) बमोजिम सदस्यता कायम नरहने निर्णय गर्नु अधि सम्बन्धित सदस्यलाई निजको सफाइ पेश गर्ने मौका दिनुपर्नेछ ।

(३) उप दफा (२) बमोजिम मौका दिएकोमा निजले सफाइ पेश गरेपछि वा सफाइ पेश गर्ने अवधि समाप्त भएपछि मात्र सदस्यता कायम रहने वा नरहने सम्बन्धमा अन्तिम निर्णय गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पार्टीले गरेको निर्णय उपर चित्त नबुझ्ने सदस्यले पार्टीबाट भएको निर्णय उपर यस विधान बमोजिमको न्याय तथा अनुशासन आयोगमा पुनरावेदन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम भएको निर्णय उप दफा (४) बमोजिम पुनरावेदन परेकोमा पुनरावेदनको सुनुवाइबाट भएको निर्णय बमोजिम र पुनरावेदन नपरेकोमा पुनरावेदन गर्ने म्याद समाप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

२०. <u>सदस्यता पुन: प्राप्ति</u>: (१) अनुशासनको कारवाहीमा परी पार्टीको सदस्यता समाप्त भएको व्यक्तिले तोकिएको प्रक्रिया पूरा गरी सदस्यता पुन: प्राप्त गर्न सक्नेछन् ।

२१. <u>सदस्यता नवीकरण</u>: साधारण तथा सक्रिय सदस्यता नवीकरण सम्बन्धी व्यवस्था पार्टीले तोके बमोजिम हुनेछ । तर सक्रिय सदस्यको हकमा सक्रिय सदस्यता प्राप्त गरेको सोह्र वर्ष भएपछि कुनै पनि सदस्यको सक्रिय सदस्यता नवीकरण गरिने छैन ।

२२. <u>सदस्यता दर्ता किताब</u>: (१) यस परिच्छेद बमोजिम पार्टीले प्रदान गरेको प्रत्येक सदस्यको सदस्यताको प्रकार खुल्ने गरी अनुसूची – ४ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तह, जिल्ला, प्रदेश र संघमा सदस्यता दर्ता किताब राखिनेछ ।

(२) सदस्यता प्रदान गरेको मितिले सम्बन्धित स्थानीय तहको समितिले पन्ध्र दिनभित्र जिल्ला र प्रदेश समितिले एक महिनाभित्र र संघीय समितिले तीन महिनाभित्र उपदफा (१) बमोजिमको दर्ता किताबमा सदस्यको अभिलेख कायम गर्नेछन् ।

(३) उप दफा (२) बमोजिम कायम भएको दर्ता किताब बमोजिमको अभिलेख विवरण संघीय समिति मार्फत प्रत्येक वर्षको चैत्र मसान्तभित्र आयोगमा पेश गरिनेछ ।

२३. <u>सदस्यता सम्बन्धी अन्य व्यवस्था</u>: (१) पार्टीको सदस्यले सदस्यता प्राप्त गरेपछि अनुसूची – ५ बमोजिमको शपथ ग्रहण गर्नुपर्नेछ ।

२) पार्टीको हितको लागि कुनै पनि नेपाली नागरिकलाई संघीय कार्य समितिले सक्रिय सदस्यता प्रदान गर्न सक्नेछ र पार्टीको कुनै पदमा विधान बमोजिम मनोनयन गर्न सक्नेछ ।

(३) पार्टीको सदस्यको परीक्षणकाल सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:

(क) पार्टी सदस्यता प्राप्त गरेको मितिले ६ महिनासम्म परीक्षणकाल रहेको मानिनेछ र कुनै विरोध नआए उक्त व्यक्ति स्वत: पार्टी सदस्य हुनेछ । परीक्षणकालको अवधि पार गरी पार्टी सदस्य भएको सदस्यको सदस्यताको अवधि गणना गर्दा प्रारम्भमा सदस्यता प्राप्त गरेको मितिबाट नै गरिनेछ ।

२४. <u>सदस्यको काम, कर्तव्य र अधिकार</u>: पार्टीको सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पार्टीको सदस्यले पार्टीको उद्देश्य बमोजिम नीति निर्माणमा सहभागी बन्ने तथा कार्यक्रम, प्रशिक्षण, अभियान, आन्दोलनमा सक्रिय भाग लिनुपर्नेछ ।

(ख) पार्टीको एकता, हित र प्रतिष्ठाको ख्याल गरी, पार्टीको अनुशासन पालना गर्ने ।

(ग) आन्तरिक निर्वाचनमा मतदान गर्ने, उम्मेदवार बन्ने लगायतका प्रक्रियाबाट पार्टीको आन्तरिक लोकतान्त्रिक विधिमा सहभागी बन्ने र आम निर्वाचनमा पार्टीका तर्फबाट

उम्मेदवार बन्ने, उम्मेदवार बनेकालाई मतदान गर्ने लगायतका सहयोग गरी देशको लोकतान्त्रिक प्रक्रियामा भाग लिने ।

(घ) पार्टीका विभिन्न विभाग लगायतका समिति तथा आयोगहरूमा सहभागी हुने ।

## परिच्छेद – ६

## पार्टीको संगठनात्मक संरचना सम्बन्धी व्यवस्था

२५. सङ्गठनात्मक संरचना: (१) पार्टीको संगठनात्मक संरचना देहाय बमोजिम हुनेछ :

(अ) कार्यकारी समिति

(क) महाधिवेशन,

(ख) महासमिति,

(ग) संघीय कार्य समिति,

(घ) प्रदेश/प्रवास कार्य समिति,

(ङ) जिल्ला कार्य समिति,

(च) स्थानीय तह कार्य समिति,

(छ) वडा कार्य समिति,

(ज) वुथ कार्य समिति

(ज) संघीय, प्रदेश/प्रवास, जिल्ला, स्थानीय तह, वडा कार्य सम्पादन समिति,

(झ) विभाग - संघीय, प्रदेश/प्रवास, जिल्ला, स्थानीय तह, वडा तह/स्तरमा

(ञ) प्रदेश/प्रवास, जिल्ला, स्थानीय तह, वडा अधिवेशन

(ट) प्रदेश/प्रवास, जिल्ला, स्थानीय तह, वडा परिषद्

(आ) संयोजनकारी समिति

(क) संघीय निर्वाचन क्षेत्र समिति

(ख) प्रदेश निर्वाचन क्षेत्र समिति

(ग) सल्लाहकार समिति

(इ) आयोग

(क) पार्टीको निर्वाचन आयोग - संघीय तथा प्रदेश/प्रवास तहमा र जिल्ला स्तरमा

(ख) लेखा आयोग/समिति - संघीय तथा प्रदेश/प्रवास तहमा आयोग र जिल्ला स्तरमा समिति

(ग) न्याय तथा अनुशासन आयोग - संघीय तथा प्रदेश तहमा र जिल्ला स्तरमा

(२) उपदफा (१) बमोजिमका निकायहरू सहितको पार्टीको सङ्गठनात्मक संरचना अनुसूची – ६ मा उल्लेख गरिए बमोजिमको ढाँचामा हुनेछ ।

(३) उपदफा (२) बमोजिमको ढाँचामा प्रतिकूल असर नपर्ने गरी पार्टीको महाधिवेशनमा आवश्यकता अनुसार पार्टीको सङ्गठनात्मक संरचनामा सामान्य हेरफेर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम संरचनामा हेरफेर गरिएकोमा सो सम्बन्धी निर्णय भएको मितिले तीस दिनभित्र अयोगलाई जानकारी दिनुपर्नेछ ।

(५) उपदफा (३) बमोजिम भएको संरचनाको हेरफेरको निर्णय भए पश्चात लगत्तै सम्पन्न हुने महासमितिमा अनुमोदनका लागि पेश गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम महासमितिमा पेश भएकोमा प्रस्ताव स्वीकृत भएमा अनुसूचीमा संशोधन गर्नु पर्नेछ तर प्रस्ताव अस्वीकृत भएमा तत्काल कायम रहेको व्यवस्था बमोजिम हुनेछ ।

(७) उपदफा (६) बमोजिम महासमितिबाट प्रस्ताव अस्वीकृत भएमा संरचना हेरफेर सम्बन्धी सम्पूर्ण कार्य निष्क्रिय हुनेछ ।

(८) संघीय कार्य समिति नै पार्टीको सर्वोच्च कार्यकारी निकाय हुनेछ । यस समिति महाधिवेशनप्रति उत्तरदायी हुन्छ । तह/स्तरगत कार्य समिति सम्बन्धित तह/स्तरका लागि कार्यकारी अधिकार प्राप्त निकाय हो र तिनीहरू तत् तत् तह/स्तरको अधिवेशनप्रति उत्तरदायी हुनेछ । सङ्गठनात्मक संरचना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ७

## समिति र पदाधिकारी सम्बन्धी व्यवस्था

२६. <u>संघीय कार्य समिति</u>: (१) संघीय तहमा कार्यकारी अधिकार सहितको अधिकतम् ७५ सदस्यीय एक संघीय कार्य समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय अनुसार पदाधिकारी तथा सदस्यहरू निर्वाचित हुनेछन् अध्यक्ष – १, महासचिव – ५, कोषाध्यक्ष - १, सदस्य - ३६ जना (समावेशी आधारमा निर्वाचित हुने सहित) ।

सबै प्रदेश कार्य समितिका अध्यक्ष र सचिव (राजनीतिक) हरू पदेन सदस्य हुनेछन् ।

प्रवास समितिको अध्यक्ष र सचिव (राजनीतिक) पदेन सदस्य हुनेछन् ।

महाअधिवेशनमा संघीय कार्य समितिको निर्वाचनमा भाग लिएको अध्यक्ष, महासचिव, कोषाध्यक्ष पदमा निर्वाचित हुन नसकेका तर कुल मतको ४० प्रतिशत मत ल्याउन सफल भएका उम्मेदवार (अधिकतम् ७) पनि यस समितिको स्वत: सदस्य हुनेछन् ।

संघीय कार्य समितिको निर्वाचित सदस्य संख्याको २० प्रतिशत सदस्य बराबर हुने ९ जना सदस्य अध्यक्षले समावेशी आधारमा मनोनयन गरी संघीय समितिको बहुमतले अनुमोदन गर्ने ।

(३) उपदफा (२) बमोजिमको समितिको निर्वाचन राष्ट्रिय महाधिवेशनबाट प्रत्येक ४ वर्षमा गरिनेछ । उक्त समितिका सदस्यहरू महाधिवेशनप्रति उत्तरदायी हुनेछन् ।

(४) यस समितिका पदाधिकारी र सदस्यहरु एउटै पदमा दुई कार्यकालभन्दा बढी बहाल रहने छैनन् ।

(५) यस समितिका पदाधिकारीहरु कुनै पनि सार्वजनिक पदको निर्वाचनमा भाग लिने मनसाय भए सो पदबाट कम्तीमा छ महिना अगाडि राजीनामा गरी यस समितिको सदस्य हुनु पर्नेछ । रिक्त हुन आएको पदमा समितिको पदाधिकारी एवम् सदस्यहरूमध्येको उम्मेदवारलाई यस समितिको बहुमतबाट निर्वाचन गरी पदपूर्ति गरिनेछ ।

(६) उप दफा (५) बमोजिम राजीनामा गरेपछि महासमितिको बैठक हुने स्थिति भए सो रिक्त पद महासमितिको बहुमतबाट निर्वाचन गरी पदपूर्ति गरिनेछ ।

(७) संघीय कार्य समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. <u>प्रदेश कार्य समिति</u>: (१) प्रत्येक प्रदेशमा कार्यकारी अधिकार सहितको अधिकतम् ७५ सदस्यीय प्रदेश कार्य समिति रहनेछ ।

(२) उप दफा (१) बमोजिमको प्रदेश कार्य समितिमा देहाय अनुसार पदाधिकारी तथा सदस्यहरू निर्वाचित हुनेछन् : अध्यक्ष – १, सचिव – ५, कोषाध्यक्ष -१, सदस्य – २६ (समावेशी आधारमा निर्वाचित हुनेहरू समेत)

जिल्ला अध्यक्ष र सचिव (राजनीतिक) स्वत: प्रदेश समिति सदस्य हुनेछन् ।

प्रदेश अधिवेशनमा प्रदेश कार्य समितिको निर्वाचनमा अध्यक्ष, सचिव, कोषाध्यक्ष पदमा निर्वाचित हुन नसकेका तर कुल मतको ४० प्रतिशत मत ल्याउन सफल भएमा निज उम्मेदवार (अधिकतम् ७) यस समितिको स्वत: सदस्य हुनेछन् ।

प्रदेश कार्य समितिको निर्वाचित सदस्य संख्याको २० प्रतिशत सदस्य बराबर हुन आउने ७ जना सदस्यहरू अध्यक्षले समावेशी आधारमा मनोनयन गरी यस कार्य समितिको बहुमतले अनुमोदन गरेका व्यक्तिहरू ।

(३) उप दफा (२) बमोजिमको समितिको निर्वाचन प्रदेश अधिवेशनबाट प्रत्येक ४ वर्षमा गरिनेछ।

(४) यस समितिका पदाधिकारी र सदस्यहरू एउटै पदमा दुई कार्यकालभन्दा बढी बहाल रहने छैनन् ।

(५) यस समितिका पदाधिकारीहरु कुनै पनि सार्वजनिक पदको निर्वाचनमा भाग लिने मनसाय भए सो पदबाट कम्तिमा छ महिना अगाडि राजीनामा गरी यस समितिको सदस्य हुनुपर्नेछ । रिक्त हुन आएको पदमा यस समितिको पदाधिकारी एवम् सदस्यहरूमध्येको उम्मेदवारलाई यस समितिको बहुमतबाट निर्वाचन गरी पदपूर्ति गरिनेछ ।

(६) उप दफा (५) बमोजिम राजीनामा गरेपछि प्रदेश परिषद्को बैठक हुने स्थिति भए सो रिक्त पद प्रदेश परिषद्को बहुमतबाट निर्वाचन गरी पदपूर्ति गरिनेछ ।

(७) उप दफा (२) बमोजिमको प्रदेश कार्य समितिमा निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा सामाजिक विविधता प्रतिविम्बित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा तोकिए बमोजिमको संख्यामा सदस्य रहनेछन् ।

(८) प्रदेश कार्य समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. <u>जिल्ला कार्य समिति सम्बन्धी व्यवस्था:</u> (१) हरेक जिल्लामा कार्यकारी अधिकार सहितको अधिकतम् ८१ सदस्यीय एक कार्यकारी समिति रहनेछ ।

(२) जिल्ला कार्य समितिमा देहाय अनुसार पदाधिकारी तथा सदस्यहरू निर्वाचित हुनेछन् : अध्यक्ष – १, सचिव – ५, कोषाध्यक्ष -१, सदस्य – २१ (समावेशी आधारमा नियुक्त हुने सहित)

स्थानीय तह कार्य समितिको अध्यक्ष र सचिव (राजनीतिक) स्वत: सदस्य हुनेछन् ।

जिल्ला अधिवेशनमा जिल्ला कार्य समितिको निर्वाचनमा भाग लिएका अध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्य पदमा निर्वाचित हुन नसकेका तर कुल मतको ४० प्रतिशत मत ल्याउन सफल भएमा निज उम्मेदवार (अधिकतम् ७) यस समितिको स्वत: सदस्य हुनेछन् ।

जिल्ला कार्य समितिको निर्वाचित सदस्य संख्याको २० प्रतिशत सदस्य बराबर हुन आउने ६ जना सदस्यहरू अध्यक्षले समावेशी आधारमा मनोनयन गरी यस कार्य समितिको बहुमतले अनुमोदन गर्नेछ ।

(३) उप दफा (२) बमोजिमको समितिहरूको निर्वाचन जिल्ला अधिवेशनबाट प्रत्येक ४ वर्षमा गरिनेछ ।

(४) यस समितिका पदाधिकारी र सदस्यहरू एउटै पदमा दुई कार्यकालभन्दा बढी बहाल रहने छैनन् ।

(५) यस समितिका पदाधिकारीहरु कुनै पनि सार्वजनिक पदको निर्वाचनमा भाग लिने मनसाय भए सो पदबाट कम्तिमा छ महिना अगाडि राजीनामा गरी यस समितिको सदस्य हुनुपर्नेछ । रिक्त हुन आएको पदमा यस समितिको पदाधिकारी एवम् सदस्यहरूमध्येको उम्मेदवारहरूलाई यस समितिको बहुमतबाट निर्वाचन गरी पदपूर्ति गरिनेछ ।

(६) उप दफा (५) बमोजिम राजीनामा गरेपछि जिल्ला परिषद्को बैठक हुने स्थिति भए सो रिक्त पद जिल्ला परिषद्को बहुमतबाट निर्वाचन गरी पदपूर्ति गरिनेछ ।

(७) उप दफा (२) बमोजिमको जिल्ला कार्य समितिमा निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा सामाजिक विविधता प्रतिविम्बित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा तोकिए बमोजिमको संख्यामा सदस्य रहनेछन् ।

(८) जिल्ला कार्य समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. स्थानीय तह कार्य समिति: (१) प्रत्येक स्थानीय तहमा कार्यकारी अधिकार सहितको अधिकतम् १११ सदस्यीय एक स्थानीय तह कार्य समिति रहनेछ ।

(२) उप दफा (१) बमोजिमको स्थानीय तह कार्य समितिमा देहाय अनुसारका पदाधिकारी तथा सदस्यहरू निर्वाचित हुनेछन् ।

अध्यक्ष – १, सचिव – ५, कोषाध्यक्ष - १, सदस्य – अधिकतम् २४ (समावेशी आधारमा निर्वाचित हुने सहित)

वडा कार्य समितिका अध्यक्ष र सचिव (राजनीतिक) पदेन सदस्य हुनेछन् ।

स्थानीय तहको अधिवेशनमा कार्य समितिको अध्यक्ष, सचिव, कोषाध्यक्ष पदको निर्वाचनमा भाग लिएका प्रतिस्पर्धीहरूमध्ये निर्वाचित हुन नसकेका तर कुल मतको कम्तीमा ४० प्रतिशत मत ल्याउन सफल भएका उम्मेदवार अधिकतम् ७ जना यस समितिको स्वत: सदस्य हुनेछन् ।

स्थानीय तह कार्य समितिको निर्वाचित सदस्यको २० प्रतिशत सदस्य बराबर हुन आउने ७ जना सदस्यहरू अध्यक्षले समावेशी आधारमा मनोनयन गरी यस कार्य समितिको बहुमतले अनुमोदन गरेका सदस्यहरू पनि उक्त समितिका सदस्य हुनेछन् ।

(३) उप दफा (२) बमोजिमको समितिहरूको निर्वाचन स्थानीय तह अधिवेशनबाट प्रत्येक ४ वर्षमा गरिनेछ।

(४) यस समितिका पदाधिकारी र सदस्यहरू एउटै पदमा दुई कार्यकालभन्दा बढी बहाल रहने छैनन् ।

(५) यस समितिका पदाधिकारीहरु कुनै पनि सार्वजनिक पदको निर्वाचनमा भाग लिने मनसाय भए,सो पदबाट कम्तिमा छ महिना अगाडि राजीनामा गरी यस समितिको सदस्य हुनुपर्नेछ । रिक्त हुन आएको पदमा समितिको पदाधिकारी एवम् सदस्यहरूमध्येको उम्मेदवारहरूलाई यस समितिको बहुमतबाट निर्वाचन गरी पदपूर्ति गरिनेछ ।

(६) उप दफा (५) बमोजिम राजीनामा गरेपछि स्थानीय तह परिषद्को बैठक हुने स्थिति भए सो रिक्त पद स्थानीय तह परिषद्को बहुमतबाट निर्वाचन गरी पदपूर्ति गरिनेछ ।

(७) स्थानीय तह कार्य समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. <u>वडा कार्य समिति :</u> (१) हरेक वडा कार्य समितिमा कार्यकारी अधिकार सहितको अधिकतम् ३९ सदस्यीय एक वडा कार्य समिति हुनेछ:

(२) उपदफा (१) बमोजिमका समितिमा देहाय अनुसारका पदाधिकारी तथा सदस्यहरू रहनेछन् : अध्यक्ष – १, सचिव – ५, कोषाध्यक्ष - १, सदस्य – १५ (समावेशी आधारमा निर्वाचित हुने समेत)

वडा अधिवेशनमा वडा कार्य समितिको अध्यक्ष, सचिवहरु, कोषाध्यक्ष पदमा प्रतिस्पर्धा गरी निर्वाचित हुन नसकेका तर कुल सदर मतको कम्तीमा ४० प्रतिशत मत ल्याउन सफल भएका उम्मेदवारहरू (अधिकतम् ७ जना) यस समितिको स्वत: सदस्य हुनेछन् ।

वडा कार्य समितिको निर्वाचित सदस्यको २० प्रतिशत सदस्य बराबर हुन आउने ५ जना सदस्यहरू अध्यक्षले समावेशी आधारमा मनोनयन गरी यस कार्य समितिको बहुमतले अनुमोदन गर्नेछ ।

(३) उप दफा (२) बमोजिमको समितिको निर्वाचन वडा अधिवेशनबाट प्रत्येक ४ वर्षमा गरिनेछ ।

(४) यस समितिका पदाधिकारी र सदस्यहरू उही पदमा दुई कार्यकालभन्दा बढी बहाल रहने छैनन् ।

(५) यस समितिका पदाधिकारीहरु कुनै पनि सार्वजनिक पदको निर्वाचनमा भाग लिने मनसाय भए,सो पदबाट कम्तिमा छ महिना अगाडि राजिनामा गरी यस समितिको सदस्य हुनु पर्नेछ । रिक्त हुन आएको पदमा समितिको पदाधिकारी एवम् सदस्यहरूमध्येको उम्मेदवारहरूलाई यस समितिको बहुमतबाट निर्वाचन गरी पदपूर्ति गरिनेछ ।

(६) उप दफा (५) बमोजिम राजीनामा गरेपछि जिल्ला परिषद्को बैठक हुने स्थिति भए सो रिक्त पद जिल्ला परिषद्को बहुमतबाट निर्वाचन गरी पदपूर्ति गरिनेछ ।

(७) वडा कार्य समितिले आवश्यकता अनुसार बुथ समिति गठन गर्न सक्नेछ ।

(८) वडा कार्य समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३१. <u>समावेशिता सम्बन्धी व्यवस्था</u>: (१) सबै तह/स्तरका कार्यकारी समितिमा कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ महिला सदस्य रहनेछन् ।

सबै तह/स्तरका कार्यकारी समितिमा निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा सामाजिक विविधता प्रतिविम्बित हुने गरी समावेशी सिद्धान्तका आधारमा तोकिए बमोजिमको संख्यामा गरिनेछ ।

३२. विभागहरू: पार्टीको काम कारवाहीलाई सबै वर्ग, समुदाय, जातजाति, भाषाभाषी र क्षेत्रसम्म सहज रुपमा सञ्चालन गर्न गराउन पार्टीले यस दफामा उल्लेख भए अनुसार विभिन्न तहमा विभागहरूको गठन र परिचालन गर्नेछ । सबै तहगत विभागहरूको काम, कर्तव्य र अधिकार लगायत नियुक्ति, बैठक सञ्चालन आदिका सम्बन्धमा यस विधानमा लेखिएको बाहेक सम्बन्धित तह/स्तरको कार्य समितिले तोके बमोजिम हुनेछ । विभागमा नियुक्ति गर्दा एक तिहाइ महिला सुनिश्चित गर्नुका साथै समावेशिता सिद्धान्तको मनन गरी गरिनेछ । विभागहरूको पदावधि चार वर्षको हुनेछ ।

(१) संघीय तह: (१) संघीय तहमा देहाय बमोजिमका विभागहरू रहनेछन् :

(क) राजनीतिक विभाग

(ख) संगठन विभाग

(ग) अभियान विभाग

(घ) प्रशिक्षण विभाग

(ङ) प्रवास समन्वय विभाग

(च) कोष संकलन विभाग

(छ) संघीय सरकारका मन्त्रालय अनुसारका समन्वय विभाग

(ज) संघीय कार्य समितिले निर्णय गरी गठन गरेका अन्य विभागहरू

(२) प्रदेश तह : (१) प्रदेश तहमा देहाय बमोजिमका विभागहरू रहनेछन् :

(क) राजनीतिक विभाग

(ख) संगठन विभाग

(ग) अभियान विभाग

(घ) प्रशिक्षण विभाग

(ङ) कोष संकलन विभाग

(च) प्रदेश सकारका मन्त्रालय अनुसारका समन्वय विभाग

(छ) प्रदेश कार्य समितिले निर्णय गरी गठन गरेका अन्य विभागहरू

(३) जिल्ला स्तरीय विभाग: (१) जिल्ला स्तरमा देहाय बमोजिमका विभागहरू रहनेछन् :

(क) राजनीतिक विभाग

(ख) संगठन विभाग

(ग) अभियान विभाग

(घ) प्रशिक्षण विभाग

(ङ) कोष संकलन विभाग

(च) जिल्ला कार्य समितिले निर्णय गरी गठन गरेका अन्य विभागहरू

(४) स्थानीय तह: (१) स्थानीय तहमा देहाय बमोजिमका विभागहरू रहनेछन् :

(क) राजनीतिक विभाग

(ख) संगठन विभाग

(ग) अभियान विभाग

(घ) प्रशिक्षण विभाग

(ङ) कोष संकलन विभाग

(च) स्थानीय सरकारका कार्य विभाजन इकाइहरू अनुसारका विभाग

(छ) स्थानीय तह समितिले निर्णय गरी गठन गरेका अन्य विभागहरू

(५) वडा स्तरीय: (१) वडा स्तरमा देहाय बमोजिमका विभागहरू रहनेछन् :

(क) राजनीतिक विभाग

(ख) संगठन विभाग

(ग) अभियान विभाग

(घ) प्रशिक्षण विभाग

(ङ) कोष संकलन विभाग

(६) विभागमा नियुक्ति: संयोजक र सह-संयोजक सहित संघीय र प्रदेशमा बढीमा पच्चीस जना सदस्य र जिल्ला तथा त्योभन्दा तलको तह/स्तरमा बढीमा १५ जना सदस्य रहनेछन् । संयोजकका रूपमा सम्बन्धित तह/स्तरको कार्य समिति सदस्य रहनेछन् भने सह संयोजक बन्न पार्टीको सक्रिय सदस्य भएको व्यक्ति हुनुपर्नेछ । संयोजक तथा सह संयोजकहरूको नियुक्तिमा सम्बन्धित तह/स्तरको अध्यक्षले सिफारिस गरी सम्बन्धित तह/स्तरको कार्य समितिले अनुमोदन गर्नेछ । विभागका अन्य सदस्यहरूको नियुक्ति संयोजक तथा सह संयोजकको सल्लाहमा संयोजकले गर्नेछन् ।

(७) संयोजकले विभागको बैठकमा आवश्यकतानुसार कुनै पनि व्यक्तिलाई बैठक वा काममा आमन्त्रण गर्न सक्नेछ ।

(८) विभागको बैठक प्रत्येक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(९) यस विभागको पदाधिकारी र सदस्यहरू उही पदमा दुई कार्यकाल भन्दा बढी बहाल रहने छैनन् ।

३३. संसदीय दल: (१) सङ्घीय संसद वा प्रदेश सभाको निर्वाचनमा पार्टीको तर्फबाट निर्वाचित प्रत्येक सदस्यहरू तथा यस दलमा समावेश हुन आएका सदस्यहरू समेतको संसदीय पार्टीको सदस्य रहने गरी सङ्घीय तथा प्रदेश संसदीय दल गठन गरिनेछ ।

(२) उप दफा (१) बमोजिमको सङ्घीय तथा प्रदेश संसदीय दलमा देहाय अनुसार पदाधिकारी तथा सदस्यहरू सहितको १५ सदस्यीय समिति रहनेछ ।

(क) संसदीय दलको नेता एक जना

(ख) संसदीय दलको उपनेता एक जना

(ग) प्रमुख सचेतक एक जना र सचेतक एक जना

(घ) सचिव एक जना

(ङ) कोषाध्यक्ष एक जना

(च) सदस्य नौं जना

(३) पार्टीको सङ्घीय तथा प्रदेश संसदीय दल सम्बन्धी अन्य व्यवस्था सम्बन्धित तहको कार्य समितिले स्वीकृत गरेको संसदीय दलको विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) यस दफा बमोजिम गठन हुने संसदीय दल तथा संसदीय समितिको पदावधि सम्बन्धित तहको संसद/सभाको अवधिभर हुनेछ ।

## परिच्छेद – ८

## निर्वाचन र मनोनयन सम्बन्धी व्यवस्था

३४. निर्वाचन प्रणाली: (१) संघीय समिति, प्रदेश समिति, जिल्ला समिति, स्थानीय तह समिति, वडा समिति लगायत पार्टीका विभिन्न समिति पदाधिकारी तथा सदस्यहरूको निर्वाचनका लागि मिश्रित (प्रत्यक्ष निर्वाचित हुने र मनोनयन हुने) किसिमको निर्वाचन प्रणाली अपनाइनेछ ।

(२) सबै तह/स्तरका समितिका पदाधिकारी तथा सदस्यहरू महाधिवेशन वा अधिवेशनबाट निर्वाचित हुनेछन् । यस विधानमा तोकिए बमोजिमका सदस्यहरू तोकिएको विधि बमोजिम मनोनित हुनेछन् ।

(३) महाधिवेशन वा अधिवेशनबाट निर्वाचित हुने पदाधिकारी वा सदस्यको निर्वाचन प्रत्यक्ष मतदानबाट हुनेछ ।

(४) निर्वाचनसम्बन्धी अन्य व्यवस्था पार्टीको संघीय निर्वाचन आयोगले तयार गरी संघीय कार्य समितिले पारित गरेको कार्यविधि बमोजिम हुनेछ ।

३५. पार्टीको निर्वाचन आयोग : (१) संघीय कार्य समिति, प्रदेश कार्य समिति, जिल्ला कार्य समिति, स्थानीय तह कार्य समिति लगायत विधान बमोजिम गठन गर्नुपर्ने अन्य समिति तथा आयोगको निर्वाचन सम्पन्न गर्नका लागि संघीय तहमा एक, प्रदेश तहमा हरेक प्रदेशमा एक तथा जिल्ला स्तरमा हरेक जिल्लामा एक निर्वाचन आयोग स्थायी संरचनाको रुपमा रहनेछ ।

(२) उप दफा (१) बमोजिमको पार्टीको निर्वाचन आयोगमा संघीय एक जना प्रमुख आयुक्त र चार जना आयुक्तहरू रहनेछन् ।

(३) उप दफा (१) बमोजिमको पार्टीको निर्वाचन आयोगमा कम्तीमा एक तिहाइ महिला सदस्य रहनेछन् ।

(४) पार्टीको निर्वाचन आयोगका पदाधिकारीहरूको निर्वाचन संघीय आयोगको हकमा महाधिवेशन, प्रदेश आयोगको हकमा प्रदेश तहको अधिवेशनबाट र जिल्ला आयोगको हकमा जिल्ला स्तरको अधिवेशनबाट हुनेछ । निज पदाधिकारीहरू लगातार वा पटक पटक गरी दुई पटकभन्दा बढी निर्वाचित हुन पाउने छैनन् ।

(५) पार्टीको संघीय निर्वाचन आयोग संघीय महाअधिवेशनप्रति, प्रदेश आयोग प्रदेश अधिवेशनप्रति जिल्ला निर्वाचन आयोग जिल्ला अधिवेशनप्रति उत्तरदायी हुनेछ ।

(६) आयोगका पदाधिकारीहरू पार्टीका अन्य कुनै समिति, आयोग, विभाग वा संयन्त्रको सदस्य हुन पाउने छैनन् ।

(७) आयोगका पदाधिकारी र सदस्यहरूको कार्यकाल अर्को महाधिवेशन वा सम्बन्धित तह/स्तरको अधिवेशनले नयाँ आयोग गठन नगरेसम्म हुनेछ ।

(८) आयोगका आयुक्तहरूले आयोग प्रमुखलाई र आयोग प्रमुखले आफ्नो तहको कार्य समितिका अध्यक्षलाई राजीनामा दिने र उक्त राजीनामालाई राजीनामा बुझ्ने व्यक्तिले स्वीकृत गर्न सक्नेछन् ।

(९) संघीय निर्वाचन आयोगका पदाधिकारीको पद रिक्त भएमा महासमितिले रिक्त पदपूर्ति गर्नेछ । प्रदेश तथा जिल्ला निर्वाचन आयोगका पदाधिकारीहरूको हकमा सम्बन्धित तह/स्तरको परिषद्ले रिक्त पदपूर्ति गर्नेछ ।

(१०) संघीय तहको निर्वाचन पार्टीको संघीय निर्वाचन आयोगले गर्ने तथा प्रदेश तहको निर्वाचन प्रदेश निर्वाचन आयोगले गर्ने । जिल्ला वा त्योभन्दा तल्लो तहका समितिहरूको निर्वाचन पार्टीको जिल्ला निर्वाचन आयोगहरूले आफैं वा आफ्नो अधिकार प्रत्यायोजित गरी गर्नेछन् ।

(११) निर्वाचन आयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३६. <u>निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार</u>: (१) निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) मतदाता नामावली तयार गर्ने,

(ख) सम्बन्धित तहको समितिको निर्वाचनका लागि निर्वाचनको मिति, समय र स्थानको घोषणा गर्ने,

(ग) सम्बन्धित तह/स्तरको महाधिवेशन वा अधिवेशनबाट उक्त तहको समिति, परिषद, पार्टीका आयोग वा विधान बमोजिमका अन्य समितिमा निर्वाचन गर्नुपर्ने पदाधिकारीको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने,

(घ) मतदान स्थल तथा मतगणना स्थलको सुरक्षा व्यवस्था सम्बन्धित तहको समितिसँगको समन्वयमा मिलाउने,

(ङ) उम्मेदवारको अयोग्यता सम्बन्धमा परेको उजुरी उपर निर्णय गर्ने,

(च) निर्वाचन तथा मतदान प्रक्रिया निर्धारण गर्ने,

(छ) निर्वाचन आचार संहिताको निर्माण र लागु गर्ने,

(२) उप दफा (१) बमोजिम पार्टीको निर्वाचन आयोग तथा निजका प्रतिनिधिहरूको कार्यमा सहयोग गर्नु सम्बन्धित तहको अधिवेशन आयोजक समितिको कर्तव्य हुनेछ ।

(३) यस पार्टीको निर्वाचन आयोगका अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३७. <u>मतदाता</u>: (१) संघीय समिति, प्रदेश समिति, जिल्ला समिति, स्थानीय तह समिति, लगायत विधान बमोजिम गठन गर्नुपर्ने अन्य समिति तथा पार्टीका आयोगको निर्वाचनका लागि सम्बन्धित तहको महाधिवेशन वा अधिवेशन प्रतिनिधिहरू र सम्बन्धित तह/स्तरको कार्यक्षेत्रमा कम्तीमा एक वर्षको अवधि सक्रिय सदस्य भएको पार्टी सदस्यले मतदान गर्न पाउनेछन् ।

(२) उप दफा (१) बमोजिम कायम हुने मतदाताहरूको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगको हुनेछ ।

(३) मतदाता नामावली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३८. <u>महाधिवेशन तथा अन्य तह तथा स्तरका अधिवेशन प्रतिनिधिको योग्यता</u>: (१) संघीय तथा अन्य तहका अधिवेशनको प्रतिनिधि हुनका लागि देहायको योग्यता पूरा गरेको हुनु पर्नेछः–

(क) पार्टीको सक्रिय सदस्य एक वर्ष पूरा गरेको,

(२) महाधिवेशन तथा अन्य तहका अधिवेशन प्रतिनिधि हुनका लागि योग्यता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. <u>महाधिवेशन तथा अन्य तह तथा स्तरका अधिवेशन प्रतिनिधिको निर्वाचन</u>:

(१) महाधिवेशन तथा विभिन्न तहको अधिवेशन प्रतिनिधिहरूको निर्वाचनको लागि तोकिए अनुसार निर्वाचन क्षेत्र कायम गरिनेछ ।

(२) उप दफा (१) बमोजिमको निर्वाचन क्षेत्रबाट तोकिएको संख्यामा प्रतिनिधिहरूले महाधिवेशन तथा सम्बन्धित तह तथा स्तरका अधिवेशनमा प्रतिनिधित्व गर्नेछन् ।

(३) उप दफा (२) बमोजिमको संख्यामा विधानमा भएको व्यवस्था तथा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी महाधिवेशन तथा अधिवेशन प्रतिनिधिको निर्वाचन संघमा यस पार्टीको संघीय निर्वाचन आयोग; प्रदेशको हकमा प्रदेश निर्वाचन आयोग तथा जिल्ला, स्थानीय तह, वडामा संघीय तहले तय गरेको नीति बमोजिम यस पार्टीको जिल्ला निर्वाचन आयोगले गर्नेछ ।

(४) उप दफा (३) बमोजिम निर्वाचित सदस्यहरू, विधानमा भएको व्यवस्था तथा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी मनोनयन भएको महाधिवेशन तथा अधिवेशन प्रतिनिधिहरू तथा कम्तीमा दुई वर्षको अवधिको लागि पार्टीको सक्रिय सदस्य भएको व्यक्ति सम्बन्धित तहको समिति, परिषद र विधान बमोजिम निर्वाचन गर्नु पर्ने अन्य समितिको निर्वाचनका लागि मतदाताको रुपमा कायम हुनेछन् ।

(५) महाधिवेशन तथा अधिवेशन प्रतिनिधिको निर्वाचनका लागि देहाय अनुसार मतदाताहरू कायम गरिनेछ :

(क) वडा स्तरको अधिवेशनका लागि साधारण सदस्य, स्थानीय तह तथा सोभन्दा माथिको प्रतिनिधि चयन गर्नका लागि एक वर्ष पूरा गरेको सक्रिय सदस्यले मात्रै अधिवेशन तथा महाधिवेशन प्रतिनिधि चयन गर्न सक्छन् ।

(६) महाधिवेशन तथा अधिवेशन प्रतिनिधिको निर्वाचन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४०. संघीय तहको समितिका उम्मेदवारको योग्यता: (१) संघीय कार्य समिति, यस पार्टीका आयोगहरू तथा विधान बमोजिम अन्य संघीय तहमा रहने समितिको निर्वाचनमा उम्मेदवार हुनको लागि देहायको योग्यता पूरा गरेको हुनुपर्नेछ :

(क) यस पार्टीको सक्रिय सदस्यता निरन्तर रूपमा कायम राखेको कम्तीमा तीन वर्ष भएको,

(ख) महाधिवेशनको प्रतिनिधि भएको हुनुपर्ने

(ग) अध्यक्ष, महासचिव तथा कोषाध्यक्षको हकमा कम्तीमा एक कार्यकालको कम्तीमा दुई वर्षका लागि संघीय वा प्रदेश समिति तथा आयोगहरूका कुनै पनि पदमा काम गरेको

(घ) संघीय तहका समितिको उम्मेदवारको योग्यता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ

(२) उप दफा (१) बमोजिमको योग्यता पूरा नभएको व्यक्ति यस दफामा उल्लेख गरिएको संघीय तहका कुनै पनि समिति तथा आयोगको निर्वाचनमा उम्मेदवार हुनको लागि अयोग्य हुनेछ ।

४१. संघीय तहका समिति/आयोगका पदाधिकारीको निर्वाचन: (१) संघीय कार्य समिति, यस पार्टीका आयोगहरू तथा विधान बमोजिमका अन्य समिति तथा आयोगहरूको निर्वाचन प्रत्येक चार वर्षमा गरिनेछ ।

(२) उप दफा (१) बमोजिमको निर्वाचनमा महाधिवेशन प्रतिनिधिहरू तथा कम्तीमा एक वर्षको अवधिका लागि सक्रिय सदस्यता कायम राखेका पार्टी सदस्यहरू मतदाताको रुपमा रहनेछन् ।

(३) उप दफा (२) बमोजिमका मतदाताले पार्टीको निर्वाचन आयोगले निर्धारण गरेको निर्वाचन तथा मतदानको प्रक्रिया अनुरुप विधान बमोजिमका संघीय कार्य समिति, आयोग तथा अन्य संघीय तहमा रहने समितिका पदाधिकारीको निर्वाचन गर्नेछन् ।

(४) संघीय कार्य समिति, संघीय आयोगहरू तथा विधान बमोजिम अन्य संघीय तहमा रहने समितिका पदाधिकारीको निर्वाचन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४२. प्रदेश तहको समितिका उम्मेदवारको योग्यता: (१) प्रदेश कार्य समिति, परिषद्, यस पार्टीका आयोगहरू तथा विधान बमोजिम प्रदेश तहमा रहने अन्य समितिको निर्वाचनमा उम्मेदवार हुनेको लागि देहायको योग्यता पूरा गरेको हुनु पर्नेछ :

(क) पार्टीको सक्रिय सदस्यता निरन्तर रूपमा कायम राखेको कम्तीमा तीन वर्ष भएको,

(ख) प्रदेश अधिवेशनको प्रतिनिधि भएको हुनुपर्ने

(ग) अध्यक्ष, सचिव तथा कोषाध्यक्षको हकमा एक कार्यकालको कम्तीमा दुई वर्षका लागि प्रदेश, जिल्ला वा स्थानीय तह कार्य समिति वा आयोगहरूका कुनै पनि पदमा काम गरेको

(२) प्रदेश तहका समितिको उम्मेदवारको योग्यता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) उप दफा (१) बमोजिमको योग्यता पूरा नभएको व्यक्ति यस दफामा उल्लेख गरिएको प्रदेश तहका कुनै पनि समिति तथा आयोगको निर्वाचनमा उम्मेदवार हुनको लागि अयोग्य हुनेछ ।

४३. <u>प्रदेश तहको समितिका पदाधिकारीको निर्वाचन</u>: (१) प्रदेश कार्य समिति, परिषद, यस पार्टीको निर्वाचन आयोग तथा विधान बमोजिम प्रदेश तहमा रहने अन्य समितिको निर्वाचन प्रत्येक चार वर्षमा गरिनेछ ।

(२) उप दफा (१) बमोजिमको निर्वाचनमा सम्बन्धित प्रदेश अधिवेशन प्रतिनिधिहरू तथा कम्तीमा दुई वर्षको अवधिका लागि सक्रिय सदस्यता कायम राखेका पार्टी सदस्यहरू मतदाताको रुपमा रहनेछन् ।

(३) उप दफा (२) बमोजिमको मतदाताले पार्टीको निर्वाचन आयोगले निर्धारण गरेको निर्वाचन तथा मतदानको प्रक्रिया अनुरुप प्रदेश समिति, परिषद, आयोग तथा विधान बमोजिम प्रदेश तहमा रहने अन्य समितिका पदाधिकारीको निर्वाचन गर्नेछन् ।

(४) प्रदेश समिति, विभाग, सभा, परिषद, आयोग तथा विधान बमोजिम प्रदेश तहमा रहने अन्य समितिका पदाधिकारीको निर्वाचन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४४. <u>जिल्ला स्तरको समितिका उम्मेदवारको योग्यता</u>: (१) जिल्ला कार्य समिति, परिषद तथा विधान बमोजिम जिल्ला तहमा रहने अन्य समितिको निर्वाचनमा उम्मेदवार हुनका लागि देहायको योग्यता पूरा गरेको हुनुपर्नेछ :

(क) यस पार्टीको सक्रिय सदस्य निरन्तर कायम गरेको दुई वर्ष पूरा गरेको,

(ख) अध्यक्ष, सचिव तथा कोषाध्यक्षको हकमा एक कार्यकालको कम्तीमा दुई वर्षका लागि जिल्ला, स्थानीय तह वा वडा कार्य समितिका कुनै पनि पदमा काम गरेको

(ग) जिल्ला स्तरका समितिको उम्मेदवारको योग्यता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ

(२) उप दफा (१) बमोजिमको योग्यता पूरा नभएको कुनै पनि व्यक्ति जिल्ला कार्य समिति, परिषद तथा विधान बमोजिम जिल्ला तहमा रहने अन्य समितिको निर्वाचनमा उम्मेदवार हुनको लागि अयोग्य हुनेछ ।

४५. <u>जिल्ला स्तरका समितिका पदाधिकारीको निर्वाचन</u>: (१) जिल्ला कार्य समिति, परिषद तथा विधान बमोजिम जिल्ला तहमा रहने अन्य समितिको निर्वाचन प्रत्येक चार वर्षमा गरिनेछ ।

(२) उप दफा (१) बमोजिमको निर्वाचनमा सम्बन्धित जिल्ला अधिवेशन प्रतिनिधिहरू तथा कम्तीमा एक वर्षको अवधिका लागि सक्रिय सदस्यता कायम राखेका पार्टी सदस्यहरू मतदाताको रुपमा रहनेछन् ।

(३) उप दफा (२) बमोजिमको मतदाताले यस पार्टीको निर्वाचन आयोगले निर्धारण गरेको निर्वाचन तथा मतदानको प्रक्रिया अनुरुप विधान बमोजिमको जिल्ला कार्य समिति, आयोग तथा विधान बमोजिम जिल्ला तहमा रहने अन्य समितिका पदाधिकारीको निर्वाचन गर्नेछन् ।

(४) जिल्ला कार्य समिति तथा विधान बमोजिम जिल्ला तहमा रहने अन्य समितिका पदाधिकारीको निर्वाचन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४६. स्थानीय तहका समितिको उम्मेदवारको योग्यता: (१) स्थानीय तह कार्य समिति तथा विधान बमोजिम स्थानीय तहमा रहने अन्य समितिको निर्वाचनमा उम्मेदवार हुनको लागि देहायको योग्यता पूरा गरेको हुनुपर्नेछ :

(क) यस पार्टीको सक्रिय सदस्यता निरन्तर रूपमा कायम गरेको एक वर्ष पूरा गरेको,

(ख) स्थानीय तह अध्यक्ष, सचिव तथा कोषाध्यक्षको हकमा वडा समितिमा एक कार्यकालको कम्तीमा दुई वर्ष कुनै पनि पदमा काम गरेको

(ग) स्थानीय तहका समितिको उम्मेदवारको योग्यता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ

(२) उप दफा (१) बमोजिमको योग्यता पूरा नभएको कुनै पनि व्यक्ति स्थानीय तह कार्य समिति, परिषद तथा विधान बमोजिम स्थानीय तहमा रहने अन्य समितिको निर्वाचनमा उम्मेदवार हुनका लागि अयोग्य हुनेछ ।

४७. निर्वाचन कार्यक्रम: (१) यस पार्टीको निर्वाचन आयोगले निर्वाचन गर्नका लागि निर्वाचनको तथा मतदानको प्रक्रिया सहित यस दफामा उल्लेख भए अनुसारका क्रियाकलापहरू सञ्चालन हुने गरी निर्वाचन कार्यक्रम प्रकाशन गर्नुपर्नेछ ।

(२) उप दफा (१) बमोजिमको प्रकाशन गरिने निर्वाचन कार्यक्रममा देहायका क्रियाकलापहरू समेटिएको हुनुपर्नेछ ।

(क) मतदाता नामावली प्रकाशन र सो उपर दावी विरोध गर्ने समयावधि,

(ख) अन्तिम मतदाता नामावली प्रकाशन,

(ग) उम्मेदवार मनोनयन,

(घ) मनोयनपत्र दर्ता गर्ने उम्मेदवारको नामावली प्रकाशन,

(ङ) मनोनयनपत्र दर्ता गर्ने उम्मेदवारको योग्यता सम्बन्धमा दावी विरोध,

(च) खण्ड (ङ) बमोजिम परेको दावी विरोध उपर सुनुवाइ र निर्णय,

(छ) उम्मेदवारको अन्तिम नामावली प्रकाशन,

(ज) मतदानको मिति, समय र स्थान,

(झ) मतगणना र मतपरिणाम प्रकाशन गरिने मिति, समय र स्थान,

(३) निर्वाचन कार्यक्रम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४८. उम्मेदवार मनोनयन: (१) यस परिच्छेदमा सम्बन्धित तहको समितिको पदाधिकारीमा उम्मेदवार हुन अयोग्यता नभएको तथा सम्बन्धित तहको महाधिवेशन वा अधिवेशन प्रतिनिधि निर्वाचनमा तोकिए बमोजिम उम्मेदवार हुन सक्नेछ ।

(२) उप दफा (१) बमोजिम उम्मेदवार मनोनयन गर्दा सम्बन्धित तहको महाधिवेशन वा अधिवेशन प्रतिनिधि मध्ये एक जना प्रस्तावक र एक जना समर्थक हुनु पर्नेछ ।

(३) उप दफा (२) बमोजिम कुनै व्यक्तिलाई उम्मेदवारको रुपमा प्रस्ताव गरिएको अवस्थामा त्यस्तो उम्मेदवारले मनोनयनपत्रमा आफ्नो मञ्जुरी लेखी सहीछाप समेत गर्नु पर्नेछ ।

(४) उप दफा (२) र (३) बमोजिमको रीत नपुर्याई मनोनयनपत्र दाखिला भएको अवस्थामा त्यस्तो उम्मेदवारलाई निर्वाचन समितिले उम्मेदवारको रुपमा मान्यता दिने छैन ।

(५) उप दफा (२) बमोजिम कुनै व्यक्तिलाई उम्मेदवारको रुपमा प्रस्तावक वा समर्थन गर्ने व्यक्तिले सोही पदका लागि अन्य व्यक्तिलाई उम्मेदवारको रुपमा प्रस्तावक वा समर्थन गर्न पाउने छैन ।

(६) मनोनयनपत्र सम्बन्धित उम्मेदवार वा निजको प्रस्तावक वा समर्थकले निर्वाचन समितिले तोकेको मिति, समय र स्थानमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी दर्ता गर्नु/गराउनु पर्नेछ ।

(७) उम्मेदवार मनोनयन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४९. <u>मनोनयनपत्र बदर हुने अवस्था</u>: (१) देहायको अवस्थामा मनोनयनपत्र बदर हुनेछ :

(क) विधान बमोजिम उम्मेदवारको योग्यता नभएमा,

(ख) उम्मेदवार हुने व्यक्तिको मञ्जुरी नभएमा,

(ग) उम्मेदवारको प्रस्तावक र समर्थकको सहीछाप नभएमा वा किर्ते सहीछाप भएमा,

(घ) तोकिएको समयभित्र मनोयनपत्र दर्ता नभएमा,

(ङ) तोकिए बमोजिमको धरौटी दाखिला नगरेमा,

(च) दफा ६० बमोजिम मनोनयनपत्र रीतपूर्वकको नभएमा ।

(२) मनोनयनपत्र बदर हुने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५०. <u>मतदान, मतगणना र मतपरिणाम घोषणा</u>: (१) यस पार्टीको निर्वाचन आयोगले तोकेको मिति, समय र स्थानमा मतदानको कार्य सम्पन्न हुनेछ ।

(२) उप दफा (१) बमोजिम मतदानको प्रक्रिया निर्वाचन आयोगले तोके बमोजिम हुनेछ ।

(३) मतदान कार्य सम्पन्न भए पश्चात् निर्वाचन आयोगले तोकेको मिति, समय र स्थानमा मतगणनाको कार्य हुनेछ ।

(४) मतगणना कार्य सम्पन्न भएपछि निर्वाचन आयोगले मत परिणाम घोषणा गरी विजयी उम्मेदवारलाई अनुसूची – ७ बमोजिमको ढाँचामा विजयी प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

(५) मतदान, मतगणना र मतपरिणाम घोषणा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५१. <u>पदाधिकारी मनोनयन गर्न सकिने</u>: (१) संघीय, प्रदेश, जिल्ला, स्थानीय, वडा तह/स्तरका अध्यक्षको सिफारिसमा सम्बन्धित समितिहरूको बहुमत सदस्यहरूको अनुमोदनबाट त्यस्तो समितिमा निर्वाचित कुल सदस्य संख्याको बढीमा २० प्रतिशतसम्म सदस्य मनोनित गर्न सकिनेछ ।

(२) पदाधिकारी मनोनित गर्दा महाधिवेशन वा अधिवेशनबाट विधान बमोजिम एक तिहाइ महिला सदस्य निर्वाचित हुन नसकेको अवस्थामा उक्त संख्या मनोनित गरिने पदाधिकारीबाट पूरा गर्ने गरी गरिनेछ ।

(३) पदाधिकारी मनोनयन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५२. <u>महाधिवेशन तथा अधिवेशनबाट निर्वाचित हुने</u>: (१) विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक संघीय, प्रदेश, जिल्ला, स्थानीय तह, वडा तह/स्तरका समितिहरूको निर्वाचन सम्बन्धित तहको महाधिवेशन तथा अधिवेशनबाट मात्र गरिनेछ ।

(२) विधान बमोजिम सम्बन्धित तहको समितिमा महिलाको संख्या निर्वाचनबाट पूर्ति हुन नसकेमा दफा ५० बमोजिम मनोनयन हुने संख्याबाट उक्त संख्या पूर्ति गरिनेछ ।

५३. <u>पदबाट राजीनामा दिन सक्ने</u>: (१) अध्यक्षले सम्बन्धित तह/स्तरको समिति समक्ष तथा अन्य पदाधिकारीले अध्यक्ष समक्ष राजीनामा दिन सक्नेछन ।

(२) उप दफा (१) बमोजिम दर्ता हुन आएको राजीनामाको हकमा अध्यक्षले दिएको राजीनामा सम्बन्धित तह/स्तरको कार्य समितिको बैठकको उपस्थित संख्याको बहुमत सदस्य संख्याको निर्णयबाट स्वीकृत हुनेछ भने अन्यको हकमा अध्यक्षले स्वीकृत गर्न सक्नेछन् ।

(३) उप दफा (१) बमोजिम पर्न आएको राजीनामा उप दफा (२) बमोजिम स्वीकृत भएमा त्यस्तो पदाधिकारीको पद रिक्त हुनेछ ।

(४) अध्यक्षको राजीनामा स्वीकृत भएकोमा अध्यक्षको निर्वाचन नभए सम्मका लागि महासचिव (सुशासन) वा सचिव (सुशासन) ले कार्यबाहक अध्यक्षको रुपमा कार्य गर्नेछ ।

(५) पदाधिकारीको राजीनामा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५४. <u>अविश्वासको प्रस्ताव</u>: (१) सबै तह/स्तरका समितिका अध्यक्ष लगायत प्रमुख पदाधिकारी तथा सदस्यहरू विरुद्ध सम्बन्धित तह/स्तरको महासमिति वा परिषद्मा सदस्यका रूपमा रहेका पार्टी सदस्यहरूको चालीस प्रतिशत सदस्यले अविश्वासको प्रस्ताव संघीय तहको हकमा संघीय निर्वाचन आयोग तथा प्रदेशको हकमा प्रदेश निर्वाचन आयोग तथा अन्यको हकमा जिल्ला निर्वाचन आयोग वा वा उक्त आयोगले तोकेको निकायमा दर्ता गराउन सक्नेछन् । उक्त प्रस्ताव वर्षको एक पटक मात्रै दर्ता गर्न पाइनेछ र सो कार्य सम्बन्धित तह/स्तरको महासमिति वा परिषद् बैठक बस्ने बेलाभन्दा दुई महिना अगाडि मात्रै गर्नुपर्नेछ । अविश्वासको प्रस्ताव पेश गर्न पाउने समयको बारेमा संघीय तथा प्रदेश निर्वाचन आयोगले जानकारी गराउनुपर्नेछ ।

(२) उप दफा (१) बमोजिम दर्ता हुन आएको अविश्वासको प्रस्तावका सम्बन्धमा दर्ता भएको निर्वाचन आयोगले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी आधिकारिकता जाँच गर्नु पर्नेछ । यो काम प्रस्ताव दर्ता भएको १५ दिनभित्र गरिसक्नुपर्नेछ ।

(३) उप दफा (१) बमोजिम पर्न आएको अविश्वासको प्रस्ताव उप दफा (२) बमोजिम जाँच गर्दा आधिकारिक रहेको पाइएमा सम्बन्धित तह/स्तरको महासमिति वा परिषद्को बैठकमा निर्णयार्थ पेश गर्न सम्बन्धित तहको कार्य समितिमा पठाउनु पर्नेछ ।

(४) उप दफा (३) बमोजिम निर्वाचन समितिले पठाएको प्रस्ताव सम्बन्धित तह/स्तरको समितिले आउँदो महासमिति/परिषद् बैठकमा निर्णयार्थ लैजान सम्बन्धित कार्य समितिमा पेश गर्नु पर्नेछ ।

(५) उप दफा (३) बमोजिम निर्वाचन आयोगबाट प्राप्त प्रस्ताव उप दफा (४) बमोजिम निर्णयार्थ पेश गर्ने निर्णय नभएमा निर्वाचन आयोगले सम्बन्धित तहको महासमिति वा परिषद् बैठकमा उक्त प्रस्तावलाई निर्णयार्थ पेश गर्नेछ ।

(६) उप दफा (४) वा (५) बमोजिम पेश हुन आएको अविश्वासको प्रस्तावको पक्षमा सम्बन्धित तहको महासमिति वा परिषद् बैठकका उपस्थित सदस्य सङ्ख्याको कम्तीमा दुई तिहाइ मत प्राप्त भएमा त्यस्तो प्रस्ताव पारित हुनेछ ।

(७) अध्यक्षको विरुद्ध परेको अविश्वासको प्रस्ताव माथि निर्णय गर्न बोलाइएको बैठकको अध्यक्षता सम्बन्धित तह/स्तरको महा/सचिव (सुशासन) ले गर्नेछ ।

(८) यस दफा बमोजिम अविश्वासको प्रस्ताव उपर निर्णयमा निर्वाचन आयोगका पदाधिकारीहरूले मतदान गर्न पाउने छैनन् ।

(९) अविश्वासको प्रस्ताव सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५५. <u>महाभियोगको प्रस्ताव</u>: (१) विभिन्न तह/स्तरगत महाधिवेशन/अधिवेशनबाट निर्वाचित पार्टीका आयोगहरूका आयुक्तहरू उनीहरू उपर पेश गरिएको महाभियोगको प्रस्ताव पारित भएमा बर्खास्त हुनेछन् ।

(२) उप दफा (१) बमोजिमको महाभियोगको प्रस्ताव सम्बन्धित तह/स्तरको महासमिति वा परिषद्मा सदस्यका रूपमा रहेका पार्टी सदस्यहरूको चालीस प्रतिशत सदस्यले संघीय तथा प्रदेश तहको हकमा क्रमश: संघीय तथा प्रदेश निर्वाचन आयोग तथा अन्यको हकमा जिल्ला निर्वाचन आयोग वा उक्त आयोगले तोकेको निकायमा दर्ता गराउन सक्नेछन् । उक्त प्रस्ताव वर्षको एक पटक मात्रै दर्ता गर्न पाइनेछ र सो कार्य सम्बन्धित तह/स्तरको महासमिति वा परिषद् बैठक बस्ने बेलाभन्दा दुई महिना अगाडि मात्रै गर्नुपर्नेछ । महाभियोगको प्रस्ताव पेश गर्न पाउने समयको बारेमा संघीय तथा प्रदेश निर्वाचन आयोगले जानकारी गराउनुपर्नेछ ।

(३) उप दफा (१) बमोजिम दर्ता हुन आएको महाभियोगको प्रस्तावका सम्बन्धमा दर्ता भएको निर्वाचन आयोगले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी आधिकारिकता जाँच गर्नु पर्नेछ । यो काम प्रस्ताव दर्ता भएको १५ दिनभित्र गरिसक्नुपर्नेछ ।

(४) उप दफा (१) बमोजिम पर्न आएको महाभियोगको प्रस्ताव उप दफा (३) बमोजिम जाँच गर्दा आधिकारिक रहेको पाइएमा सम्बन्धित तह/स्तरको महासमिति वा परिषद्को बैठकमा निर्णयार्थ पेश गर्न सम्बन्धित तहको कार्य समितिमा पठाउनु पर्नेछ ।

(५) उप दफा (४) बमोजिम निर्वाचन समितिले पठाएको प्रस्ताव सम्बन्धित तह/स्तरको समितिले आउँदो महासमिति/परिषद् बैठकमा निर्णयार्थ लैजान सम्बन्धित कार्य समितिमा पेश गर्नु पर्नेछ ।

(६) उप दफा (४) बमोजिम निर्वाचन आयोगबाट प्राप्त प्रस्ताव उप दफा (५) बमोजिम निर्णयार्थ पेश गर्ने निर्णय नभएमा निर्वाचन आयोगले सम्बन्धित तह/स्तरको महासमिति वा परिषद् बैठकमा उक्त प्रस्तावलाई निर्णयार्थ पेश गर्नेछ ।

(६) उप दफा (५) वा (६) बमोजिम पेश हुन आएको महाभियोगको प्रस्तावको पक्षमा सम्बन्धित तहको महासमिति वा परिषद् बैठकका उपस्थित सदस्य सङ्ख्याको कम्तीमा दुई तिहाइ मत प्राप्त भएमा त्यस्तो प्रस्ताव पारित हुनेछ ।

(७) यस दफा बमोजिम महाभियोगको प्रस्ताव उपर निर्णयमा निर्वाचन आयोगका पदाधिकारीहरूले मतदान गर्न पाउने छैनन् ।

(९) महाभियोगको प्रस्ताव सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५६. पदाधिकारी तथा सदस्यको पद रिक्त हुने: (१) देहायको अवस्थामा पदाधिकारीको पद रिक्त हुनेछ :

(क) निजको मृत्यु भएमा,

(ख) निजले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ग) निजले पार्टी त्याग गरेमा,

(घ) निज विरुद्धको अविश्वास वा महाभियोगको प्रस्ताव पारित भएमा ।

५७. रिक्त पद पूर्ति: (१) निर्वाचनबाट चयन भएका सबै पदमा बहाल सदस्यहरूको कार्यावधि एक वर्षभन्दा बढी रहेको अवस्थामा पद रिक्त हुन गएमा त्यस्तो पद यस दफा बमोजिम पूर्ति गरिनेछ ।

(२) सम्बन्धित तह/स्तरको अध्यक्षबाट मनोनित पद रिक्त हुन गएमा अध्यक्षले मनोनयन गरी सम्बन्धित तह/स्तरको समितिबाट अनुमोदन गराई निजलाई नियुक्त गर्न सक्नेछन् ।

(३) उप दफा (१) बमोजिमका पदहरूको पदपूर्ति सम्बन्धित तह/स्तरको महासमिति बैठक वा परिषद्को बैठकबाट गरिनेछ ।

(४) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ९

## महाधिवेशन तथा अधिवेशन सम्बन्धी व्यवस्था

५८. महाधिवेशन तथा अधिवेशन: (१) पार्टीको महाधिवेशन तथा तह/स्तरगत अधिवेशन गर्दा सबभन्दा सानो इकाइको अधिवेशन पहिला गर्ने र त्यसपछि माथिल्लो तह/स्तरको अधिवेशन गर्ने गरी संघीय कार्य समितिले तालिका तय गर्नुपर्नेछ । महाधिवेशन तथा तह/स्तरगत अधिवेशन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) महाधिवेशन: (१) महाधिवेशनमा देहाय बमोजिमका सदस्य हुनेछन् :

(अ) संघीय कार्य समिति तथा आयोगहरूका पदाधिकारी तथा सदस्यहरू

(आ) प्रतिनिधि सभा र राष्ट्रिय सभामा पार्टीबाट निर्वाचित प्रतिनिधिहरू

(इ) निवर्तमान संघीय कार्य समितिका अध्यक्ष, महासचिव, कोषाध्यक्ष

(ई) नयाँ महाधिवेशन गर्ने चरणमा उक्त अधिवेशन गर्नु अगावै सम्पन्न भएका तह/स्तरगत अधिवेशनबाट चयन भएका प्रदेश तह, स्थानीय तह, जिल्ला कार्य समितिका अध्यक्ष, र सचिवहरू

(उ) हरेक प्रतिनिधि सभा निर्वाचन क्षेत्रबाट चयन भएका ५ जना प्रतिनिधिहरू

(ऊ) प्रवास समितिका प्रतिनिधिहरू तोकिए बमोजिम

(२) <u>महाधिवेशनको काम, कर्तव्य र अधिकार:</u> (अ) महाधिवेशन प्रतिनिधि मध्येबाट संघीय कार्य समितिका पदाधिकारी र सदस्यहरू तथा संघीय तहका आयोगहरूका पदाधिकारीहरूको निर्वाचन गर्ने ।

(आ) संघीय कार्य समितिले प्रस्तुत गरेका विषयमा छलफल गरी निर्णय गर्ने।

(इ) पार्टी संगठन र नीति, रणनीति, कार्य दिशा सम्बन्धी विषयमा नीतिगत निर्णय लिने

(ई) महाधिवेशनले महासमिति, संघीय कार्य समितिलाई आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(उ) महाधिवेशन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(ख) <u>प्रदेश अधिवेशन</u>: (१) प्रदेश अधिवेशनमा प्रतिनिधिहरूको चयन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:

(अ) प्रदेश कार्य समिति तथा आयोगहरूका पदाधिकारी तथा सदस्यहरू

(आ) प्रदेश सभामा पार्टीबाट निर्वाचित प्रतिनिधिहरू,

(इ) संघीय समिति वा आयोगहरूमा पदासीन नभएको अवस्थामा निवर्तमान प्रदेश कार्य समितिका अध्यक्ष, सचिव, कोषाध्यक्ष,

(ई) नयाँ प्रदेश अधिवेशन गर्ने चरणमा उक्त अधिवेशन गर्नु अगावै सम्पन्न भएका तहगत अधिवेशनबाट चयन भएका स्थानीय तह एवम् जिल्ला कार्य समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष,

(उ) हरेक प्रदेश सभा निर्वाचन क्षेत्रबाट चयन भएका ३ जना प्रतिनिधिहरू

(२) <u>प्रदेश अधिवेशनको काम, कर्तव्य र अधिकार:</u> (अ) प्रदेश अधिवेशन प्रतिनिधि मध्येबाट प्रदेश कार्य समितिका पदाधिकारी र सदस्यहरू तथा प्रदेश तहका आयोगहरूका पदाधिकारीहरूको निर्वाचन गर्नेछ ।

(आ) प्रदेश कार्य समितिले प्रस्तुत गरेका विषयमा छलफल गरी निर्णय गर्ने ।

(इ) प्रदेशको पार्टी संगठन र नीति, रणनीति, कार्य दिशा सम्बन्धी विषयमा संघीय नीति अनुरूप हुने गरी नीतिगत निर्णय लिने ।

(ई) प्रदेश अधिवेशनले प्रदेश परिषद्, प्रदेश कार्य समितिलाई आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(उ) प्रदेश अधिवेशन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(ग) <u>जिल्ला अधिवेशन</u>: (१) जिल्ला अधिवेशनमा प्रतिनिधिहरूको चयन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:

(अ) जिल्ला कार्य समितिका पदाधिकारी तथा सदस्यहरू र जिल्ला तहको अधिवेशनबाट निर्वाचित अन्य समितिका पदाधिकारीहरू

(आ) जिल्ला समन्वय समितिमा पार्टीबाट निर्वाचित प्रतिनिधिहरू

(इ) प्रदेश समिति वा आयोगहरूमा पदासीन नभएको अवस्थामा निवर्तमान जिल्ला कार्य समितिका अध्यक्ष, सचिव, कोषाध्यक्ष,

(ई) नयाँ जिल्ला अधिवेशन गर्ने चरणमा उक्त अधिवेशन गर्नु अगावै सम्पन्न भएका तहगत अधिवेशनबाट चयन भएका स्थानीय तह कार्य समितिका अध्यक्ष, सचिव तथा कोषाध्यक्ष, तथा अधिकतम मत ल्याउने ३ जना स्थानीय तह कार्य समितिका सदस्यहरू (यदि सबै निर्विरोध भएमा गोलाप्रथाबाट प्रतिनिधि चयन गरिनेछ)

(उ) हरेक स्थानीय तहबाट चयन गरिएका तीन प्रतिनिधिहरू

(२) <u>जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार:</u> (अ) जिल्ला अधिवेशन प्रतिनिधि मध्येबाट जिल्ला कार्य समितिका पदाधिकारी र सदस्यहरू तथा विधान बमोजिम जिल्ला स्तरका अन्य समितिका पदाधिकारीहरूको निर्वाचन गर्नेछ ।

(आ) जिल्ला कार्य समितिले प्रस्तुत गरेका विषयमा छलफल गरी निर्णय गर्ने।

(इ) जिल्लाको पार्टी संगठन र नीति, रणनीति, कार्य दिशा सम्बन्धी विषयमा संघीय तथा प्रादेशिक नीति अनुरूप हुने गरी नीतिगत निर्णय लिने

(ई) जिल्ला अधिवेशनले जिल्ला परिषद् तथा जिल्ला कार्य समितिलाई आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(उ) जिल्ला अधिवेशन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(घ) <u>स्थानीय तह अधिवेशन</u>: (१) स्थानीय तहको अधिवेशनमा प्रतिनिधिहरूको चयन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:

(अ) स्थानीय तह कार्य समितिका पदाधिकारी तथा सदस्यहरू र स्थानीय अधिवेशनले निर्वाचित गरेका अन्य समितिका पदाधिकारीहरू

(आ) स्थानीय तहको आम निर्वाचनमा पार्टीबाट निर्वाचित प्रतिनिधिहरू

(इ) जिल्ला कार्य समिति वा जिल्लाका अन्य समितिहरूमा पदासीन नभएको अवस्थामा निवर्तमान स्थानीय कार्य समितिका अध्यक्ष, सचिव, कोषाध्यक्ष,

(ई) नयाँ स्थानीय तहको अधिवेशन गर्ने चरणमा उक्त अधिवेशन गर्नु अगावै सम्पन्न भएका तहगत अधिवेशनबाट चयन भएका वडा कार्य समितिका अध्यक्ष, सचिव, कोषाध्यक्ष,

(उ) हरेक वडाबाट चयन गरिएका तीन प्रतिनिधिहरू

(२) स्थानीय तह अधिवेशनको काम, कर्तव्य र अधिकार: (अ) स्थानीय तह अधिवेशन प्रतिनिधि मध्येबाट स्थानीय तह कार्य समितिका पदाधिकारी र सदस्यहरू तथा विधान बमोजिम स्थानीय तहका अन्य समितिका पदाधिकारीहरूको निर्वाचन गर्ने ।

(अ) स्थानीय कार्य समितिले प्रस्तुत गरेका विषयमा छलफल गरी निर्णय गर्ने।

(आ) स्थानीय तहको पार्टी संगठन र नीति, रणनीति, कार्य दिशा सम्बन्धी विषयमा संघीय, प्रादेशिक तथा जिल्ला स्तरको नीति अनुरूप हुने गरी नीतिगत निर्णय लिने

(इ) स्थानीय तह अधिवेशनले स्थानीय तह परिषद् तथा स्थानीय तह कार्य समितिलाई आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्ने ।

(ई) स्थानीय तह अधिवेशन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने ।

(ङ) वडा अधिवेशन: (१) वडा अधिवेशनमा प्रतिनिधिहरूको चयन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:

(अ) वडा कार्य समितिका पदाधिकारी तथा सदस्यहरू र वडा अधिवेशनले निर्वाचित गरेका अन्य समितिका पदाधिकारीहरू

(आ) स्थानीय तहको निर्वाचनमा पार्टीबाट सम्बन्धित वडामा निर्वाचित प्रतिनिधिहरू

(इ) स्थानीय तह कार्य समिति वा स्थानीय तहका अन्य समितिहरूमा पदासीन नभएको अवस्थामा निवर्तमान वडा कार्य समितिका अध्यक्ष, सचिव, कोषाध्यक्ष,

(ई) वडाबाट चयन गरिएका बढीमा २० प्रतिनिधिहरू

(उ) वडा अन्तर्गतका हरेक बुथबाट चयन गरिएका तीन प्रतिनिधिहरू

(२) वडा अधिवेशनको काम, कर्तव्य र अधिकार: (अ) वडा अधिवेशन प्रतिनिधि मध्येबाट वडा कार्य समितिका पदाधिकारी र सदस्यहरू तथा विधान बमोजिम स्थानीय तहका अन्य समितिका पदाधिकारीहरूको निर्वाचन गर्ने ।

(आ) वडा कार्य समितिले प्रस्तुत गरेका विषयमा छलफल गरी निर्णय गर्ने।

(इ) वडा स्तरको पार्टी संगठन र नीति, रणनीति, कार्य दिशा सम्बन्धी विषयमा संघीय, प्रादेशिक, जिल्ला स्तर तथा स्थानीय तहको नीति अनुरूप हुने गरी नीतिगत निर्णय लिने

(ई) वडा अधिवेशनले वडा कार्य समितिलाई आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(उ) वडा अधिवेशन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) महाधिवेशन पार्टीको सर्वोच्च निकायको रुपमा रहनेछ र तह तथा स्तरगत अधिवेशनहरू सम्बन्धित तह तथा स्तरको समितिको हकमा माथिल्लो निकायको रुपमा रहनेछन् ।

(३) उप दफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ) तथा (च) बमोजिमको महा/अधिवेशन निर्वाचन प्रयोजनका लागि प्रत्येक चार वर्षमा आयोजना गरिनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै राष्ट्रिय विपत्ती, महामारी, विपद् वा आम निर्वाचनको नजिक भएका कारण तोकिएको अवधिभित्रै महाधिवेशन वा अधिवेशन सम्पन्न गर्न नसकिने/उपयुक्त नहुने अवस्था सिर्जना भएमा पार्टीको संघीय कार्य समितिले बढीमा अर्को छ महिनाभित्र महाधिवेशन वा अधिवेशन आयोजना गर्ने गरी निर्णय गर्न सक्नेछ ।

(५) उप दफा (४) बमोजिम निर्णय भएकोमा महाधिवेशनको हकमा संघीय कार्य समितिले निर्वाचन आयोगलाई, प्रदेश अधिवेशनको हकमा प्रदेश समितिले प्रदेश निर्वाचन कार्यालयलाई र जिल्ला तथा स्थानीय तह अधिवेशनको हकमा सम्बन्धित जिल्ला समितिले जिल्ला निर्वाचन कार्यालयलाई निर्णय भएको मितिले पन्ध्र दिनभित्र जानकारी दिनु पर्नेछ ।

(६) महाधिवेशन तथा अधिवेशन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(७) यस दफा बमोजिमको महाधिवेशन तथा अधिवेशन प्रतिनिधिमा कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ महिला प्रतिनिधि रहनेछन् ।

(८) यस दफा बमोजिमको महाधिवेशन तथा अधिवेशन प्रतिनिधिमा दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम तथा पिछडिएको क्षेत्रबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा तोकिए बमोजिमको संख्यामा प्रतिनिधिहरू रहनेछन् ।

(९) महाधिवेशन तथा अधिवेशन प्रतिनिधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५९. <u>महासमिति तथा तह/स्तरगत परिषद्:</u> (१) महाधिवेशन प्रतिनिधिहरूले महाधिवेशन भएको वर्षभन्दा अन्य वर्षमा वार्षिक एक पटक भेला भई विधानले तोकेका कामहरू गर्ने संघीय तहको निकायको नाम महासमिति हो ।

(२) तह/स्तरगत परिषद् भन्नाले प्रदेश, जिल्ला तथा स्थानीय तहमा सक्रिय रहने तह/स्तरगत परिषद् हो । पार्टीका तह/स्तरगत अधिवेशन प्रतिनिधिहरूले अधिवेशन भएको वर्षभन्दा अन्य वर्षमा वार्षिक एक पटक भेला भई विधानले तोकेका कामहरू गर्ने निकाय नै तह/स्तरगत परिषद् हो ।

६०. <u>महासमिति तथा तह/स्तरगत परिषद्को काम कर्तव्य र अधिकार</u>: (१) पार्टीको महासमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) महाधिवेशनले गरेका निर्णयहरूको कार्यान्वयनको स्थितिको समीक्षा गर्ने ।

(ख) बदलिँदो परिस्थितिमा पार्टीको नीति, कार्यदिशा, रणनीति तथा योजना तय गर्ने,

(ग) पार्टीको कार्यक्रम तथा बजेट माथि छलफल र स्वीकृत गर्ने,

(घ) पार्टीको विधान आवश्यकता अनुसार संशोधन गर्ने,

(ङ) महाधिवेशनले निर्वाचित गरेको कुनै पद रिक्त भएमा ती पदहरूको पदपूर्ति गर्ने

(च) महासमितिले गर्नु पर्ने कुनै कार्य संघीय कार्य समितिले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने

(छ) महासमितिमा संघीय कार्य समिति तथा विधान बमोजिमका निकायबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गर्ने तथा त्यस उपर निर्णय लिने तथा आवश्यक विषयहरूमा आगामी मार्गचित्र तयार गर्ने,

(२) पार्टीको तह/स्तरगत परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) तह/स्तरगत अधिवेशनले गरेका निर्णयहरूको कार्यान्वयनको स्थितिको समीक्षा गर्ने,

(ख) बदलिँदो परिस्थितिमा पार्टी प्रदेश/जिल्ला/स्थानीय तह कार्य समितिको कार्यदिशा, रणनीति तथा योजना तय गर्ने र आफूभन्दा माथिल्लो निकायलाई उक्त निकायले लिनुपर्ने नीतिको बारेमा सिफारिस गर्ने,

(ग) पार्टीको तह/स्तरगत समितिको कार्यक्रम तथा बजेट माथि छलफल गर्ने र स्वीकृत गर्ने,

(घ) सम्बन्धित तह/स्तरगत कार्य समिति तथा विधान बमोजिमका तहगत निकायहरूको निर्वाचन गर्ने,

(च) तह/स्तरगत अधिवेशनले निर्वाचित गरेको कुनै पद रिक्त भएमा ती पदहरूको पदपूर्ति गर्ने

(छ) तह/स्तरगत परिषद्ले गर्नुपर्ने कुनै कार्य सम्बन्धित तह/स्तरगत कार्य समितिले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने

(ज) तह/स्तरगत परिषद्मा सम्बन्धित तह/स्तरगत कार्य समिति तथा विधान बमोजिमका निकायबाट प्रस्तुत प्रतिवेदन उपर छलफल तथा आगामी मार्गचित्र तयार गर्ने,

(३) महाधिवेशन/महासमिति तथा तह/स्तरगत अधिवेशन/परिषद्को काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६१. <u>महाधिवेशन/महासमिति तथा तहगत अधिवेशन/स्तरगत परिषद्को बैठक आह्वान</u>: (१) महाधिवेशन/महासमिति आयोजना गरिने मिति, समय र स्थान तोकी महाधिवेशन/महासिमितिको घोषणा संघीय कार्य समितिले गर्नेछ । अन्य तह/स्तरगत अधिवेशन/परिषद् सम्पन्न गर्नुपर्ने समयसीमा पनि संघीय कार्य समितिले महाधिवेशन/महासमितिको बैठकको घोषणा गर्दा गर्नुपर्नेछ ।

(२) प्रदेश, जिल्ला, स्थानीय तह, वडा अधिवेशन तथा विधानमा तोकिएका तह/स्तरगत परिषद्हरू सम्पन्न गरिने उप दफा (१) बमोजिम संघीय कार्य समितिले तोकेको समयसीमाभित्र सम्पन्न हुने गरी त्यसको मिति, समय र स्थान तोकी तहगत अधिवेशन/परिषद्को घोषणा सम्बन्धित तहको कार्य समितिले गर्नेछ ।

(३) उप दफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विधान बमोजिम अधिवेशन/परिषद् गर्नु पर्ने अवधिमा सम्बन्धित तह/स्तरको कार्य समितिले अधिवेशन आह्वान नगरे वा गराउन नसकेमा निकटतम् माथिल्लो तह/स्तरको कार्य समितिले त्यस्तो तहको अधिवेशन गर्ने मिति, समय र स्थान तोकी अधिवेशन आह्वान गर्नु पर्नेछ ।

(४) उप दफा (१), (२) र (३) बमोजिम महाधिवेशन तथा अधिवेशनको घोषणा भएपछि सम्बन्धित तह/स्तरको कार्य समिति स्वत: महाधिवेशन तथा अधिवेशन आयोजक समितिमा रुपान्तरण हुनेछ । महासमिति तथा तहगत परिषद्हरूको आयोजना क्रमश: संघीय कार्य समिति तथा तहगत कार्य समितिहरूले गर्नेछन् ।

(५) उप दफा (४) बमोजिमको महाधिवेशन तथा अधिवेशन आयोजक समितिले यस विधानमा उल्लेख भएको तथा यस विधान बमोजिम तोकिए बमोजिमको प्रक्रिया पूरा गरी महाधिवेशन तथा अधिवेशन सम्पन्न गर्नु पर्नेछ ।

(६) महाधिवेशन/महासमिति तथा अधिवेशन/परिषद् घोषणा तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६२. <u>महाधिवेशन/महासमिति तथा अधिवेशन/परिषद्को निर्णय प्रमाणीकरण</u>: (१) महाधिवेशन/ महासमितिको निर्णय प्रमाणीकरणको लागि महाधिवेशन/महासमितिले महाधिवेशन/महासमिति प्रतिनिधिहरू मध्येबाट कम्तीमा एक तिहाइ महिला सहित पाँच जना सदस्य रहेको निर्णय प्रमाणीकरण समिति गठन गर्नुपर्नेछ । महासमिति बैठकको हकमा उक्त समितिको नेतृत्व संघीय कार्य समितिको महासचिव (राजनीतिक) ले गर्नेछन् ।

(२) तह/स्तरगत अधिवेशन/परिषद्को निर्णय प्रमाणीकरणको लागि सम्बन्धित तह/स्तरको अधिवेशन/परिषद्ले अधिवेशन प्रतिनिधिहरू मध्येबाट एक तिहाइ महिला सहित पाँच जना सदस्य रहेको निर्णय प्रमाणीकरण समिति गठन गर्नु पर्नेछ । तह/स्तरगत परिषद्को निर्णय प्रमाणीकरणका लागि सम्बन्धित तह/स्तरको कार्यसमितिका सचिव (राजनीतिक) ले उक्त समितिको नेतृत्व गर्नेछन् ।

(३) यस दफा बमोजिम गठन भएको निर्णय प्रमाणीकरण समितिबाट निर्णय प्रमाणीकरण भएपछि मात्र निर्णयले आधिकारिकता पाउने र कार्यान्वयनमा आउनेछ ।

(४) निर्णय प्रमाणीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – १०

## विभिन्न तहका सभा/परिषद, समिति, विभाग तथा पदाधिकारीको काम, कर्तव्य र अधिकार

६३. <u>संघीय कार्य समितिको काम, कर्तव्य र अधिकार</u>: (१) संघीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) महासमिति र महाधिवेशनका निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

(२) महासमिति र महाधिवेशनको बैठक नभएको बेला आवश्यक विषयमा निर्णय गर्ने र पछि हुने महासमिति वा महाविशेनमा पेस गर्ने

(३) संघीय संसद, प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा पार्टीको घोषणा पत्र, नीति कार्यक्रम तयार गर्ने र निर्वाचनका लागि पार्टीका सम्पूर्ण निकायलाई परिचालन गर्ने गराउने ।

(४) महासमिति र महाधिवेशनमा प्रतिवेदन तथा प्रस्ताव पेस गर्ने ।

(५) पार्टीको आचारसंहिता बनाउने र आचारसंहिता पालना गराउने र अनुशासन कायम राख्ने ।

(६) संघीय स्तरमा आवश्यकता अनुसार काम, कर्तव्य र अधिकार तोकी यस विधानमा उल्लेख गरिएका वाहेक अन्य विभिन्न विभागहरू तथा निकायहरू गठन गर्ने ।

(७) विभिन्न प्रयोजनका लागि आवश्यकतानुसार आयोग, समिति, उपसमिति, प्रतिनिधि एवं पर्यवेक्षक बनाउने र त्यसको कार्यक्षेत्र निर्धारण गर्ने तथा प्राप्त प्रतिवेदनहरूको आवश्यक मूल्याङ्कन गरी संघीय कार्यालय अन्तर्गत रहेका विभाग र केन्द्रहरू मार्फत कार्यान्वयन गराउने ।

(८) पार्टीका विभिन्न निकायबाट प्राप्त प्रतिवेदनहरूको छानविन गरी अनुमोदन गर्ने, नियमित गराउन निर्देशन दिने र आवश्यकतानुसार कारवाही समेत गर्ने ।

(९) महाधिवेशन र महासमितिद्वारा स्वीकृत पार्टीको नीति, कार्यक्रम र घोषणापत्र पार्टीको संसदीय पार्टीलाई उपलब्ध गराउने तथा संसदीय पार्टीबाट प्राप्त प्रतिवेदन महाधिवेशन र महासमितिमा प्रस्तुत गर्ने ।

(१०) पार्टी सरकारमा सहभागी हुने वा नहुने वा कसैलाई समर्थन गर्ने वा नगर्ने सम्बन्धमा नीतिगत निर्णय गर्ने र सरकारमा सहभागी हुने अवस्थामा सरकारमा जाने मन्त्रीहरूको मापदण्ड तयार गर्ने ।

(११) संसदीय निर्वाचन, प्रदेश निर्वाचन र स्थानीय निर्वाचनमा पार्टीको स्थितिको मूल्याङ्कन गर्ने र त्यसपछि हुने महासमितिमा प्रतिवेन प्रस्तुत गर्ने ।

(१२) अन्तराष्ट्रिय संघ संस्थाहरूसंग सम्पर्क तथा मैत्री कायम राखी परस्परको हितलाई संरक्षण गर्ने ।

(१३) आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत संकलन र परिचालन गर्ने ।

(१४) संघीय लेखापरीक्षण आयोगले दिएको लेखापरीक्षण सम्बन्धी प्रतिवेदन पारित गर्ने र सो प्रतिवेदन कोषाध्यक्ष मार्फत महाधिवेशन/महासमितिमा प्रस्तुत गर्ने ।

(१५) प्रदेशका समितिहरूको समन्वय र सुपरीवेक्षण गर्ने ।

(१६) प्रदेश र मातहत तहका निर्वाचनमा आवश्यकता अनुसार प्रतिनिधि खटाउने ।

(१७) राष्ट्रिय राजनीतिका विभिन्न विषयमा छलफल गरी समसामयिक दृष्टिकोण र रणनीति निर्माण गर्ने ।

(१८) पार्टीको कुनै निकाय, पदाधिकारी वा सदस्यले विधान वा संघीय निर्देशनको गम्भीर उल्लङ्घन गरी पार्टी हित विपरीत काममा संलग्न भएको देखिएमा र पार्टीको हितका लागि तत्काल कारवाही गर्न आवश्यक भएमा संघीय कार्यसमितिले आवश्यक छानविन गरी त्यस्तो निकाय वा पदाधिकारीलाई निलम्बन, विघटन वा हटाउन सक्नेछ । यसरी विघटन गरिएकोमा वा हटाइएकोमा संघीय कार्यसमितिले तत्काल तदर्थ समिति गठन गर्नेछ र छ महिनाभित्र विधान बमोजिम निर्वाचन गरी पदपूर्ति गर्नेछ ।

(२) संघीय समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६४. <u>संघीय कार्य सम्पादन समिति:</u> (१) संघीय कार्य सम्पादन समितिको पदाधिकारी सम्बधी व्यवस्था देहाय बमोजिम हुनेछ :

संघीय कार्य सम्पादन समितिमा संघीय कार्य समितिका अध्यक्ष, महासचिव तथा कोषाध्यक्ष रहनेछन् ।

(२) संघीय कार्य सम्पादन समितिको काम, कर्तव्य र अधिकार :

(१) संघीय कार्य समितिका दुई बैठकको बीचमा उक्त समितिले गर्नुपर्ने भनी दिएका जिम्मेवारी संघीय कार्य सम्पादन समितिले गर्नेछ ।

(२) संघीय कार्य सम्पादन समितिको आफ्नो निर्णय कार्यसमितिको बैठकमा पेस गरी अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।

(३) पार्टीका संघीय विभागको कामको समीक्षा गर्नेछ ।

(४) संघीय संसदीय पार्टीको कार्यसमिति, संसदीय पार्टीका विषय समितिका संयोजकसँग संयुक्त रूपमा विषयगत छलफलको आयोजना गर्नेछ ।

(५) संघीय कार्यसमितिले पार्टीको कुनै पनि निकायलाई निलम्बन गर्दा त्यस्तो निलम्बन भएको पार्टीको निकायको कार्यसम्पादन गर्न निलम्बन भएको अवधिसम्मका लागि कुनै समिति वा सदस्य वा व्यक्तिलाई तोक्न सक्नेछ ।

(६) योग्यता पुगेका कुनै व्यक्तिलाई तत्काल् यस पार्टीको सदस्यता वा सक्रिय सदस्यता दिनु पर्ने अवस्था भएमा सदस्यता प्रदान गर्नेछ ।

६५. संघीय तहमा रहने विभागको काम, कर्तव्य र अधिकार: (१) संघीय तहमा रहने विभागहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(१) संघीय तहमा रहेका विभागहरूले आफ्नो तोकिएको कार्यक्षेत्रभित्रका विषयहरूमा पार्टीले बनाउनुपर्ने नीतिको तर्जुमा गर्ने, भएका नीतिहरूको पुनरावलोकन गर्नुपर्ने, गर्नुपर्ने कामहरू सम्पादन गर्ने ।

(२) उक्त नीतिहरू बनाउँदा अन्य तहगत विभाग, कार्य समितिहरू तथा आम सदस्यहरू तथा नागरिकहरूको पनि सुझाब लिने । ,

(२) संघीय तहमा रहने विभागीय समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६६. संघीय तहमा रहने अन्य समितिको काम, कर्तव्य र अधिकार: (१) संघीय तहमा रहने सल्लाहकार समितिको काम, कर्तव्य र अधिकारमा संघीय तहमा रहने सल्लाहकार समितिले संघीय कार्य समितिले लिनुपर्ने नीति, चाल्नुपर्ने कदमको बारेमा सल्लाह, सुझाब दिने हुनेछ ।

(२) यस दफा बमोजिम संघीय तहमा रहने सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६७. प्रदेश कार्य समितिको काम, कर्तव्य र अधिकार: (१) प्रदेश कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) प्रदेशभित्र पार्टीको कामको नेतृत्व गर्ने । प्रदेश अधिवेशनको निर्णय कार्यन्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

(२) आफ्नो कार्यक्षेत्र अन्तर्गतका राजनीतिक र संगठनात्मक विषयमा निर्णय गर्ने ।

(३) प्रदेश भित्रका जिल्ला कार्यसमितिबीच समन्वय गर्ने, पार्टीको हितमा आवश्यक सहयोग र निर्देशन दिने ।

(४) संघीय संसद, प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा प्रदेश भित्रका पार्टीका सबै निकायलाई परिचालन गर्ने, समन्वय गर्ने र आवश्यकतानुसार निर्देशन दिने ।

(५) प्रदेश अधिवेशनको बैठक नभएको बेला आवश्यक विषयमा निर्णय गर्ने र पछि हुने प्रदेश अधिवेशनमा त्यस्तो निर्णय पेश गर्ने ।

(६) प्रदेश अधिवेशनमा प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने ।

(७) पार्टीको आचारसंहिता पालना गराउने र अनुशासन कायम राख्ने ।

(८) प्रदेश स्तरमा आवश्यकता अनुसार काम, कर्तव्य र अधिकार तोकी यस विधानमा उल्लेख गरिएका वाहेकका अन्य विभिन्न विभाग तथा निकाय गठन गर्ने ।

(९) प्रदेश अधिवेशन र प्रदेश सम्मेलनद्वारा स्वीकृत कार्यक्रम र घोषणा पार्टीको प्रदेश सभा संसदीय पार्टीलाई उपलव्ध गराउने तथा प्रदेश सभा संसदीय पार्टीको प्रतिवेदन प्रदेश अधिवेशन प्रस्तुत गर्ने ।

(१०) प्रदेश सरकारमा पार्टी सहभागी हुने वा नहुने वा कसैलाई समर्थन गर्ने वा नगर्ने सम्बन्धमा संघीय कार्य समितिसँग समन्वय गरी नीतिगत निर्णय गर्ने र सरकारमा सहभागी हुने अवस्थामा प्रदेश सरकारमा जाने मन्त्रीको मापदण्ड तयार गर्ने ।

(११) प्रदेशभित्र संसदीय निर्वाचन र स्थानीय निर्वाचनमा पार्टीको पक्षमा प्रचार प्रसार गर्ने गराउने, पार्टीको स्थितिको मूल्याङ्कन गर्ने र त्यसपछि हुने प्रदेश सम्मेलनमा प्रतिवेदन प्रस्तुत गर्ने ।

(१२) प्रदेश स्तरका विभाग, समिति र अन्य निकायका प्रमुख, उपप्रमुख, सदस्य सचिव र सदस्यको नियुक्ति, मनोनयन वा हेरफेर गर्ने ।

(१३) समय समयमा प्रशिक्षण, गोष्ठी, शिविर र भ्रमण आदिको आयोजना गर्ने गराउने ।

(२) प्रदेश कार्य समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६८. <u>प्रदेश कार्य सम्पादन समिति तथा त्यसको काम, कर्तव्य र अधिकार</u> : (१) प्रदेश कार्य सम्पादन समितिमा देहाय बमोजिमका सदस्य हुनेछन् ।

प्रदेश कार्य समितिका अध्यक्ष, सचिव तथा कोषाध्यक्ष सदस्यका रूपमा रहनेछन् ।

(२) प्रदेश कार्य सम्पादन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) कार्यसमितिको एउटा बैठक र अर्को बैठकको बीचमा कार्यसमितिले गर्नुपर्ने काम प्रदेश कार्य सम्पादन समितिले गर्ने ।

(२) प्रदेश कार्य सम्पादन समितिको आफ्नो निर्णय कार्यसमितिको बैठकमा पेस गरी अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।

(३) पार्टीको प्रदेश विभागका कामको समीक्षा गर्ने ।

(४) प्रदेश कार्यालयका लागि आवश्यक कर्मचारीहरूको नियुक्ति र हेरफेर गर्ने ।

(५) संघबाट प्राप्त नीति, निर्देशन कार्यान्वयन गर्ने, गराउने ।

(६) प्रदेश संसदीय दलको कार्यसमिति, संसदीय दलका विषय समितिका संयोजकसंग संयुक्त रूपमा विषयगत छलफलको आयोजना गर्ने ।

(३) प्रदेश कार्य सम्पादन समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६९. <u>प्रदेश तहमा रहने विभागको काम, कर्तव्य र अधिकार</u>: (१) प्रदेश तहमा रहने विभागहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(१) प्रदेश तहमा रहेका विभागहरूले आफ्नो तोकिएको कार्यक्षेत्रभित्रका विषयहरूमा पार्टीले बनाउनुपर्ने नीतिको तर्जुमा गर्ने, भएका नीतिहरूको पुनरावलोकन गर्नुपर्ने, गर्नुपर्ने कामहरू सम्पादन गर्ने ।

(२) उक्त नीतिहरू बनाउँदा अन्य तहगत विभाग, कार्य समितिहरू तथा आम सदस्यहरू तथा नागरिकहरूको पनि सुझाव लिने । ,

(२) प्रदेश तहमा रहने विभागीय समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७०. <u>प्रदेश तहमा रहने सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार</u>: (१) प्रदेश तहमा रहने सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) प्रदेश तहमा रहने सल्लाहकार समितिले संघीय कार्य समितिले लिनुपर्ने नीति, चाल्नुपर्ने कदमको बारेमा सल्लाह, सुझाब दिने ।

(२) यस दफा बमोजिमको प्रदेश तहको सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७१. <u>जिल्ला कार्य समितिको काम, कर्तव्य र अधिकार</u>: (१) जिल्ला कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) जिल्ला कार्य समितिले जिल्लाभित्र पार्टी कामको नेतृत्व गर्ने । जिल्ला अधिवेशनको निर्णय कार्यन्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

(२) आफ्नो कार्यक्षेत्र अन्तर्गतका राजनीतिक र संगठनात्मक विषयमा निर्णय गर्ने ।

(३) जिल्ला भित्रका स्थानीय तहका कार्य समितिबीच समन्वय गर्ने, पार्टीको हितमा आवश्यक सहयोग र निर्देशन दिने ।

(४) संघीय संसद, प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा जिल्ला भित्रका पार्टीका सबै निकायलाई परिचालन गर्ने, समन्वय गर्ने र आवश्यकतानुसार निर्देशन दिने ।

(५) जिल्ला अधिवेशनको बैठक नभएको बेला आवश्यक विषयमा निर्णय गर्ने र पछि हुने जिल्ला अधिवेशनमा त्यस्तो निर्णय पेश गर्ने ।

(६) जिल्ला अधिवेशनमा प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने ।

(७) पार्टीको आचारसंहिता पालना गराउने र अनुशासन कायम राख्ने ।

(८) जिल्ला स्तरमा आवश्यकता अनुसार काम, कर्तव्य र अधिकार तोकी यस विधानमा उल्लेख गरिएका वाहेकका अन्य विभिन्न विभागहरू तथा निकायहरू गठन गर्ने ।

(९) संसदीय, प्रदेश र स्थानीय निर्वाचनमा पार्टीको पक्षमा प्रचार प्रसार गर्ने गराउने, पार्टीको स्थितिको मुल्याङ्कन गर्ने र त्यसपछि हुने जिल्ला परिषद्मा प्रतिवेदन प्रस्तुत गर्ने ।

(१०) जिल्ला स्तरका समिति र अन्य निकायका प्रमुख, उपप्रमुख, सदस्य सचिव र सदस्यको नियुक्ति, मनोनयन वा हेरफेर गर्ने ।

(११) समय समयमा प्रशिक्षण, गोष्ठी, शिविर र भ्रमण आदिको आयोजना गर्ने गराउने ।

(१२) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

७२. जिल्ला कार्य सम्पादन समिति तथा उक्त समितिको काम, कर्तव्य र अधिकार : (१) जिल्ला कार्य सम्पादन समितिमा देहाय बमोजिमका सदस्य हुनेछन् ।

जिल्ला कार्य सम्पादन समितिमा जिल्ला कार्य समितिका अध्यक्ष, सचिव तथा कोषाध्यक्ष सदस्यका रूपमा रहनेछन् ।

(२) जिल्ला कार्य सम्पादन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) कार्यसमितिको एउटा बैठक र अर्को बैठकको बीचमा जिल्ला कार्य समितिले गर्नुपर्ने काम जिल्ला कार्य सम्पादन समितिले गर्नेछ ।

(२) जिल्ला कार्य सम्पादन समितिको आफ्नो निर्णय जिल्ला कार्य समितिको बैठकमा पेस गरी अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।

(३) पार्टीका जिल्ला विभागको कामको समीक्षा गर्नेछ ।

(४) जिल्ला कार्यालयका लागि आवश्यक कर्मचारीहरूको नियुक्ति र हेरफेर गर्ने ।

(५) संघ र प्रदेशबाट प्राप्त नीति, निर्देशन कार्यान्वयन गर्ने, गराउने ।

(३) जिल्ला कार्य सम्पादन समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७३. जिल्ला स्तरका विभागहरूको काम, कर्तव्य र अधिकार: (१) जिल्ला स्तरका विभागहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(१) जिल्ला स्तरमा रहेका विभागहरूले आफ्नो तोकिएको कार्यक्षेत्रभित्रका विषयहरूमा पार्टीले बनाउनुपर्ने नीतिको तर्जुमा गर्ने, भएका नीतिहरूको पुनरावलोकन गर्नुपर्ने, गर्नुपर्ने कामहरू सम्पादन गर्ने ।

(२) उक्त नीतिहरू बनाउँदा अन्य तहगत विभाग, कार्य समितिहरू तथा आम सदस्यहरू तथा नागरिकहरूको पनि सुझाब लिने ।

(२) जिल्ला स्तरका विभागहरूको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७४. स्थानीय तह कार्य समितिको काम, कर्तव्य र अधिकार: (१) स्थानीय तह कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) स्थानीय तहभित्र पार्टीको कामको नेतृत्व गर्ने । स्थानीय तहको अधिवेशनको निर्णय कार्यन्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

(२) आफ्नो कार्यक्षेत्र अन्तर्गतका राजनीतिक र संगठनात्मक विषयमा निर्णय गर्ने ।

(३) स्थानीय तहभित्रका वडा कार्यसमितिबीच समन्वय गर्ने, पार्टीको हितमा आवश्यक सहयोग गर्ने र निर्देशन दिने ।

(४) संघीय संसद, प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा स्थानीय तहभित्रका पार्टीका सबै निकायलाई परिचालन गर्ने, समन्वय गर्ने र आवश्यकतानुसार निर्देशन दिने ।

(५) स्थानीय तह अधिवेशनको बैठक नभएको बेला आवश्यक विषयमा निर्णय गर्ने र पछि हुने स्थानीय अधिवेशनमा त्यस्तो निर्णय पेश गर्ने ।

(६) स्थानीय तहको अधिवेशनमा प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने ।

(७) पार्टीको आचारसंहिता पालना गराउने र अनुशासन कायम राख्ने ।

(८) स्थानीय तहमा आवश्यकता अनुसार काम, कर्तव्य र अधिकार तोकी यस विधानमा उल्लेख गरिएका बाहेकका अन्य विभिन्न विभागहरू तथा निकायहरू गठन गर्ने ।

(९) संसदीय, प्रदेश र स्थानीय निर्वाचनमा पार्टीको पक्षमा प्रचार प्रसार गर्ने गराउने, पार्टीको स्थितिको मूल्याङ्कन गर्ने र त्यसपछि हुने स्थानीय तहको अधिवेशनमा प्रतिवेदन प्रस्तुत गर्ने ।

(१०) स्थानीय तहका समिति र अन्य निकायका प्रमुख, उपप्रमुख, सदस्य सचिव र सदस्यको नियुक्ति, मनोनयन वा हेरफेर गर्ने ।

(११) समय समयमा प्रशिक्षण, गोष्ठी, शिविर र भ्रमण आदिको आयोजना गर्ने गराउने ।

(२) स्थानीय तह कार्य समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

७५. <u>स्थानीय तह कार्य सम्पादन समिति तथा उक्त समितिको काम, कर्तव्य र अधिकार:</u> (१) स्थानीय तह कार्य सम्पादन समितिमा देहाय बमोजिमका सदस्य हुनेछन् ।

स्थानीय तह कार्य सम्पादन समितिमा स्थानीय तह कार्य समितिका अध्यक्ष, सचिव तथा कोषाध्यक्ष सदस्यका रूपमा रहनेछन् ।

(२) स्थानीय तह कार्य सम्पादन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ : :

(१) स्थानीय तह कार्य समितिको एउटा बैठक र अर्को बैठकका बीचमा कार्य समितिले तोकेका कामहरू स्थानीय तह कार्य सम्पादन समितिले गर्नेछ ।

(२) कार्य सम्पादन समितिको आफ्नो निर्णय स्थानीय तहको कार्य समितिको बैठकमा पेस गरी अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।

(३) पार्टीका स्थानीय तहका अन्य समितिहरूको कामको समीक्षा गर्नेछ ।

(४) स्थानीय तहको कार्यालयका लागि आवश्यक कर्मचारीहरूको नियुक्ति र हेरफेर गर्ने ।

(५) संघ र प्रदेश र जिल्लाबाट प्राप्त नीति, निर्देशन कार्यान्वयन गर्ने, गराउने ।

(३) स्थानीय तह कार्य सम्पादन समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७६. <u>स्थानीय तहका विभागको काम, कर्तव्य र अधिकार</u>: (१) स्थानीय तहका विभागको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) स्थानीय तहमा रहेका विभागहरूले आफ्नो तोकिएको कार्यक्षेत्रभित्रका विषयहरूमा पार्टीले बनाउनुपर्ने नीतिको तर्जुमा गर्ने, भएका नीतिहरूको पुनरावलोकन गर्नुपर्ने, गर्नुपर्ने कामहरू सम्पादन गर्ने ।

(२) उक्त नीतिहरू बनाउँदा अन्य तहगत विभाग, कार्य समितिहरू तथा आम सदस्यहरू तथा नागरिकहरूको पनि सुझाब लिने ।

(२) स्थानीय तहका विभागहरूको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७७. <u>संसदीय दलको काम, कर्तव्य र अधिकार</u>: (१) संघीय तथा प्रदेश संसदीय दलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सम्बन्धित तहको कार्य समितिसँगको परामर्शमा संसदीय दलको कार्यक्रम तयार गर्ने

(२) संसदको अधिवेशन तथा संसदीय समितहरूमा पार्टीको भूमिकालाई प्रभावकारी बनाउन छलफल गरी निर्णय गर्ने

(३) संसदीय दलका सदस्यहरूमध्येबाट नेतृत्व चयन गर्ने र उनीहरूको कार्य विभाजन गर्ने

(२) संसदीय दलको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७८. <u>संघीय कार्य समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार</u>: (१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :

(१) पार्टीको समग्र नेतृत्व गर्ने ।

(२) संघीय महाधिवेशन, संघीय महासमिति, संघीय कार्यसमिति, र संघीय कार्य सम्पादन समितिको अध्यक्षता गर्ने र आवश्यक परे निर्णायक मत दिने ।

(३) यस विधान अनुसार तोकीएको कार्यसमिति र विभागको पदाधिकारीको नाम प्रस्ताव गर्ने वा मनोनयन गर्ने ।

(४) संघीय कार्य समितिका पदाधिकारीको कार्य विभाजन गर्ने, कार्य विभाजन हेरफेर गर्ने

(५) पार्टीका पदाधिकारी एवं सदस्यमध्येबाट प्रवक्ता तोक्ने ।

(६) विधानमा प्रस्टसँग नतोकिएका संघीय कार्यसमितिका पदाधिकारीको कार्य विभाजन गर्ने, कार्य विभाजन हेरफेर गर्ने र पार्टीका पदाधिकारी एवं सदस्यमध्येबाट प्रवक्ता तोक्ने ।

(७) संघीय कार्यसमिति र संघीय कार्य सम्पादन समितिको बैठक बोलाउने ।

(८) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) संघीय कार्य समितिको महासचिव (राजनीति) को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) यस पार्टीको संघीय कार्यालयको राजनीतिक कार्यहरु महासचिव (राजनीति) को मातहत रहनेछ ।

(२) दैनिक राजनीतिक कार्यसञ्चालनका लागि अध्यक्षलाई सहयोग पुर्‍याउने तथा महत्वपूर्ण विषयमा अध्यक्षलाई जानकारी र सुझाव दिने ।

(३) पार्टीका निकायहरूमा पार्टी सम्बन्धी गतिविधिबारे आवश्यकतानुसार सूचना प्रवाहित गर्ने, पार्टीका निर्णय तथा कार्यक्रमहरू कार्यान्वयन तथा सुपरीवेक्षण गर्ने, गराउने ।

(४) संघीय कार्यसमिति, संघीय महासमिति र संघीय महाधिवेशनमा राजनीतिक प्रतिवेदन र प्रस्ताव प्रस्तुत गर्ने ।

(५) संघीय महाधिवेशन, संघीय महासमिति, संघीय कार्यसमिति र संघीय कार्य सम्पादन समितिको निर्णय प्रमाणित गर्ने ।

(६) पार्टी मातहतका निकायहरूलाई पार्टीको राजनीतिक निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने ।

(७) पार्टीको संघीय कार्य सम्पादन समिति तथा संघीय कार्य समितिको बैठकका विषयसूचीहरू संघीय अध्यक्ष, सचिव तथा कोषाध्यक्षसँगको सल्लाहमा तय गर्ने ।

(८) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने कार्य सम्पादन गर्ने ।

(९) पार्टीको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) संघीय कार्य समितिको महासचिव (संगठन) को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) यस पार्टीको संघीय कार्यालय महासचिव (संगठन) को मातहात रहनेछ । महासचिवले संघीय कार्यालयको रेखदेख र सञ्चालन गर्नेछ ।

(२) संघीय महाधिवेशन, संघीय महासमिति, संघीय कार्यसमिति, संघीय कार्य सम्पादन समिति र अन्य संघीय समितिहरूको निर्णय कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी महासचिवको हुनेछ ।

(३) पार्टीको संगठन संरचना, क्रियाशील र प्रभावकारी बनाउने र पार्टीका निकायहरूमा पार्टी सम्बन्धी गतिविधिबारे आवश्यकतानुसार सूचना प्रवाहित गर्ने, पार्टीका निर्णय तथा कार्यक्रमहरू कार्यान्वयन तथा सुपरीवेक्षण गर्ने, गराउने ।

(४) पार्टी सम्बन्धी कार्यमा कार्य समितिलाई निर्देशानुसार प्रतिनिधि खटाउने वा समिति वा उपसमिति बनाउने ।

(५) पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने र गर्न लगाउने ।

(६) पार्टी मातहतका निकायहरूलाई पार्टीको संगठन सम्बन्धि निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने ।

(७) महाधिवेशन/महासमिति तथा संघीय कार्य समितिमा सांगठनिक प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने ।

(८) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) संघीय कार्य समितिको महासचिव (सुशासन) काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) पार्टीको सुशासन सम्बन्धी नीति, दृष्टिकोण र एजेन्डा तयार र कार्यन्वयन गर्न सहयोग गर्ने

(२) पार्टीको भ्रष्टाचार विरोधी, पारदर्शिता र जवाफदेहिताका विषयमा कार्यक्रम र अभियान सञ्चालन गर्न सहयोग गर्ने ।

(३) सुशासनसम्बन्धी सरकारी नीतिहरूको अध्ययन, मूल्यांकन गरी पार्टीको वैकल्पिक प्रस्ताव प्रस्तुत गर्ने ।

(४) स्थानीय, प्रदेश र संघीय तहमा सुशासन सम्बन्धी गतिविधि समन्वय गर्ने ।

(५) पार्टी र राज्य व्यवस्थामा पारदर्शिता र जवाफदेहिताको संस्कार विकास गर्न सहयोग गर्ने ।

(७) महाधिवेशन/महासमिति तथा संघीय कार्य समितिमा सुशासन प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने ।

(८) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) संघीय कार्य समितिको महासचिव (उद्यमशीलता) को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) युवालाई रोजगारी र अवसर दिलाउने गरी उद्यमशीलता प्रवर्द्धनका पार्टीको नीति र कार्यक्रम बनाउन सहयोग गर्ने।

(२) कृषि, उद्योग, पर्यटन, प्रविधि आदि क्षेत्रमा स्टार्टअप र लगानीलाई प्रोत्साहन गर्ने अभियान सञ्चालन गर्न पार्टीलाई सहयोग गर्ने।

(३) उद्यमशीलतालाई सम्बोधन गर्ने कानुन तथा नीतिगत सुधारका लागि सुझाव दिने।

(४) निजी क्षेत्र, युवा संघसंस्था र व्यावसायिक क्षेत्रसँग सहकार्य गर्न पार्टीको रणनीति बनाउन र कार्यन्वयग गर्न सहयोग गर्ने।

(५) महाधिवेशन/महासमिति तथा संघीय कार्य समितिमा उद्यमशीलता सम्बन्धी प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने ।

(६) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(६) संघीय कार्य समितिको महासचिव (समता) काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सामाजिक न्याय, समावेशीता र समान अवसर सुनिश्चित गर्न पार्टीको नीति तथा कार्यक्रम निर्माण गर्न सहयोग गर्ने।

(२) महिला, दलित, जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्तिहरू लगायतको अधिकार र सहभागिताका लागि अभियान सञ्चालन गर्ने।

(३) समान पहुँच (शिक्षा, स्वास्थ्य, रोजगार) सम्बन्धी नीतिहरूमा वैकल्पिक दृष्टिकोण प्रस्तुत गर्ने।

(४) पार्टीभित्र पनि आन्तरिक समावेशी अभ्यास (महिला–पुरुष अनुपात, क्षेत्रीय प्रतिनिधित्व) सुनिश्चित गर्न पहल गर्ने।

(५) महाधिवेशन/महासमिति तथा संघीय कार्य समितिमा समता विषयसँऊ सम्बन्धित प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने ।

(६) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(७) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) पार्टीका निम्ति आवश्यक आर्थिक स्रोत–साधनको व्यवस्था गर्ने, त्यसको संरक्षण र सम्वद्र्धन गर्ने तथा सम्पूर्ण आयव्ययको अद्यावधिक अभिलेख राख्ने ।

(२) संघीय कार्यसमितिद्वारा निर्णय गरेको बैङ्कमा पार्टीका नाममा खाता खोल्ने र संघीय कार्यसमितिको निर्णयानुसार सञ्चालन गर्ने ।

(३) पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क र अन्य सहयोग रकम सङ्कलन गर्ने तथा अभिलेख राख्ने ।

(४) सङ्कलित रकम पार्टीका विभिन्न काम र निकायको खर्चका लागि निर्णय अनुसार भुक्तानी गर्ने र त्यसको हिसाब राख्ने ।

(५) पार्टीको वार्षिक आर्थिक प्रतिवेदन संघीय कार्यसमिति र संघीय कार्यसमितिमार्फत् संघीय महासमिति र संघीय महाधिवेशनमा प्रस्तुत गर्ने ।

(६) संघीय कार्यसमितिले पारित गरेको लेखा परीक्षण सम्बन्धी प्रतिवेदन संघीय महाधिवेशन र संघीय महासमितिमा प्रस्तुत गर्ने ।

(७) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

७९. <u>संघीय तहमा रहने विभागीय समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार</u>: (१) संघीय तहमा रहने विभागका पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संयोजकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) संयोजकले विभागको समग्र नेतृत्व गर्ने तथा नियमित तथा आकस्मिक बैठकहरू आह्वान गर्ने

(२) विभागका बैठकमा सम्बन्धित विभागको कार्य योजना अनुमोदनका लागि पेश गर्ने

(३) संयोजकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(ख) सह संयोजकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सह संयोजकले विभागको समग्र नेतृत्व गर्न संयोजकलाई सघाउने

(२) संयोजकको अनुपस्थितिमा कार्यवाहक संयोजकको रूपमा विभागलाई नेतृत्व प्रदान गर्ने ।

(३) सह संयोजकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(ग) सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सचिवले विभागको बैठकका निर्णयहरूको अभिलेख राख्ने

(२) सचिवले संयोजक तथा सह संयोजकसँगको परामर्शमा विभागको बैठकका विषयसूची तय गर्ने ।

(३) सह संयोजकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) संघीय तहका विभागीय समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८०. <u>प्रदेश समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार</u>: (१) प्रदेश समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) प्रदेश कार्यसमितिको अध्यक्षको काम कर्तव्य र अधिकार: प्रदेश कार्यसमितिको अध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) पार्टीको प्रदेश तहको समग्र नेतृत्व गर्ने ।

(२) प्रदेश अधिवेशन, परिषद्, प्रदेश कार्य समिति, र प्रदेश कार्य सम्पादन समितिको अध्यक्षता गर्ने र आवश्यक परे निर्णायक मत दिने ।

(३) यस विधान अनुसार तोकिएको कार्यसमिति र विभागको पदाधिकारी तथा सदस्यको नाम मनोनयन गर्ने र प्रदेश समितिबाट अनुमोदन गराउने ।

(४) विधानमा प्रस्टसँग नतोकिएका प्रदेश कार्यसमितिका पदाधिकारीको कार्य विभाजन गर्ने, कार्य विभाजन हेरफेर गर्ने र पार्टीका पदाधिकारी एवं सदस्यमध्येबाट प्रवक्ता तोक्ने ।

(५) प्रदेश कार्यसमिति र प्रदेश कार्य सम्पादन समितिको बैठक बोलाउने ।

(७) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) प्रदेश कार्य समितिको सचिव (राजनीति) को काम, कर्तव्य र अधिकार: सचिव (राजनीति) को काम, कर्तव्य र अधिकार देहाय बमोजम हुनेछ :

(१) यस पार्टीको प्रदेश कार्यालयको राजनीतिक कार्यहरू सचिवको मातहत रहनेछ ।

(२) दैनिक राजनीतिक कार्यसञ्चालनका लागि अध्यक्षलाई सहयोग पुर्‍याउने तथा महत्वपूर्ण विषयमा अध्यक्षलाई जानकारी र सुझाव दिने ।

(३) पार्टीका निकायहरूमा पार्टी सम्बन्धी गतिविधिबारे आवश्यकतानुसार सूचना प्रवाहित गर्ने, आफू मातहातका निकायहरूमा पार्टीका निर्णय तथा कार्यक्रमहरू कार्यान्वयन तथा सुपरीवेक्षण गर्ने, गराउने ।

(४) पार्टी सम्बन्धी कार्यमा कार्य सम्पादन समितिको निर्णयानुसार प्रतिनिधि खटाउने ।

(५) प्रदेश कार्य समिति, अधिवेशन र परिषद् प्रतिवेदन र प्रस्ताव प्रस्तुत गर्ने ।

(६) प्रदेश अधिवेशन, परिषद्, प्रदेश कार्यसमिति र प्रदेश कार्य सम्पादन समितिको निर्णय प्रमाणित गर्ने ।

(७) पार्टीको प्रदेश मातहातका निकायहरूलाई पार्टीको राजनीतिक निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने ।

(८) पार्टीको प्रदेश कार्य सम्पादन समिति तथा प्रदेश कार्य समितिको बैठकका विषयसूचीहरू प्रदेश अध्यक्ष तथा सचिव (संगठन) सँगको सल्लाहमा तय गर्ने ।

(९) अधिवेशन/परिषद् तथा प्रदेश कार्य समितिमा राजनीतिक प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने ।

(१०) अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्षको भूमिका निर्वाह गर्ने

(११) सचिव (राजनीतिक) को अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) प्रदेश कार्य समितिको सचिव (संगठन) को काम, कर्तव्य र अधिकार: सचिव (संगठन) को काम, कर्तव्य र अधिकार देहाय बमोजम हुनेछ :

(१) यस पार्टीको प्रदेश कार्यालय सचिव (संगठन) को मातहत रहनेछ । सचिवले संघीय कार्यालयको रेखदेख र सञ्चालन गर्नेछ ।

(२) अधिवेशन, परिषद्, प्रदेश कार्य समिति, संघीय कार्य सम्पादन समिति र अन्य प्रदेश समितिहरूको निर्णय कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी सचिवको हुनेछ ।

(३) पार्टीको संगठन संरचना, क्रियाशील र प्रभावकारी बनाउने र पार्टीका निकायहरूमा पार्टी सम्बन्धी गतिविधिबारे आवश्यकतानुसार सूचना प्रवाहित गर्ने, पार्टीका निर्णय तथा कार्यक्रमहरू कार्यान्वयन तथा सुपरीवेक्षण गर्ने, गराउने ।

(५) पार्टीको संगठन सम्बन्धी कार्यमा प्रदेश कार्य सम्पादन समिति, प्रदेश समितिको निर्णयानुसार वा सभापतिको निर्देशानुसार प्रतिनिधि खटाउने वा समिति वा उपसमिति बनाउने ।

(६) पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने र गर्न लगाउने ।

(७) पार्टी मातहतका निकायहरूलाई पार्टीको संगठन सम्बन्धी निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने ।

(८) अधिवेशन/परिषद् तथा प्रदेश कार्य समितिमा सांगठनिक प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने ।

(९) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) प्रदेश कार्य समितिको सचिव (सुशासन) काम, कर्तव्य र अधिकार

(१) सम्बन्धित प्रदेशको सुशासन सम्बन्धी नीति, दृष्टिकोण र एजेन्डा तयार र कार्यन्वयन गर्न सहयोग गर्ने

(२) पार्टीको भ्रष्टाचार विरोधी, पारदर्शिता र जवाफदेहिताका विषयमा कार्यक्रम र अभियान सञ्चालन गर्न सहयोग गर्ने।

(३) सुशासनसम्बन्धी प्रदेश सरकारको नीतिहरूको अध्ययन, मूल्यांकन गरी पार्टीको वैकल्पिक प्रस्ताव प्रस्तुत गर्ने।

(४) स्थानीय, प्रदेश र संघीय तहमा सुशासन सम्बन्धी गतिविधि समन्वय गर्ने।

(५) पार्टी र राज्य व्यवस्थामा पारदर्शिता र जवाफदेहिताको संस्कार विकास गर्न सहयोग गर्ने।

(६) प्रदेश अधिवेशन/परिषद् तथा प्रदेश कार्य समितिमा सुशासन सम्बन्धी प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने ।

(७) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) प्रदेश कार्य समितिको सचिव (उद्यमशीलता) काम, कर्तव्य र अधिकार देहाय बमोजिम छ :

(१) सम्बन्धित प्रदेशमा युवालाई रोजगारी र अवसर दिलाउने गरी उद्यमशीलता प्रवर्द्धनमा पार्टीको नीति र कार्यक्रम बनाउन सहयोग गर्ने।

(२) सम्बन्धित प्रदेश कृषि, उद्योग, पर्यटन, प्रविधि आदि क्षेत्रमा स्टार्टअप र लगानीलाई प्रोत्साहन गर्ने अभियान सञ्चालन गर्न पार्टीलाई सहयोग गर्ने।

(३) प्रदेशमा उद्यमशीलतालाई सम्बोधन गर्ने कानुन तथा नीतिगत सुधारका लागि सुझाव दिने।

(४) निजी क्षेत्र, युवा संघसंस्था र व्यावसायिक क्षेत्रसँग सहकार्य गर्न पार्टीको रणनीति बनाउन र कार्यन्वयग गर्न सहयोग गर्ने।

(५) प्रदेश अधिवेशन/परिषद् तथा प्रदेश कार्य समितिमा सुशासन सम्बन्धी प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने ।

(६) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(६) प्रदेश कार्य समितिको सचिव (समता) काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सामाजिक न्याय, समावेशीता र समान अवसर सुनिश्चित गर्न पार्टीको प्रदेश नीति तथा कार्यक्रम निर्माण गर्न सहयोग गर्ने।

(२) महिला, दलित, जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्तिहरू लगायतको अधिकार र सहभागिताका लागि अभियान सञ्चालन गर्ने।

(३) प्रदेशमा समान पहुँच (शिक्षा, स्वास्थ्य, रोजगार) सम्बन्धी नीतिहरूमा वैकल्पिक दृष्टिकोण प्रस्तुत गर्ने।

(४) पार्टीभित्र पनि आन्तरिक समावेशी अभ्यास (महिला–पुरुष अनुपात, क्षेत्रीय प्रतिनिधित्व) सुनिश्चित गर्न पहल गर्ने।

(५) प्रदेश अधिवेशन/परिषद् तथा प्रदेश कार्य समितिमा समता सम्बन्धी प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने ।

(६) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(७) प्रदेश कार्य समितिको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार: कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) पार्टीको प्रदेश तहको निम्ति आवश्यक आर्थिक स्रोत साधनको व्यवस्था गर्ने, त्यसको संरक्षण र सम्वर्द्धन गर्ने तथा सम्पूर्ण आय व्ययको अद्यावधिक अभिलेख राख्ने ।

(२) प्रदेश कार्य समितिद्वारा निर्णय गरेको बैङ्कमा पार्टीका नाममा खाता खोल्ने र संघीय कार्यसमितिको नीति अनुसार सञ्चालन गर्ने ।

(३) पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क र अन्य सहयोग रकम सङ्कलन गर्ने तथा अभिलेख राख्ने ।

(४) सङ्कलित रकम पार्टीका विभिन्न काम र निकायको खर्चका लागि निर्णय अनुसार भुक्तानी गर्ने र त्यसको हिसाब राख्ने ।

(५) पार्टीको प्रदेश तहको वार्षिक आर्थिक प्रतिवेदन प्रदेश कार्यसमिति र प्रदेश कार्यसमिति मार्फत् परिषद् र अधिवेशनमा प्रस्तुत गर्ने ।

(६) प्रदेश कार्यसमितिले पारित गरेको लेखा परीक्षण सम्बन्धी प्रतिवेदन अधिवेशन र परिषद्मा प्रस्तुत गर्ने ।

(७) प्रदेश कोष विभागको नेतृत्व गर्ने

(८) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

८१. <u>प्रदेश तहमा रहने विभागीय समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार</u>: (१) प्रदेश तहमा रहने विभागका पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संयोजकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) संयोजकले विभागको समग्र नेतृत्व गर्ने तथा नियमित तथा आकस्मिक बैठकहरू आह्वान गर्ने

(२) विभागका बैठकमा सम्बन्धित विभागको कार्य योजना अनुमोदनका लागि पेश गर्ने

(३) संयोजकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(ख) सह संयोजकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सह संयोजकले विभागको समग्र नेतृत्व गर्न संयोजकलाई सघाउने

(२) संयोजकको अनुपस्थितिमा कार्यवाहक संयोजकको रूपमा विभागलाई नेतृत्व प्रदान गर्ने ।

(३) सह संयोजकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(ग) सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सचिवले विभागको बैठकका निर्णयहरूको अभिलेख राख्ने

(२) सचिवले संयोजक तथा सह संयोजकसँगको परामर्शमा विभागको बैठकका विषयसूची तय गर्ने ।

(३) सह संयोजकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) प्रदेश तहका विभागीय समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८२. <u>जिल्ला समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार</u>: (१) जिल्ला समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :

(१) जिल्ला कार्यसमितिको अध्यक्षको काम कर्तव्य र अधिकार: जिल्ला कार्य समितिको अध्यक्षको काम कर्तव्य र अधिकारदेहाय बमोजिम हुनेछ :

(१) पार्टीको जिल्ला स्तरको समग्र नेतृत्व गर्ने ।

(२) जिल्ला अधिवेशन, परिषद्, जिल्ला कार्य समिति, र जिल्ला कार्य सम्पादन समितिको अध्यक्षता गर्ने र आवश्यक परे निर्णायक मत दिने ।

(३) यस विधान अनुसार तोकिएको कार्यसमिति र विभागको पदाधिकारी तथा सदस्यको नाम मनोनयन गर्ने र प्रदेश समितिबाट अनुमोदन गराउने ।

(४) विधानमा प्रस्टसँग नतोकिएका जिल्ला कार्यसमितिका पदाधिकारीको कार्य विभाजन गर्ने, कार्य विभाजन हेरफेर गर्ने र पार्टीका पदाधिकारी एवं सदस्यमध्येबाट प्रवक्ता तोक्ने ।

(५) जिल्ला कार्यसमिति र जिल्ला कार्य सम्पादन समितिको बैठक बोलाउने ।

(७) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) जिल्ला कार्य समितिको सचिव (राजनीति) को काम, कर्तव्य र अधिकार: सचिव (राजनीति) को काम, कर्तव्य र अधिकार देहाय बमोजम हुनेछ :

(१) यस पार्टीको जिल्ला कार्यालयको राजनीतिक कार्यहरू सचिवको मातहत रहनेछ ।

(२) दैनिक राजनीतिक कार्यसञ्चालनका लागि अध्यक्षलाई सहयोग पुऱ्याउने तथा महत्वपूर्ण विषयमा अध्यक्षलाई जानकारी र सुझाव दिने ।

(३) पार्टीका निकायहरूमा पार्टी सम्बन्धी गतिविधिबारे आवश्यकतानुसार सूचना प्रवाहित गर्ने, आफू मातहातका निकायहरूमा पार्टीका निर्णय तथा कार्यक्रमहरू कार्यान्वयन तथा सुपरीवेक्षण गर्ने, गराउने ।

(४) पार्टी सम्बन्धी कार्यमा कार्य सम्पादन समितिको निर्णयानुसार प्रतिनिधि खटाउने ।

(५) जिल्ला कार्य समिति, अधिवेशन र परिषद् प्रतिवेदन र प्रस्ताव प्रस्तुत गर्ने ।

(६) जिल्ला अधिवेशन, परिषद्, जिल्ला कार्यसमिति र जिल्ला कार्य सम्पादन समितिको निर्णय प्रमाणित गर्ने ।

(७) पार्टीको जिल्ला मातहातका निकायहरूलाई पार्टीको राजनीतिक निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने ।

(८) पार्टीको जिल्ला कार्य सम्पादन समिति तथा जिल्ला कार्य समितिको बैठकका विषयसूचीहरू जिल्ला अध्यक्ष, सचिव तथा कोषाध्यक्षसँगको सल्लाहमा तय गर्ने ।

(९) जिल्ला अधिवेशन, परिषद्, जिल्ला कार्य समिति बैठकमा राजनीतिक प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने

(१०) अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्षको भूमिका निर्वाह गर्ने

(११) सचिव (राजनीतिक) को अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३. जिल्ला कार्य समितिको सचिव (संगठन) को काम, कर्तव्य र अधिकार: सचिव (संगठन) को काम, कर्तव्य र अधिकार देहाय बमोजम हुनेछ **:**

(१) यस पार्टीको जिल्ला कार्यालय सचिव (संगठन) को मातहत रहनेछ । सचिवले जिल्ला कार्यालयको रेखदेख र सञ्चालन गर्नेछ ।

(२) अधिवेशन, परिषद्, जिल्ला कार्य समिति, संघीय कार्य समिति तथा कार्य सम्पादन समिति, प्रदेश कार्य समिति तथा कार्य सम्पादन समिति र अन्य जिल्ला समितिहरूको निर्णय कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी सचिवको हुनेछ ।

(३) पार्टीको संगठन संरचना, क्रियाशील र प्रभावकारी बनाउने र पार्टीका निकायहरूमा पार्टी सम्बन्धी गतिविधिबारे आवश्यकतानुसार सूचना प्रवाहित गर्ने, पार्टीका निर्णय तथा कार्यक्रमहरू कार्यान्वयन तथा सुपरीवेक्षण गर्ने, गराउने ।

(५) पार्टीको संगठन सम्बन्धी कार्यमा जिल्ला कार्य सम्पादन समिति, जिल्ला समितिको निर्णयानुसार वा सभापतिको निर्देशानुसार प्रतिनिधि खटाउने वा समिति वा उपसमिति बनाउने ।

(६) पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने र गर्न लगाउने ।

(७) पार्टी मातहतका निकायहरूलाई पार्टीको संगठन सम्बन्धी निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने ।

(८) जिल्ला अधिवेशन, परिषद्, जिल्ला कार्य समिति बैठकमा सांगठनिक प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने

(९) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

४. जिल्ला कार्य समितिको सचिव (सुशासन) काम, कर्तव्य र अधिकार: जिल्ला कार्य समितिको सचिव (सुशासन) काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :

(१) सम्बन्धित जिल्लाको सुशासन सम्बन्धी नीति, दृष्टिकोण र एजेन्डा तयार र कार्यन्वयन गर्न सहयोग गर्ने

(२) पार्टीको भ्रष्टाचार विरोधी, पारदर्शिता र जवाफदेहिताका विषयमा कार्यक्रम र अभियान सञ्चालन गर्न सहयोग गर्ने।

(३) सुशासनसम्बन्धी जिल्ला स्तरमा रहेका नीतिहरूको अध्ययन, मूल्यांकन गरी पार्टीको वैकल्पिक प्रस्ताव प्रस्तुत गर्ने।

(४) स्थानीय, जिल्ला र संघीय तहमा सुशासन सम्बन्धी गतिविधि समन्वय गर्ने।

(५) पार्टी र राज्य व्यवस्थामा पारदर्शिता र जवाफदेहिताको संस्कार विकास गर्न सहयोग गर्ने।

(६) जिल्ला अधिवेशन, परिषद्, जिल्ला कार्य समिति बैठकमा सुशासन प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने

(८) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

५. जिल्ला कार्य समितिको सचिव (उद्यमशीलता) काम, कर्तव्य र अधिकार: जिल्ला कार्य समितिको सचिव (उद्यमशीलता) काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सम्बन्धित जिल्लामा युवालाई रोजगारी र अवसर दिलाउने गरी उद्यमशीलता प्रवर्द्धनमा पार्टीको नीति र कार्यक्रम बनाउन सहयोग गर्ने।

(२) सम्बन्धित जिल्ला कृषि, उद्योग, पर्यटन, प्रविधि आदि क्षेत्रमा स्टार्टअप र लगानीलाई प्रोत्साहन गर्ने अभियान सञ्चालन गर्न पार्टीलाई सहयोग गर्ने।

(३) जिल्लामा उद्यमशीलतालाई सम्बोधन गर्ने कानुन तथा नीतिगत सुधारका लागि सुझाव दिने।

(४) निजी क्षेत्र, युवा संघसंस्था र व्यावसायिक क्षेत्रसँग सहकार्य गर्न पार्टीको रणनीति बनाउन र कार्यन्वयग गर्न सहयोग गर्ने।

(५) जिल्ला अधिवेशन, परिषद्, जिल्ला कार्य समिति बैठकमा सांगठनिक प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने

(६) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६. जिल्ला कार्य समितिको सचिव (समता) काम, कर्तव्य र अधिकार : जिल्ला कार्य समितिको सचिव (समता) काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सामाजिक न्याय, समावेशीता र समान अवसर सुनिश्चित गर्न पार्टीको जिल्ला नीति तथा कार्यक्रम निर्माण गर्न सहयोग गर्ने।

(२) महिला, दलित, जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्तिहरू लगायतको अधिकार र सहभागिताका लागि अभियान सञ्चालन गर्ने।

(३) जिल्लामा समान पहुँच (शिक्षा, स्वास्थ्य, रोजगार) सम्बन्धी नीतिहरूमा वैकल्पिक दृष्टिकोण प्रस्तुत गर्ने।

(४) पार्टीभित्र पनि आन्तरिक समावेशी अभ्यास (महिला–पुरुष अनुपात, क्षेत्रीय प्रतिनिधित्व) सुनिश्चित गर्न पहल गर्ने।

(५) जिल्ला अधिवेशन, परिषद्, जिल्ला कार्य समिति बैठकमा सांगठनिक प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने

(६) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

७. जिल्ला कार्य समितिको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार: कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) पार्टीको जिल्ला स्तरको निम्ति आवश्यक आर्थिक स्रोत साधनको व्यवस्था गर्ने, त्यसको संरक्षण र सम्वर्द्धन गर्ने तथा सम्पूर्ण आय व्ययको अद्यावधिक अभिलेख राख्ने ।

(२) जिल्ला कार्य समितिद्वारा निर्णय गरेको बैङ्कमा पार्टीका नाममा खाता खोल्ने र संघीय कार्यसमितिले तोकेको नीति अनुसार सञ्चालन गर्ने ।

(३) पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क र अन्य सहयोग रकम सङ्कलन गर्ने तथा अभिलेख राख्ने ।

(४) सङ्कलित रकम पार्टीका विभिन्न काम र निकायको खर्चका लागि निर्णय अनुसार भुक्तानी गर्ने र त्यसको हिसाब राख्ने ।

(५) पार्टीको जिल्ला तहको वार्षिक आर्थिक प्रतिवेदन जिल्ला कार्यसमिति र जिल्ला कार्यसमिति मार्फत् परिषद् र अधिवेशनमा प्रस्तुत गर्ने ।

(६) जिल्ला कार्यसमितिले पारित गरेको लेखा परीक्षण सम्बन्धी प्रतिवेदन अधिवेशन र परिषद्मा प्रस्तुत गर्ने ।

(७) जिल्ला कोष विभागको नेतृत्व गर्ने

(८) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२. जिल्ला कार्यसमिति तथा जिल्ला स्तरका अन्य समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

८३. <u>जिल्ला स्तरमा रहने विभागीय समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार</u>: (१) जिल्ला स्तरमा रहने विभागका पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संयोजकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) संयोजकले विभागको समग्र नेतृत्व गर्ने तथा नियमित तथा आकस्मिक बैठकहरू आह्वान गर्ने

(२) विभागका बैठकमा सम्बन्धित विभागको कार्य योजना अनुमोदनका लागि पेश गर्ने

(३) संयोजकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(ख) सह संयोजकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सह संयोजकले विभागको समग्र नेतृत्व गर्न संयोजकलाई सघाउने

(२) संयोजकको अनुपस्थितिमा कार्यवाहक संयोजकको रूपमा विभागलाई नेतृत्व प्रदान गर्ने ।

(३) सह संयोजकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(ग) सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सचिवले विभागको बैठकका निर्णयहरूको अभिलेख राख्ने

(२) सचिवले संयोजक तथा सह संयोजकसँगको परामर्शमा विभागको बैठकका विषयसूची तय गर्ने ।

(३) सह संयोजकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) जिल्ला स्तरका विभागीय समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८४. स्थानीय तह समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार: (१) स्थानीय तह समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) स्थानीय तह कार्यसमितिको अध्यक्षको काम कर्तव्य र अधिकार: स्थानीय तह कार्य समितिको अध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) पार्टीको स्थानीय तहको समग्र नेतृत्व गर्ने ।

(२) स्थानीय तह अधिवेशन, परिषद्, स्थानीय तह कार्य समिति, र स्थानीय तह कार्य सम्पादन समितिको अध्यक्षता गर्ने र आवश्यक परे निर्णायक मत दिने ।

(३) यस विधान अनुसार तोकिएको कार्यसमिति र विभागको पदाधिकारी तथा सदस्यको नाम मनोनयन गर्ने र स्थानीय तह समितिबाट अनुमोदन गराउने ।

(४) विधानमा प्रस्टसँग नतोकिएका स्थानीय तह कार्यसमितिका पदाधिकारीको कार्य विभाजन गर्ने, कार्य विभाजन हेरफेर गर्ने र पार्टीका पदाधिकारी एवं सदस्यमध्येबाट प्रवक्ता तोक्ने ।

(५) स्थानीय तह कार्य समिति र स्थानीय तह कार्य सम्पादन समितिको बैठक बोलाउने ।

(७) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) स्थानीय तह कार्य समितिको सचिव (राजनीति) को काम, कर्तव्य र अधिकार: सचिव (राजनीति) को काम, कर्तव्य र अधिकार देहाय बमोजम हुनेछ :

(१) यस पार्टीको स्थानीय तह कार्यालयको राजनीतिक कार्यहरू सचिवको मातहत रहनेछ ।

(२) दैनिक राजनीतिक कार्यसञ्चालनका लागि अध्यक्षलाई सहयोग पुऱ्याउने तथा महत्वपूर्ण विषयमा अध्यक्षलाई जानकारी र सुझाव दिने ।

(३) पार्टीका निकायहरूमा पार्टी सम्बन्धी गतिविधिबारे आवश्यकता अनुसार सूचना प्रवाहित गर्ने, आफू मातहातका निकायहरूमा पार्टीका निर्णय तथा कार्यक्रमहरू कार्यान्वयन तथा सुपरीवेक्षण गर्ने, गराउने ।

(४) पार्टी सम्बन्धी कार्यमा कार्य सम्पादन समितिको निर्णय वा अध्यक्षको निर्देसनुसार प्रतिनिधि खटाउने ।

(५) स्थानीय तह कार्य समिति, अधिवेशन र परिषद्मा प्रतिवेदन र प्रस्ताव प्रस्तुत गर्ने ।

(६) स्थानीय तह अधिवेशन, परिषद्, स्थानीय तह कार्यसमिति र स्थानीय तह कार्य सम्पादन समितिको निर्णय प्रमाणित गर्ने ।

(७) पार्टीको स्थानीय तह मातहातका निकायहरूलाई पार्टीको राजनीतिक निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने ।

(८) पार्टीको स्थानीय तह कार्य सम्पादन समिति तथा स्थानीय तह कार्य समितिको बैठकका विषयसूचीहरू स्थानीय तहका अध्यक्ष, सचिव तथा कोषाध्यक्षसँगको सल्लाहमा तय गर्ने ।

(९) स्थानीय तह अधिवेशन, परिषद्, स्थानीय तह कार्यसमिति बैठकमा राजनीतिक प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने

(१०) सचिव (राजनीतिक) को अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) स्थानीय तह कार्य समितिको सचिव (संगठन) को काम, कर्तव्य र अधिकार: सचिव (संगठन) को काम, कर्तव्य र अधिकार देहाय बमोजम हुनेछ :

(१) यस पार्टीको स्थानीय तह कार्यालय सचिव (संगठन) को मातहत रहनेछ । सचिवले स्थानीय तह कार्यालयको रेखदेख र सञ्चालन गर्नेछ ।

(२) अधिवेशन, परिषद्, प्रदेश कार्य समिति, स्थानीय तह कार्य सम्पादन समिति र अन्य स्थानीय तह समितिहरूको निर्णय कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी सचिवको हुनेछ ।

(३) पार्टीको संगठन संरचना, क्रियाशील र प्रभावकारी बनाउने र पार्टीका निकायहरूमा पार्टी सम्बन्धी गतिविधिबारे आवश्यकतानुसार सूचना प्रवाहित गर्ने, पार्टीका निर्णय तथा कार्यक्रमहरू कार्यान्वयन तथा सुपरीवेक्षण गर्ने, गराउने ।

(५) पार्टीको संगठन सम्बन्धी कार्यमा स्थानीय तह कार्य सम्पादन समिति, स्थानीय तह कार्य समितिको निर्णयानुसार वा सभापतिको निर्देशानुसार प्रतिनिधि खटाउने वा समिति वा उपसमिति बनाउने ।

(६) पार्टीको स्थानीय तहका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने र गर्न लगाउने ।

(७) पार्टी मातहतका निकायहरूलाई पार्टीको संगठन सम्बन्धी निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने ।

(८) स्थानीय तह अधिवेशन, परिषद्, स्थानीय तह कार्यसमिति बैठकमा सांगठनिक प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने

(९) अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्षको भूमिका निर्वाह गर्ने

(१०) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) स्थानीय तह कार्य समितिको सचिव (सुशासन) काम, कर्तव्य र अधिकार: स्थानीय तह कार्य समितिको सचिव (सुशासन) काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सम्बन्धित स्थानीय तहको सुशासन सम्बन्धी नीति, दृष्टिकोण र एजेन्डा तयार र कार्यन्वयन गर्न सहयोग गर्ने

(२) पार्टीको भ्रष्टाचार विरोधी, पारदर्शिता र जवाफदेहिताका विषयमा कार्यक्रम र अभियान सञ्चालन गर्न सहयोग गर्ने।

(३) सुशासन सम्बन्धी स्थानीय तह सरकारको नीतिहरूको अध्ययन, मूल्यांकन गरी पार्टीको वैकल्पिक प्रस्ताव प्रस्तुत गर्ने।

(४) स्थानीय तह, प्रदेश तह र संघीय तहमा सुशासन सम्बन्धी गतिविधि समन्वय गर्ने।

(५) पार्टी र राज्य व्यवस्थामा पारदर्शिता र जवाफदेहिताको संस्कार विकास गर्न सहयोग गर्ने।

(६) स्थानीय तह अधिवेशन, परिषद्, स्थानीय तह कार्यसमिति बैठकमा सुशासन सम्बन्धी प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने

(७) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) स्थानीय तह कार्य समितिको सचिव (उद्यमशीलता) काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सम्बन्धित स्थानीय तहमा युवालाई रोजगारी र अवसर दिलाउने गरी उद्यमशीलता प्रवर्द्धनमा पार्टीको नीति र कार्यक्रम बनाउन सहयोग गर्ने।

(२) सम्बन्धित स्थानीय तह कृषि, उद्योग, पर्यटन, प्रविधि आदि क्षेत्रमा स्टार्टअप र लगानीलाई प्रोत्साहन गर्ने अभियान सञ्चालन गर्न पार्टीलाई सहयोग गर्ने।

(३) स्थानीय तहमा उद्यमशीलतालाई सम्बोधन गर्ने कानुन तथा नीतिगत सुधारका लागि सुझाव दिने।

(४) निजी क्षेत्र, युवा संघसंस्था र व्यावसायिक क्षेत्रसँग सहकार्य गर्न पार्टीको रणनीति बनाउन र कार्यन्वयग गर्न सहयोग गर्ने।

(५) स्थानीय तह अधिवेशन, परिषद्, स्थानीय तह कार्यसमिति बैठकमा उद्यमशीलता सम्बन्धी प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने

(६) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(६) स्थानीय तह कार्य समितिको सचिव (समता) काम, कर्तव्य र अधिकार

(१) सामाजिक न्याय, समावेशीता र समान अवसर सुनिश्चित गर्न पार्टीको स्थानीय तह नीति तथा कार्यक्रम निर्माण गर्न सहयोग गर्ने।

(२) महिला, दलित, जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्तिहरू लगायतको अधिकार र सहभागिताका लागि अभियान सञ्चालन गर्ने।

(३) स्थानीय तहमा समान पहुँच (शिक्षा, स्वास्थ्य, रोजगार) सम्बन्धी नीतिहरूमा वैकल्पिक दृष्टिकोण प्रस्तुत गर्ने।

(४) पार्टीभित्र पनि आन्तरिक समावेशी अभ्यास (महिला–पुरुष अनुपात, क्षेत्रीय प्रतिनिधित्व) सुनिश्चित गर्न पहल गर्ने।

(५) स्थानीय तह अधिवेशन, परिषद्, स्थानीय तह कार्यसमिति बैठकमा समता सम्बन्धी प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने

(६) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(७) स्थानीय तह कार्य समितिको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार: कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) पार्टीको स्थानीय तहको निम्ति आवश्यक आर्थिक स्रोत साधनको व्यवस्था गर्ने, त्यसको संरक्षण र सम्वर्द्धन गर्ने तथा सम्पूर्ण आय व्ययको अद्यावधिक अभिलेख राख्ने ।

(२) स्थानीय तह कार्य समितिद्वारा निर्णय गरेको बैङ्कमा पार्टीका नाममा खाता खोल्ने र संघीय कार्यसमितिको नीति अनुसार सञ्चालन गर्ने ।

(३) पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क र अन्य सहयोग रकम सङ्कलन गर्ने तथा अभिलेख राख्ने ।

(४) सङ्कलित रकम पार्टीका विभिन्न काम र निकायको खर्चका लागि निर्णय अनुसार भुक्तानी गर्ने र त्यसको हिसाब राख्ने ।

(५) पार्टीको स्थानीय तहको वार्षिक आर्थिक प्रतिवेदन स्थानीय कार्यसमितिमा र स्थानीय कार्यसमिति मार्फत् परिषद् र अधिवेशनमा प्रस्तुत गर्ने ।

(६) स्थानीय तह कार्य समितिले पारित गरेको लेखा परीक्षण सम्बन्धी प्रतिवेदन अधिवेशन र परिषद्मा प्रस्तुत गर्ने ।

(७) स्थानीय तह कोष विभागको नेतृत्व गर्ने

(८) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) स्थानीय तह कार्य समिति तथा अन्य समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

८५. <u>स्थानीय तहमा रहने विभागीय समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार</u>: (१) स्थानीय तहमा रहने विभागका पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संयोजकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) संयोजकले विभागको समग्र नेतृत्व गर्ने तथा नियमित तथा आकस्मिक बैठकहरू आह्वान गर्ने

(२) विभागका बैठकमा सम्बन्धित विभागको कार्य योजना अनुमोदनका लागि पेश गर्ने

(३) संयोजकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(ख) सह संयोजकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सह संयोजकले विभागको समग्र नेतृत्व गर्न संयोजकलाई सघाउने

(२) संयोजकको अनुपस्थितिमा कार्यवाहक संयोजकको रूपमा विभागलाई नेतृत्व प्रदान गर्ने ।

(३) सह संयोजकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(ग) सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सचिवले विभागको बैठकका निर्णयहरूको अभिलेख राख्ने

(२) सचिवले संयोजक तथा सह संयोजकसँगको परामर्शमा विभागको बैठकका विषयसूची तय गर्ने ।

(३) सह संयोजकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) स्थानीय तहका विभागीय समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८६. <u>वडा कार्य समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार</u>: (१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः–

(१) वडा कार्यसमितिको अध्यक्षको काम कर्तव्य र अधिकार: वडा कार्यसमितिको अध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) पार्टीको वडा स्तरको समग्र नेतृत्व गर्ने ।

(२) वडा अधिवेशन, परिषद्, वडा कार्य समिति, र वडा कार्य सम्पादन समितिको अध्यक्षता गर्ने र आवश्यक परे निर्णायक मत दिने ।

(३) यस विधान अनुसार तोकिएको कार्यसमिति र विभागको पदाधिकारी तथा सदस्यको नाम मनोनयन गर्ने र वडा समितिबाट अनुमोदन गराउने ।

(४) विधानमा प्रस्टसँग नतोकिएका वडा कार्य समितिका पदाधिकारीको कार्य विभाजन गर्ने, कार्य विभाजन हेरफेर गर्ने र पार्टीका पदाधिकारी एवं सदस्यमध्येबाट प्रवक्ता तोक्ने ।

(५) वडा कार्यसमिति र वडा कार्य सम्पादन समितिको बैठक बोलाउने ।

(६) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२). वडा कार्य समितिको सचिव (राजनीति) को काम, कर्तव्य र अधिकार: सचिव (राजनीति) को काम, कर्तव्य र अधिकार देहाय बमोजम हुनेछ :

(१) यस पार्टीको वडा कार्यालयको राजनीतिक कार्यहरू सचिवको मातहत रहनेछ ।

(२) दैनिक राजनीतिक कार्यसञ्चालनका लागि अध्यक्षलाई सहयोग पुऱ्याउने तथा महत्वपूर्ण विषयमा अध्यक्षलाई जानकारी र सुझाव दिने ।

(३) पार्टीका निकायहरूमा पार्टी सम्बन्धी गतिविधिबारे आवश्यकतानुसार सूचना प्रवाहित गर्ने, आफू मातहातका निकायहरूमा पार्टीका निर्णय तथा कार्यक्रमहरू कार्यान्वयन तथा सुपरीवेक्षण गर्ने, गराउने ।

(४) पार्टी सम्बन्धी कार्यमा कार्य सम्पादन समितिको निर्णयानुसार प्रतिनिधि खटाउने ।

(५) वडा कार्य समिति, अधिवेशन र परिषद्मा प्रतिवेदन र प्रस्ताव प्रस्तुत गर्ने ।

(६) वडा अधिवेशन, परिषद्, वडा कार्यसमिति र वडा कार्य सम्पादन समितिको निर्णय प्रमाणित गर्ने ।

(७) पार्टीको वडा मातहातका निकायहरूलाई पार्टीको राजनीतिक निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने ।

(८) पार्टीको वडा कार्य सम्पादन समिति तथा वडा कार्य समितिको बैठकका विषयसूचीहरू वडा अध्यक्ष, सचिव तथा कोषाध्यक्षसँगको सल्लाहमा तय गर्ने ।

(९) स्थानीय तह अधिवेशन, परिषद्, स्थानीय तह कार्यसमिति बैठकमा राजनीतिक प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने

(१०) अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्षको भूमिका निर्वाह गर्ने

(११) सचिव (राजनीतिक) को अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) वडा कार्य समितिको सचिव (संगठन) को काम, कर्तव्य र अधिकार: सचिव (संगठन) को काम, कर्तव्य र अधिकार देहाय बमोजम हुनेछ **:**

(१) यस पार्टीको वडा कार्यालय सचिवको मातहत रहनेछ । सचिवले वडा कार्यालयको रेखदेख र सञ्चालन गर्नेछ ।

(२) अधिवेशन, परिषद्, वडा कार्य समिति तथा कार्य सम्पादन समिति र अन्य वडा समितिहरूको निर्णय कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी सचिवको हुनेछ ।

(३) पार्टीको संगठन संरचना, क्रियाशील र प्रभावकारी बनाउने र पार्टीका निकायहरूमा पार्टी सम्बन्धी गतिविधिबारे आवश्यकतानुसार सूचना प्रवाहित गर्ने, पार्टीका निर्णय तथा कार्यक्रमहरू कार्यान्वयन तथा सुपरीवेक्षण गर्ने, गराउने ।

(५) पार्टीको संगठन सम्बन्धी कार्यमा वडा कार्य सम्पादन समिति, वडा कार्य समितिको निर्णयानुसार वा सभापतिको निर्देशानुसार प्रतिनिधि खटाउने वा समिति वा उपसमिति बनाउने ।

(६) पार्टीका वडा स्तरका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने र गर्न लगाउने ।

(७) पार्टी मातहतका निकायहरूलाई पार्टीको संगठन सम्बन्धी निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने ।

(८) स्थानीय तह अधिवेशन, परिषद्, स्थानीय तह कार्यसमिति बैठकमा सांगठनिक प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने

(९) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) वडा कार्य समितिको सचिव (सुशासन) काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ :

(१) सम्बन्धित वडाको सुशासन सम्बन्धी नीति, दृष्टिकोण र एजेन्डा तयार र कार्यन्वयन गर्न सहयोग गर्ने

(२) पार्टीको भ्रष्टाचार विरोधी, पारदर्शिता र जवाफदेहिताका विषयमा कार्यक्रम र अभियान सञ्चालन गर्न सहयोग गर्ने।

(३) सुशासनसम्बन्धी वडा सरकारको नीतिहरूको अध्ययन, मूल्यांकन गरी पार्टीको वैकल्पिक प्रस्ताव प्रस्तुत गर्ने।

(४) स्थानीय, वडा र संघीय तहमा सुशासन सम्बन्धी गतिविधि समन्वय गर्ने।

(५) पार्टी र राज्य व्यवस्थामा पारदर्शिता र जवाफदेहिताको संस्कार विकास गर्न सहयोग गर्ने।

(६) स्थानीय तह अधिवेशन, परिषद्, स्थानीय तह कार्यसमिति बैठकमा सुशासन सम्बन्धी प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने

(७) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) वडा कार्य समितिको सचिव (उद्‌यमशीलता) काम, कर्तव्य र अधिकार: वडा कार्य समितिको सचिव (उद्‌यमशीलता) काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सम्बन्धित वडामा युवालाई रोजगारी र अवसर दिलाउने गरी उद्यमशीलता प्रवर्द्धनमा पार्टीको नीति र कार्यक्रम बनाउन सहयोग गर्ने।

(२) सम्बन्धित वडा कृषि, उद्योग, पर्यटन, प्रविधि आदि क्षेत्रमा स्टार्टअप र लगानीलाई प्रोत्साहन गर्ने अभियान सञ्चालन गर्न पार्टीलाई सहयोग गर्ने।

(३) वडामा उद्यमशीलतालाई सम्बोधन गर्ने कानुन तथा नीतिगत सुधारका लागि सुझाव दिने।

(४) निजी क्षेत्र, युवा संघसंस्था र व्यावसायिक क्षेत्रसँग सहकार्य गर्न पार्टीको रणनीति बनाउन र कार्यन्वयग गर्न सहयोग गर्ने।

(५) स्थानीय तह अधिवेशन, परिषद्, स्थानीय तह कार्यसमिति बैठकमा समता सम्बन्धी प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने

(६) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(६) वडा कार्य समितिको सचिव (समता) काम, कर्तव्य र अधिकार : वडा कार्य समितिको सचिव (समता) काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सामाजिक न्याय, समावेशीता र समान अवसर सुनिश्चित गर्न पार्टीको वडा नीति तथा कार्यक्रम निर्माण गर्न सहयोग गर्ने।

(२) महिला, दलित, जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्तिहरू लगायतको अधिकार र सहभागिताका लागि अभियान सञ्चालन गर्ने।

(३) वडामा समान पहुँच (शिक्षा, स्वास्थ्य, रोजगार) सम्बन्धी नीतिहरूमा वैकल्पिक दृष्टिकोण प्रस्तुत गर्ने।

(४) पार्टीभित्र पनि आन्तरिक समावेशी अभ्यास (महिला–पुरुष अनुपात, क्षेत्रीय प्रतिनिधित्व) सुनिश्चित गर्न पहल गर्ने।

(५) स्थानीय तह अधिवेशन, परिषद्, स्थानीय तह कार्यसमिति बैठकमा समता सम्बन्धी प्रतिवेदन तथा प्रस्ताव पेश गर्ने

(६) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(७) <u>वडा कार्य समितिको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार</u>**:** कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ **:**

(१) पार्टीको वडा स्तरको निम्ति आवश्यक आर्थिक स्रोत साधनको व्यवस्था गर्ने, त्यसको संरक्षण र सम्वर्द्धन गर्ने तथा सम्पूर्ण आय व्ययको अद्यावधिक अभिलेख राख्ने ।

(२) वडा कार्य समितिद्वारा निर्णय गरेको बैङ्कमा पार्टीका नाममा खाता खोल्ने र संघीय कार्यसमितिले तोकेको नीति अनुसार सञ्चालन गर्ने ।

(३) पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क र अन्य सहयोग रकम सङ्कलन गर्ने तथा अभिलेख राख्ने ।

(४) सङ्कलित रकम पार्टीका विभिन्न काम र निकायको खर्चका लागि निर्णय अनुसार भुक्तानी गर्ने र त्यसको हिसाब राख्ने ।

(५) पार्टीको वडा तहको वार्षिक आर्थिक प्रतिवेदन वडा कार्यसमितिमा र वडा कार्य समिति मार्फत् परिषद् र अधिवेशनमा प्रस्तुत गर्ने ।

(६) वडा कार्यसमितिले पारित गरेको लेखा परीक्षण सम्बन्धी प्रतिवेदन अधिवेशन र परिषद्मा प्रस्तुत गर्ने ।

(७) वडा कोष विभागको नेतृत्व गर्ने

(८) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) वडा कार्य समितिका पदाधिकारी तथा वडा स्तरका अन्य समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

८७. <u>वडा स्तरमा रहने विभागीय समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार</u>: (१) वडा स्तरमा रहने विभागका पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संयोजकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) संयोजकले विभागको समग्र नेतृत्व गर्ने तथा नियमित तथा आकस्मिक बैठकहरू आह्‍वान गर्ने

(२) विभागका बैठकमा सम्बन्धित विभागको कार्य योजना अनुमोदनका लागि पेश गर्ने

(३) संयोजकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(ख) सह संयोजकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सह संयोजकले विभागको समग्र नेतृत्व गर्न संयोजकलाई सघाउने

(२) संयोजकको अनुपस्थितिमा कार्यवाहक संयोजकको रूपमा विभागलाई नेतृत्व प्रदान गर्ने ।

(३) सह संयोजकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(ग) सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सचिवले विभागको बैठकका निर्णयहरूको अभिलेख राख्ने

(२) सचिवले संयोजक तथा सह संयोजकसँगको परामर्शमा विभागको बैठकका विषयसूची तय गर्ने ।

(३) सह संयोजकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) वडा स्तरका विभागीय समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद – ११

बैठक र निर्णय सम्बन्धी व्यवस्था

८८. संघीय महासमिति बैठक: (१) संघीय महासमिति बैठक वर्षको एक पटक बस्नेछ। एक बैठक र अर्को बैठकको फरक भन्दा एक वर्षभन्दा महाधिवेशन हुने वर्षमा बाहेक बढी हुने छैन ।

(२) संघीय महासमितिको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८९. संघीय कार्य समितिको बैठक: (१) संघीय कार्य समितिको बैठक दुई महिनामा बस्नेछ । एक बैठक र अर्को बैठकको फरक दुई महिनाभन्दा बढी हुने छैन ।

(२) संघीय कार्य समितिको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९०. प्रदेश परिषद्को बैठक: (१) प्रदेश परिषदको बैठक वर्षको एक पटक बस्नेछ । एक बैठक र अर्को बैठकको फरक अधिवेशन हुने वर्षमा बाहेक एक वर्षभन्दा बढी हुने छैन ।

(२) प्रदेश परिषद्को बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९१. प्रदेश कार्य समितिको बैठक: (१) प्रदेश कार्य समितिको बैठक दुई महिनाको एक पटक बस्नेछ । एक बैठक र अर्को बैठकको फरक दुई महिनाभन्दा बढी हुने छैन ।

(२) प्रदेश समितिको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९२. जिल्ला परिषद्को बैठक: (१) जिल्ला परिषद्को बैठक वर्षको एक पटक बस्नेछ । एक बैठक र अर्को बैठकको फरक अधिवेशन हुने वर्षमा बाहेक एक वर्षभन्दा बढी हुने छैन ।

(२) जिल्ला परिषद्को बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९३. जिल्ला कार्य समितिको बैठक: (१) जिल्ला समिति बैठक महिनाको एक पटक बस्नेछ । एक बैठक र अर्को बैठकको फरक एक महिनाभन्दा बढी हुने छैन ।

(२) जिल्ला कार्य समितिको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९४. स्थानीय तह परिषद्को बैठक: (१) स्थानीय तह परिषद्को बैठक वर्षको एक पटक बस्नेछ । एक बैठक र अर्को बैठकको फरक अधिवेशन हुने वर्षमा बाहेक एक वर्षभन्दा बढी हुने छैन ।

(२) स्थानीय तह परिषद्को बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९५. स्थानीय तह कार्य समितिको बैठक: (१) स्थानीय तह कार्य समितिको बैठक महिनामा एक पटक बस्नेछ । एक बैठक र अर्को बैठकको फरक एक महिनाभन्दा बढी हुने छैन ।

(२) स्थानीय तह कार्य समितिको बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९६. <u>संसदीय दलको बैठक</u>: (१) सामान्यतया संसदीय दलको बैठक एक महिनामा बस्नेछ । एक बैठक र अर्को बैठकको फरक एक महिनाभन्दा बढी हुने छैन ।

(२) संसदीय दलको बैठक सम्बन्धी अन्य व्यवस्था सम्बन्धित संसदीय दलको विधान तथा यस विधान बमोजिम बनेको नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

९७. <u>बैठकको गणपूरक संख्या</u>: सबै तह/स्तरका कार्य समिति, विभाग, आयोग, अन्य समिति, महाधिवेशन, अधिवेशन महासमिति, परिषद् लगायतका समितिहरूको बैठकका लागि उक्त समयमा कायम रहेका कुल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्यको उपस्थितिमा मात्रै बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

## परिच्छेद – १२

## अनुशासन सम्बन्धी कारबाही र पुनरावेदन

९८. <u>आचार संहिता</u>: (१) पार्टीले सबै तहका पदाधिकारी तथा अन्य सदस्यले पालना गर्नु पर्ने आचार संहिता बनाई लागु गर्नेछ ।

(२) उप दफा (१) बमोजिमको आचार संहिता महाधिवेशनबाट पारित गरी लागु गरिनेछ ।

(३) उप दफा (२) बमोजिम लागु भएको आचार संहिताको पालना गर्नु सबै तहका प्रत्येक पदाधिकारी तथा अन्य सबै सदस्यको कर्तव्य हुनेछ ।

(४) आचार संहिता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९९. <u>पदाधिकारी तथा सदस्यले पालना गर्नु पर्ने अनुशासनको नियम</u>: (१) पार्टीले सबै तहका पदाधिकारी एवम् सदस्यहरूले पालन गर्नु पर्ने अनुशासन सम्बन्धी नियमको व्यवस्था गर्न सक्नेछ ।

(२) उप दफा (१) बमोजिम पालन गर्नु पर्ने अनुशासनका नियम सम्बन्धी विषय पार्टीको संघीय कार्य समितिको बैठकबाट स्वीकृत गरी लागु गरिनेछ ।

(३) उप दफा (२) बमोजिम स्वीकृत भई लागु भएको अनुशासनको नियमको पालना गर्नु प्रत्येक पदाधिकारी तथा पार्टीका सदस्यको कर्तव्य हुनेछ ।

(४) पार्टीको अनुशासन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१००. <u>आचारसंहिता तथा अनुशासनको नियमको उल्लंघन गरेको मानिने</u>: (१) पदाधिकारी, सदस्य तथा निकायले देहाय बमोजिमको कार्य गरे गराएमा दफा ९८ वा ९९ बमोजिम जारी आचारसंहिता वा अनुशासनको नियम उल्लंघन गरेको मानिनेछ :

(क) पार्टीको आदर्श, सिद्धान्त, विधान, नियमावली एवम् नीति तथा कार्यक्रम विपरीत कार्य गरे गराएमा,

(ख) नेपालको संविधान र प्रचलित कानून बमोजिम जननिर्वाचित प्रतिनिधिले चलाउने निकायको निर्वाचनमा पार्टीको निर्णय विपरीत उम्मेदवार बनेमा, पार्टीको उम्मेदवारविरुद्ध प्रचार गरेमा वा पार्टीको उम्मेदवारका विरुद्धमा उठ्ने अन्य कुनै

उम्मेदवारको प्रस्तावक वा समर्थक बनेमा वा त्यस्तो उम्मेदवारको पक्षमा कुनै काम गरेमा,

(ग) नैतिक पतन देखिने फौजदारी कसुर गरेको वा भ्रष्ट क्रियाकलाप गरेको वा अवाञ्छित तत्वसँग साँठगाँठ गरी राष्ट्रको हित विपरीत काम गरेको,

(घ) पदीय आचरण वा पार्टी हित विपरीत आर्थिक अनुशासनहीनता या पार्टी सम्पत्तिको हिनामिनामा संलग्न भएको,

(ङ) छुवाछुत वा जातीय भेदभाव वा लैङ्गिक हिंसाजन्य क्रियाकलाप गरेको,

(२) आचारसंहिता वा अनुशासनका नियम उल्लंघन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०१. <u>अनुशासन सम्बन्धी कारबाही</u>: (१) पार्टीको महाधिवशेन, प्रदेश अधिवेशन तथा जिल्ला अधिवेशनले एक आयुक्त र कम्तीमा एक तिहाइ महिला सदस्य रहने गरी संघको हकमा ७ सदस्यीय, प्रदेश तथा जिल्लाको हकमा हरेक प्रदेश तथा जिल्लामा ५ सदस्यीय एक न्याय तथा अनुशासन आयोग गठन गर्नेछ ।

(२) स्थानीय तह र जिल्ला स्तरका कुनै पनि पदाधिकारी तथा सदस्यले दफा ९८ वा ९९ बमोजिम जारी भएको आचार संहिता तथा अनुशासनको नियम उल्लंघन गरेमा जिल्ला न्याय तथा अनुशासन आयोगले आचार संहिता उल्लंघन भएको हो होइन छानबिन गरी कारबाहीको लागि सम्बन्धित तहको समितिमा सिफारिस गर्नुपर्नेछ । प्रदेश वा संघीय तहका कुनै पनि पदाधिकारी तथा सदस्यले दफा ९८ वा ९९ बमोजिम जारी भएको आचार संहिता तथा अनुशासनको नियम उल्लंघन गरेमा संघीय न्याय तथा अनुशासन आयोगले आचार संहिता उल्लंघन भएको हो होइन छानबिन गरी कारबाहीको लागि सम्बन्धित तहको समितिमा सिफारिस गर्नुपर्नेछ ।

(३) उप दफा (२) बमोजिम कारबाहीको लागि सिफारिस गर्नुपूर्व सम्बन्धित पदाधिकारी वा सदस्यलाई सफाइ पेश गर्ने मौका दिनुपर्नेछ ।

(४) उप दफा (२) बमोजिम कारवाहीको लागि सिफारिस भई आएकोमा सम्बन्धित तहको समितिले कारवाहीको निर्णय गर्नेछ ।

(५) उप दफा (४) बमोजिम सम्बन्धित समितिले कारबाहीको निर्णय गर्दा पुनरावेदन गर्नको लागि पन्ध्र दिनको हद म्याद दिनु पर्नेछ ।

(६) अनुशासनात्मक कारबाही तथा कारबाही गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०२. <u>कारबाही</u>: (१) आचारसंहिता तथा अनुशासनको नियम उल्लंघन गरेमा तोकिए बमोजिमको कारवाही गरिनेछ ।

१०३. <u>पुनरावेदन सम्बन्धी व्यवस्था</u>: (१) पार्टीको जिल्ला न्याय तथा अनुशासन आयोगले गरेका निर्णयहरू प्रदेश न्याय तथा अनुशासन आयोगमा पुनरावेदन गरिनेछ र प्रदेश तहमा भएका निर्णयहरू संघीय तहमा पुनरावेदन गरिनेछ । र संघीय तहमा पेश गरिएको उजुरीको सुरुवाती सुनुवाइ संयुक्त इजालसले गर्नेछ र त्यसको पुनरावेदन संघीय तहको पूर्ण इजालसले गर्नेछ ।

(२) उप दफा (१) बमोजिम पुनरावेदन दिन चाहने व्यक्तिले जिल्ला स्तरको आयोगबाट भएको निर्णयको जानकारी प्रदान गरेको मितिले पन्ध्र दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

(३) उप दफा (२) बमोजिम पुनरावेदन पर्न आएकोमा पुनरावेदन सुन्न प्रदेश तहको आयोगले तीस दिनभित्र बुझ्नुपर्ने सबै प्रमाण कागजात बुझी बढीमा चालीस दिनभित्र निर्णय दिनुपर्नेछ ।

(४) उप दफा (३) बमोजिम पुनरावेदन गरेको निर्णयमा चित्त नबुझेमा प्रदेश तहको निर्णयको पुनरावेदनका तथा संघीय तहको हकमा पेश गरिएको सुरुवाती निवेदन उपरको सुनुवाइ/निर्णय तीन सदस्यीय इजालसले गर्नेछ भने सो उपरको पुनरावेदन सबै आयुक्तहरू सम्मिलित पूर्ण इजालसले गर्नेछ ।

(५) उप दफा (४) बमोजिम पुनरावलोकनको लागि निवेदन परेमा उक्त निवेदन हेर्न सक्षम सम्बन्धित तहको आयोगले उप दफा (३) बमोजिमको प्रक्रिया र अवधिमा निर्णय दिनु पर्नेछ ।

(६) उप दफा (५) बमोजिम भएको निर्णय अन्तिम हुनेछ । यसरी संघीय तहका सबै आयुक्तहरू सम्मिलित पुनरावलोकन समितिले गरेको निर्णय आवश्यक परेमा संघीय कार्य समितिलाई कारवाहीका लागि सिफारिस गरिनेछ । निश्चित दण्ड तोकिएका मुद्दाहरू मात्रै पुनरावेदनका लागि संघीय तहको पूर्ण इजालससम्म पेश गर्न सकिनेछ । मुद्दाहरूको वर्गीकरण गरी कस्ता प्रकारका मुद्दाहरूमा कति तहसम्मको पुनरावेदन गर्न सकिने भनी व्यवस्था गरिनेछ ।

(७) पुनरावेदन प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – १३

## विवाद समाधान समिति सम्बन्धी व्यवस्था

१०४. <u>विवाद समाधान समिति</u>: पार्टीको आन्तरिक विवाद समाधानका लागि देहाय बमोजिमका पदाधिकारी भएको विवाद समाधान समिति गठन गर्नु पर्नेछ :

संघ र प्रदेश तहको अध्यक्ष, महासचिव/सचिव, कोषाध्यक्ष, निर्वाचन आयोगका प्रमुख आयुक्त, लेखा आयोगका प्रमुख आयुक्त, न्याय तथा अनुशासन आयोगका प्रमुख आयुक्त सम्मिलित एक समिति गठन गरिनेछ । जिल्ला र तथा स्थानीय तहमा अध्यक्ष, सचिव, कोषाध्यक्ष, दुई कार्य समितिका सदस्य सम्मिलित एक समिति गठन गरिनेछ

१०५. <u>विवाद समाधान समितिको काम, कर्तव्य र अधिकार</u>: विवाद समाधान समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(१) पार्टीभित्रको विवादको व्यवस्थापन गरी आन्तरिक एकतालाई मजबुत बनाउने

१०६. <u>विवाद समाधान प्रक्रिया</u>: (१) विवाद समाधान गर्नका लागि विवादरत दुई पक्षमध्ये कुनैले उक्त समितिमा आफ्नो विवादको समाधान गर्नलाई माग गरेमा दुवै पक्षलाई बोलाई त्यसमा दुवै पक्षलाई मान्य हुने समाधान निकाल्न प्रयास गर्ने । उक्त तहमा त्यसको हल निस्कन सम्भव नभएमा त्योभन्दा एक तह माथिको समितिले प्रयास गर्नेछ ।

## परिच्छेद – १४

## पार्टीको कोष सम्बन्धी व्यवस्था

१०७. <u>कोष</u>: (१) पार्टीको एक छुट्टै कोष हुनेछ, जसमा देहाय अनुसारको रकम जम्मा हुनेछः–

(क) सदस्यता शुल्कवापत प्राप्त रकम,

(ख) तोकिएको लेवी वा सदस्यता नवीकरण शुल्कवापत प्राप्त रकम,

(ग) पार्टीलाई प्राप्त हुने स्वेच्छिक आर्थिक सहयोगबाट प्राप्त हुने रकम,

(घ) पार्टीले कुनै कार्यक्रम आयोजना गरी सङ्कलन गरेको रकम,

(ङ) प्रकाशन तथा चल अचल सम्पत्ति बिक्रीबाट प्राप्त रकम,

(च) कोषमा रहेको रकम बापत बैंकबाट प्राप्त व्याज रकम,

(छ) सहयोगवापत प्राप्त हुने रकम,

(ज) विधान बमोजिम पार्टीलाई प्राप्त हुने जुनसुकै रकम ।

(२) उप दफा (१) बमोजिमको कोष प्रत्येक तहको समितिमा रहनेछ ।

(३) उप दफा (१) बमोजिमको कोषमा रहेको रकम प्रत्येक तहका समितिले बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) पार्टीको प्रत्येक तहका समितिको नाममा हुने सबै खर्च सम्बन्धित तह/स्तरको पार्टीको कोषबाट बेहोरिनेछ ।

(५) पार्टीको कोषमा प्राप्त हुने रकम प्राप्त गर्दाका बखत अनुसूची–८ बमोजिमको ढाँचाको रसिद/भरपाइ उपलब्ध गराइनेछ ।

(६) कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०८. <u>बैंक खाता सञ्चालन</u>: (१) पार्टीको बैंक खाता सम्बन्धित तहको समितिका अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कोषाध्यक्ष अनिवार्य रहने गरी कुनै दुई जनाको दस्तखतबाट सञ्चालन गरिनेछ । तर कुनै विशेष कारणवश कोषाध्यक्षको दस्तखत प्राप्त नहुने परिस्थिति सिर्जना भएमा सो कुराको लिखित विवरण खडा गरी अध्यक्ष तथा सचिवको हस्ताक्षरबाट समेत बैंक खाता सञ्चालन गर्न सकिनेछ ।

(२) पार्टीको बैंक खाता सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०९. <u>रकम खर्च सम्बन्धी व्यवस्था</u>: (१) पार्टीको कोषमा रहेको रकम सम्बन्धित तह/स्तरको महाधिवेशन वा अधिवेशनबाट स्वीकृत कार्यक्रम अनुरुप मात्र खर्च गरिनेछ ।

(२) उप दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित तहको महाधिवेशन वा अधिवेशनले सम्बन्धित तहको समितिले निर्णय गरी खर्च गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गरेकोमा त्यस्तो समितिको निर्णय बमोजिम रकम खर्च गर्न सकिनेछ ।

(३) पार्टीको कोषबाट रकम खर्च गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१११०. <u>लेखा समिति/आयोग</u>: (१) पार्टीको प्रत्येक तह/स्तरका महा/अधिवेशनले सम्बन्धित तह/स्तरका लागि एक जना प्रमुख आयुक्त/संयोजक र कम्तीमा एक तिहाई महिला सहित संघ र प्रदेशको हकमा पाँच आयुक्त रहेको एक लेखा आयोग तथा जिल्ला तथा त्यस मातहातका समितिहरूको हकमा तीन सदस्यीय लेखा समितिको निर्वाचन गर्नेछ ।

(२) उप दफा (१) बमोजिमको लेखा समिति/आयोग निर्वाचन भएको मितिले तीस दिनभित्र सम्बन्धित तह/स्तरको समितिले माथिल्लो समितिलाई र निर्वाचन आयोगको सम्बन्धित कार्यालयलाई पन्ध्र दिनभित्र लिखित जानकारी दिनुपर्नेछ ।

(४) लेखा समिति/आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सम्बन्धित तह/स्तरको लेखा समिति/आयोगले सम्बन्धित तह/स्तरको समितिको लेखा जाँच गर्ने,

(ख) खण्ड (क) बमोजिम लेखा जाँच गर्दा कैफियत भएको पाइएमा तत्काल सुधारका लागि निर्देशन दिने,

(ग) सम्बन्धित तह/स्तरको लेखा समिति/आयोगले सम्बन्धित तहको समितिको आन्तरिक लेखा परीक्षणको व्यवस्था मिलाउने,

(घ) सम्बन्धित तह/स्तरको लेखा समिति/आयोगले सम्बन्धित तह/स्तरको समितिको अन्तिम लेखा परीक्षणको व्यवस्था मिलाउने,

(ङ) पार्टीको चल अचल सम्पत्तिको तथ्यांक तथा अभिलेख व्यवस्थापन गर्न लगाउने,

(५) लेखा समिति/आयोगको काम, कर्तव्य र अधिकार तथा लेखा समिति/आयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१११. <u>कोष सञ्चालनका लागि जिम्मेवार पदाधिकारी</u>: (१) पार्टीको प्रत्येक तह/स्तरका समितिले निर्वाचन आयोगको सम्बन्धित कार्यालयमा कोष सञ्चालनका लागि एक जना सम्पर्क व्यक्ति तोक्नुपर्नेछ ।

(२) उप दफा (१) बमोजिमको सम्पर्क व्यक्ति सम्बन्धित तहको समितिको निर्वाचन भएको मितिले तीस दिनभित्र तोकी सक्नु पर्नेछ ।

(३) उप दफा (२) बमोजिम तोकिएको सम्पर्क व्यक्तिको सम्बन्धमा सम्बन्धित तहको समितिले आफू भन्दा माथिल्लो समितिलाई र आयोगको सम्बन्धित कार्यालयलाई पन्ध्र दिनभित्र लिखित जानकारी दिनु पर्नेछ ।

(४) सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) आयोगको सम्बन्धित कार्यालयसँग सम्पर्क समन्वयमा रहने,

(ख) आयोगबाट जारी भएका निर्देशन, आदेश वा कोष सम्बन्धी अन्य विषय आफ्नो समितिमा छलफल गर्ने गराउने,

(ग) खण्ड (ख) बमोजिमको विषयको कार्यान्वयन गर्न गराउन प्रयत्नशिल रहने,

(घ) खण्ड (ख) बमोजिमको बिषयमा भएको प्रगति आयोगको सम्बन्धित कार्यालयमा जानकारी गराउने,

(५) सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकार तथा सम्पर्क व्यक्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११२. <u>लेखा व्यवस्थापन</u>: (१) पार्टीको लेखा आयोगले तोकेको ढाँचामा दोहोरो लेखा प्रणाली अनुरुप राखिनेछ ।

(२) पार्टीको सम्बन्धित तह/स्तरको समितिको लेखा राख्ने काम पार्टीको सम्बन्धित तह/स्तरको कोषाध्यक्षले गर्नेछन् ।

(३) उप दफा (२) बमोजिम लेखा राख्ने कोषाध्यक्षको विवरण सम्बन्धित तह/स्तरको समितिले माथिल्लो समिति र आयोगको सम्बन्धित कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ ।

(४) पार्टीको जग्गा, भवन, सवारी साधन, मेशिन औजार, फर्निचर फिक्चर लगायतका अन्य सम्पत्तिको लेखांकन र अभिलेखन गरिनेछ ।

(५) लेखा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११३. <u>आन्तरिक लेखापरीक्षण</u>: (१) सम्बन्धित तह/स्तरको समितिको कोषको आय व्ययको आन्तरिक लेखापरीक्षण गर्नका लागि सम्बन्धित तहको लेखा समिति/आयोगले विषय विज्ञलाई आन्तरिक लेखा परीक्षकको रुपमा नियुक्त गर्नेछ ।

(२) उप दफा (१) बमोजिमको आन्तरिक लेखा परीक्षकले पार्टीको सम्बन्धित तह/स्तरको आन्तरिक लेखा परीक्षण गरी मासिक रुपमा सम्बन्धित तह/स्तरको लेखा समिति/आयोग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उप दफा (२) बमोजिम पेश हुन आएको आन्तरिक लेखा परीक्षण प्रतिवेदन लेखा समिति/आयोगले सम्बन्धित तह/स्तरको समितिमा पेश गर्नुपर्नेछ ।

(४) लेखा परीक्षक नियुक्ति, सेवा, सुविधा तथा आन्तरिक लेखा परीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११४. <u>अन्तिम लेखा परीक्षण</u>: (१) पार्टीको सम्बन्धित तह/स्तरका समितिले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफ्नो आय र व्ययको लेखा परीक्षण इजाजत प्राप्त लेखा परीक्षकबाट गराउनेछ ।

(२) लेखा परीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि आर्थिक वर्ष भन्नाले नेपाल सरकारले तोकेको आर्थिक वर्ष सम्झनुपर्छ ।

११५. <u>लेखा परीक्षण प्रतिवेदन सार्वजनिक</u>: (१) सम्बन्धित तह/स्तरको समितिले दफा ११४ बमोजिमको अवधिभित्र लेखापरीक्षण कार्य सम्पन्न गरी सोको प्रतिवेदन निकट माथिल्लो तह/स्तरको समितिमा लेखापरीक्षण सम्पन्न भएको मितिले तीस दिनभित्र पेश गर्नु पर्नेछ ।

(२) सम्बन्धित तह/स्तरको समितिले उप दफा (१) बमोजिम निकट माथिल्लो तहको समितिमा लेखापरीक्षण प्रतिवेदन पेश गरेको तीस दिनभित्र उक्त लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

(३) उप दफा (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदन प्रचलित कानूनमा भएको व्यवस्था वा आयोगको निर्देशन बमोजिम आयोगको सम्बन्धित कार्यालयमा समेत पेश गर्नु पर्नेछ ।

(४) लेखा परीक्षण प्रतिवेदनका साथ पार्टीको जग्गा, भवन, सवारी साधन, मेशिन औजार, फर्निचर फिक्चर लगायतका अन्य सम्पत्तिको विवरण समेत सार्वजनिक गरिनेछ ।

(५) लेखा परीक्षण सार्वजनिक गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११६. कोष तथा आर्थिक व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था: (१) पार्टीको जग्गा, भवन, सवारी साधन, मेशिन औजार, फर्निचर फिक्चर लगायतका अन्य सम्पत्तिहरूको स्पष्ट विवरण खुल्ने गरी अनुसूची–९ बमोजिमको ढाँचामा सम्पत्ति अभिलेख लगत राखिनेछ ।

(२) उप दफा (१) बमोजिम राखिएको अभिलेख विवरण प्रत्येक वर्ष चैत्र मसान्तभित्र सार्वजनिक गरिनेछ ।

(३) पार्टीको कोष तथा लेखा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – १५

## विधान संशोधन

११७. विधान संशोधन कार्यदल: (१) पार्टीको विधान संशोधन गर्न आवश्यक देखिएमा संघीय कार्य समितिले एक जना संयोजक सहित बढीमा एघार सदस्य रहेको विधान संशोधन कार्यदल गठन गर्नेछ ।

(२) उप दफा (१) बमोजिमको कार्यदलमा कम्तीमा एक तिहाइ महिला सदस्य रहनेछन ।

(३) उप दफा (१) बमोजिमको कार्यदल समानुपातिक समावेशी सिद्धान्तका आधारमा समावेशी समूहका प्रतिनिधि समेत रहने गरी गठन गरिनेछ ।

(४) विधान संशोधन कार्यदल सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११८. विधान संशोधन कार्यदलले गर्नुपर्ने कार्य: (१) विधान संशोधन कार्यदलले देहाय अनुसारको प्रक्रिया अवलम्बन गरी विधान संशोधनको मस्यौदा तयार गर्नु पर्नेछ :

(क) प्रदेश, जिल्ला, स्थानीय तह तथा वडा समितिहरू लगायत पार्टी सदस्य तथा शुभचिन्तकहरूसँग विधान संशोधन गर्नुपर्ने बिषयका सम्बन्धमा सुझाव माग गर्ने,

(ख) खण्ड (क) बमोजिम माग गरी प्राप्त सुझाव तथा आफ्नै बुझाइका आधारमा संशोधनको खाका तयार गर्ने,

(ग) खण्ड (ख) बमोजिमको खाका माथि संघीय समिति तथा आवश्यकता अनुसार प्रदेश, जिल्ला, स्थानीय तह तथा वडा समितिहरूसँग छलफल गर्ने,

(घ) विधान संशोधन मस्यौदा प्रतिवेदन तयार गरी संघीय समितिमा पेश गर्ने,

(२) विधान संशोधन कार्यदल र कार्यदलले अपनाउनु पर्ने प्रक्रिया तथा प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११९. विधान संशोधन प्रस्ताव: (१) दफा को खण्ड (घ) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा संघीय समितिले अनुसूची–१० बमोजिमको ढाँचामा विधान संशोधनको प्रस्ताव तयार गर्नु पर्नेछ ।

(२) उप दफा ११९(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय कार्य समितिले अनुसूची–१० बमोजिमको ढाँचामा विधान संशोधनको प्रस्ताव तयार गर्न विधान संशोधन कार्यदललाई जिम्मेवारी तोक्न सक्नेछ ।

(३) उप दफा (२) बमोजिम जिम्मेवारी तोकिएकोमा सोही बमोजिम कार्य गर्नु विधान संशोधन कार्यदलको जिम्मेवारी हुनेछ ।

(४) विधान संशोधन प्रस्ताव सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२०. विधान संशोधनको प्रक्रिया: (१) पार्टीको विधान संशोधन महासमितिबाट मात्र गरिनेछ ।

(२) विधान संशोधन प्रक्रिया सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२१. संशोधित विधानको प्रमाणीकरण: (१) संशोधित विधान महासमितिको निर्णय महासचिव (राजनीति) को नेतृत्वको निर्णय प्रमाणीकरण समितिले प्रमाणित गर्नेछ ।

(२) विधान संशोधन प्रमाणित सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२२. संशोधित विधान लागु हुने: (१) दफा १३२ बमोजिम प्रमाणित विधान दफा १३२ को उप दफा (१) को ढाँचामा विधान संशोधन भएको मितिले पन्ध्र दिनभित्र आयोगमा पेश गरिनेछ ।

(२) उप दफा (१) बमोजिमको पेश गरिएको संशोधित विधान आयोगबाट स्वीकृति प्राप्त गरेको मितिदेखि लागु हुनेछ ।

## परिच्छेद – १६

## पार्टी विघटन हुने अवस्था र विघटन भएमा सम्पत्ति तथा दायित्वको व्यवस्थापन

१२३. पार्टी विघटन सम्बन्धी व्यवस्था: (१) पार्टीको विघटन गर्न उपयुक्त छ भनी तत्काल कायम रहेको संघीय समितिको दुई तिहाइ सदस्यबाट निर्णय गरी तत्काल कायम रहेको महासमिति बैठकमा पेश गर्न सक्नेछ ।

(२) उप दफा (१) बमोजिम निर्णय भई आएमा तत्काल कायम रहेको महासमिति बैठकको कुल सदस्य संख्याको दुई तिहाइ सदस्यले पार्टी विघटन गर्ने निर्णय गरेमा पार्टी विघटन हुनेछ ।

(३) उप दफा (२) बमोजिम पार्टी विघटन भएमा पार्टीको सम्पूर्ण जायजेथा तथा सम्पत्ति नेपाल सरकारको हुनेछ ।

(४) पार्टी विघटनको प्रक्रिया लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – १७

## विविध

१२४. <u>उम्मेदवार मनोनयनको मापदण्ड</u>: (१) नेपालको संविधान तथा प्रचलित कानून बमोजिम हुने निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवार मनोनयन गर्दा देहायको मापदण्डको आधारमा गरिनेछ :

(क) विद्यमान कानुनी व्यवस्था बमोजिम योग्य भएको

(ख) मनोनयनको समयमा पार्टीको सदस्य भई यसका गतिविधिमा सक्रिय रूपमा सहभागी भएको

(ग) पार्टीका सदस्य तथा समितिहरूको उल्लेख्य विश्वास जित्न सकेको

(घ) उम्मेदवार बन्नका लागि उपयुक्त व्यक्तित्व, आम नागरिकहरूका पक्षमा काम गरेको, नीतिगत विषयहरूमा अपेक्षित बुझाइ तथा त्यसको कार्यान्वयनका सम्बन्धमा विगतमा काम गरी सफलता हासिल गरेकालाई बढी प्राथमिकता दिइनेछ ।

(२) उप दफा (१) बमोजिम उम्मेदवार मनोनयन गर्दा देहायको प्रक्रिया अवलम्बन गरिनेछ :

(क) कुनै तह/स्तरको आम/उप निर्वाचनको कम्तीमा छ महिना अगाडि सम्बन्धित तह/स्तरको महा/सचिव (राजनीतिक) ले इच्छुक व्यक्तिहरूलाई आफ्नो आकांक्षा औपचारिक रूपमा पेश गर्न आह्वान गर्नुपर्नेछ ।

(ख) कुनै तह/स्तरको निर्वाचनका आकांक्षी उम्मेदवारहरूले आफ्नो उम्मेदवारी सम्बन्धी रुचिलाई उक्त तह/क्षेत्रका कम्तीमा पाँचजना सक्रिय सदस्यहरूको समर्थन सहित सम्बन्धित तह/स्तरको महा/सचिव (राजनीतिक) समक्ष पेश गरी आम सदस्यहरूबाट निजहरूका बारेमा केही जानकारी वा विवरण उपलब्ध गराउन पर्ने भए गराउन आह्वान गर्नुपर्नेछ । त्यसरी प्राप्त विवरणहरूका बारेमा छानबिन गरी योग्य उम्मेदवारहरूको सूचीमा केही संशोधन गर्नुपर्ने भए सो गरी योग्य उम्मेदवारहरूको अन्तिम सूची प्रकाशित गर्नुपर्नेछ ।

(ग) सम्बन्धित तह/स्तरको महा/सचिव (राजनीतिक) ले पेश गरिएका आवेदन उपर आवश्यक छानबिन आफ्नो कार्य सम्पादन समितिबाट अनुमोदन गराई योग्य उम्मेदवारहरूको सूचीलाई पार्टी पङ्कति समक्ष जानकारी दिनुपर्नेछ । उक्त सूचीमा रहेका व्यक्तिहरूसँग पार्टीका विभिन्न समितिहरूले छलफल गरी उनीहरूको बारेमा थप बुझ्ने अवसर लिन सक्नेछन् ।

(घ) निर्वाचनको कम्तीमा दुई महिना अगाडि पार्टीका सक्रिय सदस्यहरू तथा उक्त उम्मेदवारीसँग सम्बन्धित तह/स्तरका समितिहरूको भार बराबर हुने गरी मतदान गर्नेछन् । उक्त मतदानमा सबभन्दा बढी भारित मत ल्याउने उम्मेदवारलाई पार्टीले मनोनयन गर्नेछ । तर यदि उक्त उम्मेदवारको बारेमा केही नयाँ तथ्यहरू उपलब्ध भई त्यसले निजको उम्मेदवारी तथा पार्टीको छविलाई नै नकारात्मक असर पार्ने देखिएमा जुन तह/स्तरका लागि उम्मेदवारी दिन लागिएको हो त्योभन्दा एक तह माथिको कार्य समितिबाट प्रस्ट कारण खुलाई उक्त मनोनयन रद्द गरी उनका निकटतम प्रतिद्वन्द्वीलाई उम्मेदवारका रूपमा मनोनयन गर्न सकिनेछ । संघीय तहका उम्मेदवारको हकमा संघीय समितिले गर्ने निर्णय नै अन्तिम हुनेछ ।

१२५. <u>सम्पर्क व्यक्ति</u>: (१) आयोगसँग निरन्तर सम्पर्क, समन्वय, सहकार्य र सहजीकरण गर्नका लागि पार्टीले देहाय अनुसार सम्पर्क व्यक्तिको व्यवस्था गर्नेछ :

(क) संघीय कार्य समितिको तर्फबाट निर्वाचन आयोगको केन्द्रीय कार्यालयमा सम्पर्कका लागि संघीय कार्य समितिको महासचिव (राजनीतिक) भएको जानकारी संघीय कार्य समितिको निर्वाचन भएको पाँच हप्ताभित्र आयोगको केन्द्रीय कार्यालयमा जानकारी दिइनेछ । निजले उक्त काम गर्न नसक्ने भएमा संघीय कार्य समितिको बैठकले निर्णय गरी माथि उल्लिखित समयसीमाभित्र आयोगलाई जानकारी दिनुपर्नेछ ।

(ख) प्रदेश कार्य समितिको तर्फबाट निर्वाचन आयोगको प्रदेश कार्यालयमा सम्पर्कका लागि प्रदेश कार्य समितिका सचिव (राजनीतिक) भएको जानकारी आयोगको प्रदेश कार्यालयमा दिइनेछ । निजले उक्त काम गर्न नसक्ने भएमा प्रदेश कार्य समितिको बैठकले निर्णय गरी माथि उल्लिखित समयसीमाभित्र आयोगलाई जानकारी दिनुपर्नेछ ।

(ग) जिल्ला समितिको तर्फबाट निर्वाचन आयोगको जिल्ला कार्यालयमा सम्पर्कका लागि जिल्ला समितिका सचिव (राजनीतिक) भएको जानकारी उक्त समितिको निर्वाचन भएको पाँच हप्ताभित्र आयोगको जिल्ला कार्यालयमा जानकारी दिइनेछ । निजले उक्त काम गर्न नसक्ने भएमा जिल्ला कार्य समितिको बैठकले निर्णय गरी माथि उल्लिखित समयसीमाभित्र आयोगलाई जानकारी दिनुपर्नेछ ।

(घ) स्थानीय तह समितिको तर्फबाट निर्वाचन आयोगको जिल्ला कार्यालय तथा स्थानीय तहका सम्पर्क व्यक्तिसँग सम्पर्कका लागि स्थानीय तह समितिका सचिव (राजनीतिक) भएको जानकारी उक्त समितिको निर्वाचन भएको पाँच हप्ताभित्र आयोगको जिल्ला निर्वाचन कार्यालय/स्थानीय तहका सम्पर्क व्यक्तिलाई दिइनेछ । निजले उक्त काम गर्न नसक्ने भएमा स्थानीय तह कार्य समितिको बैठकले निर्णय गरी माथि उल्लिखित समयसीमाभित्र आयोगलाई जानकारी दिनुपर्नेछ ।

(२) उप दफा (१) मा जनुसुकै कुरा लेखिएको भए तापनि निर्वाचन आयोगले निर्णय गरी माग गरे बमोजिम सम्पर्क व्यक्ति तोकी पठाउनु पार्टीको कर्तव्य हुनेछ ।

(३) उप दफा (१) र (२) बमोजिम तोकिएका सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :

(क) पार्टीको सम्बन्धित तह/स्तरको समितिको तर्फबाट आयोगसँग निरन्तर सम्पर्क र समन्वयमा रहने,

(ख) पार्टीको तर्फबाट आयोगमा पेश गर्नुपर्ने कागजात समयमा नै पेश गर्ने गराउने व्यवस्था मिलाउने,

(ग) आयोगबाट सम्बन्धित सम्पर्क व्यक्तिलाई लक्षित गरी तोकिएका कार्यक्रममा उसको तर्फबाट सहभागी हुने,

(घ) आयोगबाट प्राप्त, सूचना, जानकारी, निर्देशन आदि सम्बन्धित तहको समितिको अध्यक्ष र आवश्यकता अनुसार अन्य पदाधिकारीलाई तत्काल जानकारी गराउने,

(४) सम्पर्क व्यक्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२६. <u>कर्मचारी व्यवस्थापन</u>: (१) पार्टीले आवश्यकता अनुसार कर्मचारी भर्ना तथा कर्मचारीको सेवा शर्तका सुविधाहरू निर्धारण गर्न सक्नेछ ।

(२) कर्मचारी भर्ना तथा सेवा सुविधाको शर्त सम्बन्धी अन्य व्यवस्था कर्मचारी प्रशासन विनियममा तोकिए बमोजिम हुनेछ ।

१२७. सम्पत्ति विवरण सम्बन्धी व्यवस्था: (१) पार्टीको संघीय समितिका पदाधिकारी र सदस्यमा निर्वाचित भएको व्यक्ति निर्वाचित भएको साठी दिनभित्र आफ्नो चल तथा अचल सम्पत्तिको विवरण सिलबन्दी गरी पार्टीको संघीय कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

(२) उप दफा (१) बमोजिमको विवरण प्राप्त भएपछि कार्यालयमा त्यसको अभिलेख राखी सम्पत्ति विवरण पेश गर्ने र नगर्ने पदाधिकारी तथा सदस्यको नाम सम्पत्ति विवरण पेश गर्नुपर्ने अवधि नाघेको एक महिनाभित्र प्रकाशन गर्नुपर्नेछ ।

(३) उप दफा (१) बमोजिमको सम्पत्ति विवरण अनुसूची–११ बमोजिमको ढाँचामा बुझाउनु पर्नेछ ।

१२८. अधिकार प्रत्यायोजन: (१) महाधिवेशनले संघीय कार्य समितिलाई तथा सम्बन्धित तह/स्तरको अधिवेशनले सम्बन्धित तह/स्तरको कार्य समितिलाई महाधिवेशन वा अधिवेशनको अधिकार तोकिएको शर्त बमोजिम उपयोग गर्न प्रत्यायोजन गर्न सक्नेछ ।

स्पष्टीकरण: यस उप दफाको प्रयोजनको लागि “तोकिएको शर्त” भन्नाले अधिकार प्रत्यायोजन गर्दा सम्बन्धित महाधिवेशन वा अधिवेशनले तोकिदिएको शर्त सम्झनुपर्छ ।

(२) उप दफा (१) बमोजिम प्रत्यायोजन भएका अधिकार पुन: प्रत्यायोजन गर्न पाइने छैन ।

(३) सम्बन्धित तहको कार्य समितिको अधिकार सम्बन्धित तहको कुनै विभाग, समिति वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सकिनेछ ।

(४) अधिकार प्रत्यायोजन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२९. पार्टी एकीकरण हुन सक्ने: (१) पार्टीको संघीय समितिको कम्तीमा पचास प्रतिशत सदस्यको निर्णयबाट पार्टीमा अन्य कुनै पार्टी एकीकरण गर्ने वा अन्य पार्टीहरू समेत मिली नयाँ पार्टी गठन वा पार्टी एकीकरण गर्ने प्रस्ताव पार्टीमा पेश गर्न सकिनेछ ।

(२) उप दफा (१) बमोजिम आएको प्रस्ताव उपर पार्टीमा कम्तीमा दुई हप्ता छलफल गरी सबै सक्रिय सदस्यहरूले मतदान गर्न सक्नेछन् । उक्त मतदानमा सदर भएका मतको कम्तीमा दुई तिहाइ सक्रिय सदस्यहरूले पार्टी एकीकरण गर्ने पक्षमा मत हालेमा पार्टी एकीकरण गर्ने प्रस्ताव पारित हुनेछ ।

(३) यसरी एकीकरण हुने पार्टीको सम्पति तथा दायित्व समेत एकीकरण भई कायम भएको पार्टीमा रहनेछ ।

(४) पार्टी एकीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३०. विधानको व्याख्या: विधानको अन्तिम व्याख्या पार्टीको महाधिवेशन/महासमितिले गर्नेछ । महाधिवेशन/महासमिति नहुँदाको समयसम्म संघीय कार्य समितिले गरेको व्याख्या लागु हुनेछ ।

१३१. बाधा अड्काउ फुकाउने: (१) विधानको कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्चन आई परेमा पार्टीको संघीय कार्य समितिले बाधा अड्काउ फुकाउको निर्णय गर्नेछ ।

(२) उप दफा (१) बमोजिमको भएको निर्णय बमोजिम विधानमा आवश्यक संशोधन गर्नु पर्ने भए विधान बमोजिमको प्रक्रिया पूरा गरी तत्कालपछि बस्ने महाधिवेशन/महासमितिमा विधान संशोधनको प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) बाधा अड्काउ फुकाउको कार्यविधि तथा बाधा अड्काउ फुकाउ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३२. <u>संक्रमणकालीन व्यवस्था</u>: (१) सम्बन्धित तह/स्तरको समितिले महाधिवेशन वा अधिवेशनको घोषणा गरेपछि तत्काल कायम रहेको समिति महाधिवेशन वा अधिवेशन आयोजक समितिको रूपमा रुपान्तरण हुनेछ ।

(२) उप दफा (१) बमोजिम रुपान्तरण भएको समितिले महाधिवेशन वा अधिवेशनबाट अर्को समितिको निर्वाचन नभए सम्मको लागि सम्बन्धित तह/स्तरको कार्यकारी समितिको हैसियतमा नै कार्य गर्नेछ ।

(३) पार्टीको प्रथम राष्ट्रिय महाधिवेशन, प्रदेश अधिवेशन, जिल्ला अधिवेशन, स्थानीय तह, वडा तथा वुथ अधिवेशनबाट नयाँ नेतृत्व चयन नहुन्जेल संक्रमणकालीन व्यवस्था लागु हुनेछ ।

(४) पार्टीको प्रथम पटकको राष्ट्रिय महाधिवेशन, प्रदेश अधिवेशन, जिल्ला अधिवेशन, स्थानीय तह तथा वडा अधिवेशन एकैपटक क्रमश: गरिने छ र त्यसपछिको महाधिवेशन र अधिवेशन विधानले तोके बमोजिम हुनेछ।

(५) पहिलो महाधिवेशन नभएसम्म यस विधानको कार्यान्वयनमा कुनै कठिनाइ आए वा यसमा उल्लेख गरिएका संरचनाहरूको पदपूर्ति गर्नुपर्ने भए संघीय कार्य समितिले वा त्यसले अधिकार प्रत्यायोजन गरेका व्यक्ति, समिति वा निकायले गर्न सक्नेछ ।

(६) पार्टीको प्रथम महाधिवेशन अघि संघीय कार्य समितिले विधान संशोधन गर्न सक्नेछ । महाधिवेशन तथा तह/स्तरगत अधिवेशनहरू तथा आम निर्वाचनमा उम्मेदवार हुनेहरूका बारेमा मापदण्ड तोक्न समेत संघीय कार्य समितिलाई बाधा पर्ने छैन ।

(५) संक्रमणकालीन अवस्था सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३३. <u>नियमावली तथा बनाउन सक्ने</u>: (१) पार्टीको संघीय कार्य समितिले यो विधान बमोजिमको व्यवस्था कार्यान्वयन गर्न आवश्यकता अनुसार नियमावली बनाउन सक्नेछ । उक्त नियमावली समितिले पारित गरेपछि लागु हुनेछ ।

(२) उप दफा (१) बमोजिम पारित नियमावली स्वीकृत भएको १५ दिनभित्र आयोगको केन्द्रीय कार्यालयमा जानकारी गराउनुपर्नेछ ।

(३) विधानसँग बाझिएको नियम बाझिएको हदसम्म अमान्य हुनेछ ।

१३४. <u>कार्यविधि बनाउन सक्ने</u>: (१) पार्टीको संघीय कार्य समिति वा नियमावलीमा तोकिए बमोजिमको तह/स्तरका समितिले पार्टी सञ्चालन तथा विधान र नियमावली बमोजिमको व्यवस्था कार्यान्वयन गर्न कार्यविधि बनाउन सक्नेछ ।

(२) उप दफा (१) बमोजिम कार्यविधि स्वीकृत गरी कार्यान्वयन गरिएकोमा कार्यविधि स्वीकृत भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित तहको समितिले निकट माथिल्लो तहको समिति र आयोगको सम्बन्धित कार्यालयमा जानकारी गराउनु पर्नेछ । तर संघिय समितिले गरेको निर्णय आयोगमा दिइनेछ ।

अनुसूची–१

(दफा ५ सँग सम्बन्धित)

पार्टीको छाप

पार्टीको छाप देहाय बमोजिम हुनेछ :

सानो गोलाकारको बाहिर ठूलो गोलाकार रहेको दुई गोलाकारहरूको बिचमा देब्रेबाट दाहिनेतिर जाने व्यासको देब्रे विन्दु र दाहिने विन्दुमा एक एकओटा पाँचकुने तारा रहनेछन् । सानो गोलाकारभित्र दफा ६ बमोजिमको पार्टीको चिह्न रहनेछ । देब्रे ताराबाट दुई गोलाकारबिचको भागको माथितिर हुँदै दाहिने तारातिर जाने दिशामा दुई ताराबिचको भागमा "गतिशील लोकतान्त्रिक पार्टी" लेखिनेछ । देब्रे ताराबाट दुई गोलाकारबिचको भागको तलतिर हुँदै दाहिने तारातिर जाने दिशामा "संघीय कार्यालय काठमाडौँ २०८२" लेखिनेछ ।

पार्टीको छापको आकृति देहाय बमोजिम हुनेछ :

अनुसूची–२

(दफा ६ सँग सम्बन्धित)

पार्टीको चिह्न

पार्टीको चिह्न तथा त्यसको आकृति देहाय बमोजिम हुनेछ ।

पार्टीको चिह्न दीपज्योति रहनेछ । तीनओटा ठाडा र फरक फरक ज्योतिहरू रहेको एक ज्योतिपुञ्ज नै यस पार्टीको निर्वाचन चिह्न दीपज्योति हो । पहिलो ज्योति एक विन्दुबाट माथितिर घुमाउरो गरी लाग्दा उक्त विन्दुको दुवैतिरबाट देब्रे हुँदै फुल्दै जानेछ अधिकतम् मात्रामा फैलिएपछि थोरै दाहिनेतिर घुमाउरो गरी मोडिएर माथि एक विन्दुमा पुगेर टुंगिनेछ ।

तीन ज्योतिमध्ये पहिलो ज्योति नीलो, दोस्रो पहेँलो र तेस्रो हरियो हुनेछ । तीन ज्योतिमध्ये पहिलो ज्योतिको तलको विन्दु अरुको भन्दा माथि हुनेछ र त्यसको माथिल्लो विन्दु तेस्रो ज्योतिको माथिल्लो विन्दु सरहको उचाइमा हुनेछ । दोस्रो ज्योतिको तलको विन्दु पहिलोको भन्दा तल हुनेछ भने तेस्रोको दोस्रोको भन्दा पनि तल हुनेछ । दोस्रो ज्योतिको माथिको विन्दु पहिलो र तेस्रोभन्दा समान उचाइमा केही माथि हुनेछ । तीनै ज्योतिका तलका विन्दुहरू गोलाकार घडीको घण्टा सुईको क्रमशः आठ, सात र छ संकेत गरिने विन्दुहरू भएको स्थानमा हुनेछन् ।

तीनै ज्योतिको चौडाइ समान रहनेछ । कुनै एक ज्योतिको अर्को निकटतम ज्योतिबिचको फरक कुनै एक ज्योतिको अधिकतम् चौडाइको एक चौथाइ रहनेछ ।

## अनुसूची – ३
### (दफा ७ सँग सम्बन्धित)
### पार्टीको झण्डा

पार्टीको झण्ड देहाय बमोजिम हुनेछ :
चिह्नलाई सेतो पृष्ठभूमि रहेको वर्गाकार क्यानभासको बिचमा राखिनेछ । पहिलो ज्योतिको सबभन्दा देब्रे बिन्दुबाट वर्गाकार पृष्ठभूमिको देब्रे रेखासँग समानान्तर हुने गरी खिचिने रेखा तेस्रो ज्योतिको सबभन्दा दाहिने बिन्दुबाट वर्गाकार पृष्ठभूमिको दाहिने रेखासँग समानान्तर हुने गरी खिचिने रेखासँग पृष्ठभूमिका क्रमशः देब्रे र दाहिने रेखाबिचको दूरी बराबर रहनेछ ।

दोस्रो ज्योतिको सबभन्दा माथिल्लो बिन्दुबाट वर्गाकार पृष्ठभूमिको माथिल्लो रेखासँग समानान्तर हुने गरी खिचिने रेखा र तेस्रो ज्योतिको सबभन्दा तल्लो बिन्दुबाट वर्गाकार पृष्ठभूमिको तल्लो रेखासँग समानान्तर हुने गरी खिचिने रेखासँग पृष्ठभूमिका क्रमशः माथिल्लो र तल्लो रेखाबिचको दूरी बराबर रहनेछ ।

पार्टीको झण्डाको आकृति देहाय बमोजिम हुनेछ:

अनुसूची – ४

(दफा २२ को उप दफा (१) सँग सम्बन्धित)

पार्टीको दर्ता किताब

| क्रसं | नाम | स्थानीय तह | वडा | जिल्ला | प्रदेश | सदस्यता नम्बर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

अनुसूची – ५

(दफा २३ को उप दफा (१) सँग सम्बन्धित)

सदस्य सपथ ग्रहणको ढाँचा

……….. स्थायी ठेगाना भई ……… पार्टी सदस्यता नम्बर भएको म ………. पार्टीको विधानप्रति प्रतिबद्ध भई देशको विद्यमान कानुन बमोजिम पार्टीका उद्देश्यहरूलाई यसले निर्दिष्ट गरेका सिद्धान्त बमोजिम हासिल गर्न सक्रिय रहन कटिबद्धता व्यक्त गर्दछु ।

सदस्यको हस्ताक्षर

सदस्यको नाम

सदस्यता नम्बर

अनुसूची–६

**(दफा २५ को उप दफा (२) सँग सम्बन्धित)**

सङ्गठनात्मक संरचना

(अ) कार्यकारी समिति

- (क) महाधिवेशन,
- (ख) महासमिति,
- (ग) संघीय कार्य समिति,
- (घ) प्रदेश कार्य समिति,
- (ङ) जिल्ला कार्य समिति,
- (च) स्थानीय तह कार्य समिति,
- (छ) वडा कार्य समिति,
- (ज) वुथ कार्य समिति
- (ज) संघीय, प्रदेश, जिल्ला, स्थानीय तह, वडा कार्य सम्पादन समिति,
- (झ) विभाग
- (ञ) प्रदेश, जिल्ला, स्थानीय तह, वडा अधिवेशन
- (ट) प्रदेश, जिल्ला, स्थानीय तह, वडा परिषद्

(आ) संयोजनकारी समिति

- (क) संघीय निर्वाचन क्षेत्र समिति
- (ख) प्रदेश निर्वाचन क्षेत्र समिति
- (ग) सल्लाहकार समिति

(इ) पार्टीका आयोगहरू

- (क) पार्टीको निर्वाचन आयोग - संघीय, प्रदेश तह तथा जिल्ला स्तरमा
- (ख) न्याय तथा अनुशासन आयोग - संघीय, प्रदेश तह तथा जिल्ला स्तरमा
- (ग) लेखा आयोग/समिति - संघीय, प्रदेश तहमा लेखा आयोग तथा जिल्ला स्तरमा लेखा समिति

अनुसूची – ७

(दफा ५० को उप दफा (४) सँग सम्बन्धित)

विजयी उम्मेदवारको प्रमाणपत्र

............. तह/स्तरको ..................... पदका लागि भएको निर्वाचनमा ............ स्थायी ठेगाना भएका पार्टी सदस्यता नम्बर ........... भएका श्री ........................... निर्वाचित भएकाले निजलाई यो प्रमाणपत्र प्रदान गरिएको छ । यस कार्यकाल सफल रहोस् भन्ने कामना गर्दछौं ।

हस्ताक्षर

प्रमुख निर्वाचन अधिकृत

............... तह/स्तर

अनुसूची–८

(दफा ११२ को उप दफा (५) सँग सम्बन्धित)

नगदी रसिद/भरपाइ

गतिशील लोकतान्त्रिक पार्टी

क्र.स. निर्वाचन आयोग दर्ता नं:

…………………………. ले गतिशील लोकतान्त्रिक पार्टीको सदस्यता/सहयोग स्वरूप रु ………… अक्षरेपी मात्र प्रदान गर्नुभएको छ ।

बुझाउनेको हस्ताक्षर बुझिलिनेको हस्ताक्षर

## अनुसूची – ९

**(दफा ११६ को उप दफा (१) सँग सम्बन्धित)**

पार्टीको सम्पत्तिको लगत अभिलेखको ढाँचा

पार्टीको सम्पत्तिको विवरण**:**

१. फर्निचरहरूको विवरण:

क)

ख)

२. विद्‌युतीय उपकरणहरूको विवरण:

क)

ख)

३. किताब तथा स्टेसनरीहरूको विवरण:

क)

ख)

४. फिक्चर्सहरूको विवरण:

क)

ख)

## अनुसूची – १०

**(दफा ११९ को उप दफा (१) सँग सम्बन्धित)**

विधान संशोधनको ढाँचा

विधान संशोधनको तीन महले फारम

| क्र. सं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

संशोधन प्रस्ताव गर्नेको नाम: पार्टी सदस्यता नं.

संशोधनमा समर्थन गर्नेको नाम: पार्टी सदस्यता नं.

## अनुसूची–११

**(दफा १२७ को उप दफा (३) सँग सम्बन्धित)**

सम्पत्ति विवरण पेश गर्ने ढाँचा

१) सम्पत्ति विवरण पेश गर्ने व्यक्तिको व्यक्तिगत विवरण
क) पार्टीको संघीय सदस्यको नाम, थर : ख) पद :
ग) विवरण पेश गरेको निकाय : संघीय कार्यालय, काठमाडौँ । घ) विवरण पेश गरेको आ.व. :
ङ) स्थायी ठेगाना : जिल्ला : स्थानीय तहको नाम : वडा नं. : टोल: घर नं
च) स्थायी लेखा नं. : छ) पार्टी सदस्यता नं :
२. अचल सम्पत्तिको विवरण ः
(क) घर
१.

२.

३.

४.

(ख) जग्गा

१.

२.

३.

४.

५.

६.

७.

३. चल सम्पत्तिको विवरण ः

(क) नगद:

अ)

आ)

इ)

ई)

ई)

(ख) धितोपत्र, शेयर वा ऋणपत्रको विवरण

मेरो नाममा रहेको विभिन्न निजी/सार्वजनिक कम्पनीका शेयर तथा ऋणपत्रको विवरण
क)

ख)

ग)

घ)

ङ)

छ)

ज)

झ)

ञ)

ट)

ठ)

ड)

ढ)

ण)

(ग) ऋण लिए/दिए/तिरेको विवरण
अ)

आ)

(घ) सवारी साधन (अटोमोबाइलको हकमा मात्र) को विवरण

३. कृषि तथा पशुधन (घरजग्गा बाहेक) को विवरण

क)

ख)

४. अन्य सम्पत्तिको विवरण
अ)

आ)

इ)

ई)

उ)

ऊ)

मैले जाने बुझेसम्म माथि लेखिए बमोजिमको विवरण ठिक छ । फरक पर्ने छैन ।

नाम :

पद :
दस्तखत ः–
मितिः–
द्रष्टव्यः अघिल्लो आर्थिक वर्षमा पेश गरेको सम्पत्ति विवरणमा थपघट भएको विवरण यसै बमोजिमको फाराममा भरी पेश गर्नु पर्नेछ ।